# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमी

मानव सभ्यताको विकाससँगै खानानाना छाना पानी सुरक्षाएवम् व्यापारका निम्तीमानिस एक ठाउँबाट अर्को ठाउमा यात्रा गर्न उत्प्रेरित थिए । पहिले मानिसहरु घोडा चढेर वा हिडेर आफ्नो आवश्यकता पुरा गर्न यात्रागर्दथे । तर अहिले अत्याधुनिकजलवायु थल जस्ता द्रुत साधनहरुबाट यात्रागर्दछन् जुन पर्यटनको विकासक्रमहो ।(भाटिया, १९९१)

सामान्यतया घरबाहिर २४ घण्टा भन्दा बढी वा एक वर्ष भन्दाकम समयकालागि गरिने यात्रावामनोरञ्जन नै पर्यटन हो । पर्यटनमा आर्थिक क्रियाकलाप भएको हुनुपर्दछ । आर्थिक गतिविधी बिना पर्यटन बन्न सक्दैन । जस्तै एउटा जोगीले पर्यटनका सबै मापदण्ड पुरा गर्दछ । तर उसले आर्थिक क्रियाकलापनगर्ने भएकाले उ कहिल्यै पर्यटन बन्न सक्दैन । (शर्मर खरेल,२०६८)

पर्यटन तथा पर्यटन शब्दको उत्पति सन् १२९२ तिर भएको हो । वर्तमान समयमायसको अर्थ ब्यापकभएको छ । पर्यटन शब्द ल्याटिन भाषाको टोर्नोस बाट व्युत्पतिभएको हो । यसको अर्थ वृत वाचक बुझाउने उपकरण भन्ने बुझिन्छ । जहाँव्यक्तिचक्रको एक उत्पत्ति स्थानबाट भ्रमण स्थानहुदै पुनउत्पत्ति स्थानमै आई पुग्दछ । यहीअवधारणबाट नै राउण्ड ट्रिप वायात्राव्यवस्थापनहुदै पर्यटन शब्दको बिकास भएको हो ।( शर्मा र खरेल, २०६८)

नेपालको सामजिकआर्थिक रुपान्तरणमा पर्यटनव्यवसायको अत्यन्त ठुलो भुमिकारहेको हुन्छ । यसको मुख्य कारण नै यहाँको प्राकृतिक सौन्दर्यहिमाल पहाड तराई र विभिन्नतालतलैया र झर्ना एवम् उकालीओरालीहुन् । विभिन्नजातजातिकाबसोबास चाडपर्व भाषार संस्कृतिएवम् यहाँको धार्मिक विश्वास मठमन्दिर र धार्मिक स्थलहरु हुन् । पर्यटनलाई एउटा उद्योगको रुपमाव्यवसायको रुपमाबिकास गरियो भने नेपालमारहेको गरिबीर बेरोजगारी न्युनिकरण र राष्ट्रिय आयमा वृद्धि गर्दै जनताको जीवनस्तर उकास्ने सम्भावनाहरु रहेको सन्दर्भमा भनिएको छ । नेपाल पर्यटन व्यवसायकालागिउर्वराभुमिहो । (गुरुङ्ग, २०८

विश्वमा बढिरहेको आर्थिक असमानतालाई न्युनिकरण गनुपर्दछ भन्ने विषयमाविभिन्न देशहरुमा फरक फरक प्रकारका छलफल सेमिनार गोष्ठी अध्ययनहरुले राष्ट्रिय तथाअन्तराष्ट्रिय अध्ययनतथाविश्लेषणको आधारमा कुनै व्यक्तिवा समुह स्थानीय कला संस्कृति रितीरिवाजखानपानभाषा दृश्यावलोकन आदिमा रमाउँदै बस्ने बासस्थान नै ग्रामीण घरबास सेवा हो । जहाँपाहुनाहरुलाई आकर्षण गर्न फरक फरक प्रकारको स्वागततथाबिदाई कार्यक्रम गरिन्छ । ग्रामीण घरबास सेवा समय सापेक्ष माग हो ।किनभने पर्यटन व्यवसायीहरु सुविधा सम्पन्न सहरमा मात्र ठुलो लगानी गर्ने र यसबाट प्राप्तहुने नाफाउनीहरुलेमात्रउपभोग गरी राख्दा पर्यटकीय फाइदाबाट एउटा ग्रामीण क्षेत्रमा बस्ने मानिस बञ्चितहुने भएकाले उनीहरुलाई कसरी यसको फाइदापुयाउन सकिन्छ भन्ने सन्दर्भमा होमस्टेले महत्वपुर्ण भुमिका खेलेको पाइन्छ । (प्रसाई, २०७५)

नेपालमागाउँ पर्यटनको प्रबर्द्धन तथाविकासका कारण आन्तरिक पर्यटक संख्यामाबिस्तारै वृद्धि भएको छ । विश्वकाउच्चहिमश्रृङखलाएवम् मनोरम पहाडी श्रृङखला मठ मन्दिर भाषाधर्म संस्कृतिर परम्पराका साथै मानवअनुकुलहावापानी, नेपालीजनताको आतिथ्यप्रदान गर्ने विशिष्ट शैलीका कारण विश्वको ध्यानआकर्षण गर्न सक्ने नेपाली ग्रामीण पर्यटनकोप्रशस्त सम्भावनाभएको देश हो । अनुपमप्राकृतिक सौन्दर्य प्रचुर जैविकविविधताबहुजातियबहुभाषिकसामाजिकविविधताएवम्
ऐतिहासिकतथा साँस्कृतिक सम्पदाले भरिपुर्ण नेपाललाई विश्व पर्यटनमानचित्रमा एक प्रमुख पर्यटकीय गन्तव्य स्थलका रुपमा चिनीन्छ । हिमाल पहाडर तराईको संयुक्तअवस्थित नेपाल र नेपालीको गौरवशालीपहिचान बनेको छ । देशकाप्रमुखशहरका पर्यटकीय गतिविधीबाहेक शहर बाहिर पर्यटनसँग जोडिने सबै गतिविधी ग्रामीण पर्यटनसँग सम्बन्धित छन् । गाउँघरका मौलिकपहिचानखानपान स्थानीय रितीरिवाजकलातथा सँस्कृतिआदिवासीजनजातीको मौलिकविशोषतालाई प्रबर्द्धन गर्न तिनको संरक्षण गर्न र यस्ता कार्यक्रमले मद्धत गरेको छ ।होमस्टेले ग्रामीण क्षेत्रको आर्थिक सामाजिक र साँस्कृतिकपहिचानको प्रबर्द्धनकालागिराम्रो काम गरेको छ । (कडेल, २०७५)

मानिसहरुको यात्रा गर्ने क्रमआजआएर तुरुन्तै भएको होइन यो त नियमितप्रक्रिया नै हो । विभिन्न समयमामानिसहरुले फरक फरक उद्देश्यका साथयात्रा गरेको पाइन्छ । फेरी ध्यान पुऱ्याउनुपर्नेपक्षभनेको सबै यात्राहरु पर्यटनसँग सम्बन्धित समेत हुदैन । हामीले

आजभोली परिभाषित गर्ने गरेको आधुनिक पर्यटनको स्वरुप तुरुन्तै बिकास भएको पनिहोइन बरु यसकालागि पर्यटन उद्योगमालामो इतिहास भएको पाइन्छ । स्पष्टताका साथभन्नुपर्दा सुरुको अवस्थामा पर्यटनमा वाविशेष गरेर भन्नुपर्दा यात्राको सन्दर्भमा उसको उद्देश्य आनन्दको लागिथिएन । आनन्दकालागियात्राको अवधारणको बिकास धेरै समय पछाडी मात्रै बिकास भएको देखिन्छ । (खरेल, २०६८)

पर्यटन उद्योगको बिकास र बिस्तारसँगै वर्तमानअवस्थामाआइपुग्दायसको क्षेत्र र दायरामा समेत व्यापकबिस्तार र प्रबर्द्धन हुदै आएको पाइन्छ । मानिसहरुको चाहाना इच्छा तथा सोखमाबिस्तार तथाविविधताआउनेक्रमतीब्र भएका कारणले यसको असर पर्यटनको क्षेत्रमा समेत ब्यापकबिस्तार भएको देखिन्छ । हिजो पर्यटनको क्षेत्र सामान्यमात्रामाथियो जस्तै धार्मिक तीर्थ स्थलहरुको भ्रमण गर्ने तथा केहीप्राकृतिकतथा ऐतिहासिकआकर्षण स्थलहरुको भ्रमण गर्नु तर आजयसको क्षेत्रमाआमुल परिवर्तन भएर आएको छ । गन्तव्य स्थलको क्षेत्रमामात्र परिवर्तन भएको नभएर यसमाकाम गर्ने तथा संलग्नहुनेहरुको क्षेत्रमा समेत परिवर्तन र बिस्तार भएको छ । आजपर्यटन उद्योग विश्वकै सबैभन्दा ठुलो उद्योगको रुपमा स्थापितहुनुको कारण यसको क्षेत्रमाभएको व्यापकताले समेत हो । पर्यटन उद्योगभित्र धेरै उद्योगहरु अटाउन सक्ने भएकाले स्वभाविक रुपमाती सबै उद्योगहरु समेत पर्यटन उद्योगको क्षेत्रभित्र पर्दछन । जस्तै : होटल रेष्टुरेन्ट उद्योग ट्राभल्स एजेन्सी प्राकृतिक सम्पदाहरु जस्तै हिमाल पहाड खोलानालापोखरीतालतलैया डाँडाकाडाँ लगायतअन्य सामाजिकतथा ऐतिहासिकमहत्वका स्थल वस्तुहरु रहनसहन साँस्कृतिहरुले गर्दा पनि पर्यटकहरुको सङख्या बढेको छ । (खरेल, २०६८)

पर्यटनको विकासक्रमलाई मावनउत्पत्तिसँगै जोडनुपर्छ र यसको इतिहास यात्राबाट सुरु भएको मान्नुपर्छ । बाध्यताले व्यवसायको खोजी र आनन्दआदिले यात्रालाई सुरु गराउँदछ । हामीयतिखेर मात्रपर्यटन शब्दको प्रयोग गर्दछौं । जुनबेलामानिसहरु आफ्नो अन्यकामव्यवसायवा दैनिकीबाट समय निकालेर आनन्दवामनोरञ्जनकालागि पैसा खर्च गरेर घुम्न जानतयार हुनथाले र यसको व्यवस्थापनपनिनाफाको व्यवसायबन्न सक्छ भन्ने भयो ।( पुरी, २०६३)

एक्काइसौं शताब्दीकालागि पर्यटन अपरिहार्य उद्योगको रुपमा अगाडी बढिरहेको छ । धुवारहितउद्योगका रुपमा परिचित पर्यटन व्यवसाय नै अबको विश्वको आर्थिक

उन्नति सामाजिकप्रगति साँस्कृतिकपहिचान र प्राकृतिकमहत्वकालागिआधारशिलाबन्दैछ । मानवीय गुणको रुपमा रहेको पर्यटन र यसलाई दिनप्रतिदिन सरल सुगम र सम्भव बनाउने यात्रा संसारमा मानिसको अस्तित्वभएदेखि अन्त्यनहुदासम्म सकिदैन ।बरु मानवियविकाससँगै यसले नयाँनयाँ स्वरुपलिएर अगाडी बढ्दै जान्छ । अतीतदेखि वर्तमानसम्मको कुरा गर्ने हो भने प्राचीनमानिसहरुले हिडेर यात्रा गरे यसपछीको मानिसहरुले जनावरको प्रयोग गरे स सानाबग्गीबनाए रेल आयो हवाइजहाजआधुनिक मोटर गाडी छ र यात्राधर्तीमा मात्रहोइनआकाशीय पिण्डहरुका लागि रकेट बनेका छन् । चन्द्रमा सम्ममानिसहरु पर्यटक भएर पुगेका छन् । वर्ष वर्षपछिका लागिअहिले देखि पालो पर्खन थालिएको छ । पृथ्वी साँघुरो तर सुविधायुक्तभएको छ ।कि एउटा मान्छे केहीबेर अगाडी टेलिफोन गरेर लण्डनमा ब्रेकफास्ट खान पुग्छ यही मान्छे न्युर्योकमा लन्चखाना भ्याउछ र डिनरका लागि उ टोकियोमा भेटिन सक्छ । मानिस संसारका सबै प्राणिहरु भन्दा सर्वश्रेष्ठ छ । तीब्र स्मरण शक्ति र क्रियाशिलताले मानिसलाई कहाँबाट कहाँसम्म पुयाउछ यसको परिकल्पना स्वयम् मानिसले नै गर्न सकिरहेको छैन । समग्रमा वैज्ञानिकहरु भन्छन् । हाम्रो पृथ्वीको स्वरुपपाँच करोड वर्ष पहिले तयार भयो । तीन करोड वर्ष पहिले जीवको अस्तित्व देखियो र हामी मान्छे झण्डै दुई करोड बर्ष पहिले देखि यो पृथ्वीको भोग गरिरहेका छौं र हाम्रो यात्रा हाम्रो उत्पत्तिसँगै सुरु भएको हो ।

अविकसीत देशहरुमा बढ्दै गएको बेरोजगारी समस्याहल गर्न पनि पर्यटन व्यवसाय एउटा भरपर्दो माध्यमबनेको छ । दक्षअर्धदक्ष र स्थानीय स्तरका व्यक्तिहरुको पुर्ण र अंशिक रोजगारी क्षेत्र पनि पर्यटन व्यवसाय बनेको देखिन्छ । आर्थिक फाइदाको अतिरिक्त राजनितीक र सामाजिक सुदृढिकरणका लागि साँस्कृतिकआदानप्रदानपनि यस व्यवसायबाट भइरहेको देखिन्छ । अहिले पर्यटन व्यवसायविश्वमाचम्किदै गएको प्रमुखव्यवसाय बनेको छ । जसमा माध्यमबाट समग्र देश बिकासको परिकल्पना गरिन थालिएको छ । बिसौ शताब्दीको अन्तिमअवस्था सम्म आइपुग्दा पर्यटन उद्योग विश्वव्यापारको रुपमा आगाडी आउने पुर्वाधारको बिन्दुमा रहेको थियो भने अब एक्काइसौ शताब्दीको लागी यो चुनौतीबिहीन बनेर देखापरेको छ । अविकसीत देशहरुकालागिआर्थिक उन्नति र विकासकालागि यो देशको प्राकृतिक र साँस्कृतिक सम्पदा र व्यवस्थित पर्यटक व्यवसाय बनेको छ भने विकसीत देशहरुकालागि बढदो बेरोजगारी कम गर्ने प्राकृतिक र साँस्कृतिक सम्पदाको संरक्षण र

व्यवस्थीत गरी प्रकृति र मानव बिच समन्वयकायम गरी मानवीयउपयोगीताको दिगो बिकास गर्ने क्षेत्र पनि पर्यटन नै भएको छ। (पुरी, २०६३)

नेपालमाहोमस्टेको सुरुवातभएको गण्डकी प्रदेश प्राकृतिकभौगोलिक जैविक सामाजिक साँस्कृतिकलगायतविविधविधामा अग्रस्थानओगटेको प्रदेश हो । होमस्टेका पिता रुद्रमान गुरुङ्गको सिरुवारी दक्षिण एसियाकै नमुनागाउँहो । यसैगरी घलेगाउँबारपाकबन्दीपुर सिकलेस पुनहील अमलटारी पञ्चासे क्षेत्र गण्डकी प्रदेशको महत्वपुर्ण पर्यटकीय र होमस्टे सञ्चालन गरेको क्षेत्र हो । जहाँ हिमालतालतलैयागुफाधार्मिक ऐतिहासिकस्थल राष्ट्रिय निकुञ्ज संरक्षित क्षेत्र जैविकविविधता अध्ययन अनुसन्धानगर्ने क्षेत्र हो । यहीप्रदेशमा रहेको पोखरा पर्यटकीय राजधानीको रुपमा परिचित छ ।(होमस्टे दर्पण, २०७५)

## १.२ समस्याको कथन

प्राकृतिक सुन्दरताको रमणिय स्थल नेपाल विश्वसामु एक पर्यटकीय गन्तव्यका रुपमा परिचित छ । विश्वको चित्रमा एसिया महादेशको मध्य भागमा अवस्थित नेपाल प्राकृतिको मनोरम दृश्यद्धारा सुसज्जित एक बहुभाषिक, बहुधार्मिक, बहुजातिय, बहुसाँस्कृतिक लोकतान्त्रिक स्वतन्त्र अभिभाज्य सार्वभौकसत्ता सम्पन्न देश हो ।

पर्यटनएउटाबहुआयमिक अवधारण तथा क्रियाकलाप हो । जसलाई विभिन्न संघ संस्था व्यक्तिहरुले फरक फरक ढंगले परिभाषित गरेको पाइन्छ । सामान्य हिसाबले हामी पर्यटनका बारेमा सोच्दछौं । हामी मुख्यतया यस्ता मानिसहरुलाई सम्झन्छौं जो कुनै विशेष नवीन स्थानको भ्रमणमा रहेको होस । अथवा छुटी मनाउनलाई नयाँ ठाउँमा निस्कीएको होस । यस्ता मानिसहरुले आफ्नो फुर्सदको समय विभिन्न फरक फरक ढङगले व्यत्ति गरिरहेका हुन सक्छन् । जस्तै नाचेर खाएर अनुसन्धान गरेर पढेर वा अन्य कुनै पनि हिसाबले हुन सक्दछ ।

अङग्रेजी भाषाको टुरिजम शब्द ल्याटिन भाषाको टोर्नसबाट उत्पत्ति भएको हो । यसको अर्थ वृत बुझाउने उपकरण वा यन्त्र भन्ने बुझिन्छ । यसबाट हामी बुझ्न सक्छौ की पर्यटन शब्द घुम्ने क्रियाकलापसँग प्रत्यक्ष रुपमा सम्बन्धित छ । यसै शब्दबाट नै राउण्ड ट्रिप वा टुर प्याकेजको अवधारण बिकास भएको हो ।

पर्यटनलाई सबैभन्दा पहिले परिभाषा गर्नेहरु मध्येका एकजना अस्ट्रियन विद्धान हुन् । उनले सन् १९१० मा दिएको परिभाषा अनुसार पर्यटन भनेको कुनै निश्चित राष्ट्र, शहर अथवा क्षेत्रभित्र र बाहिर विदेशीहरुको प्रवेश बसोबास र घुमफिरसँग प्रत्यक्ष सम्बन्ध भएको र मुख्य रुपले आर्थिक प्रकृतिको क्रियाकलाप हो । (खरेल, २०७०)

पर्यटनको विकासक्रमलाई हेर्दा यो आज आएर तुरुन्तै भएको होइन यो त नियमित प्रक्रिया हो । विभिन्न समयमा मानिसहरुले फरक फरक तरिकाले फरक फरक उद्देश्यका साथ यात्रा गरेको पाइन्छ । पहिला पहिला यात्राको उद्देश्य मुख्यतया व्यापार व्यवसाय र धार्मिक तिर्थस्थलहरु सँग सम्बन्धित थियो । यसै समयमा छिमेकी मुलुक भारत चीन तिब्बत तथा नेपालमा समेत थुप्रै व्यापारिक यात्राहरु भएको प्रमाणहरु भेट्न सकिन्छ । व्यापार तथा व्यवसायका लागि यात्रा गर्ने मानिसहरुको संख्या त्यसबेला निकै ठुलो संख्यामा थियो । कतिपय विद्धानहरु नयाँ नयाँ ज्ञान प्राप्त गर्नका लागि पनि विभिन्न नयाँ ठाउँहरुमा यात्रामा निस्केको पाइन्छ । कतिपय साहित्यको अध्ययनबाट यात्रीहरुले ज्ञानको खोजीमा आफ्नो जीवनको धेरै समयहरु व्यक्त गरेका छन् । त्यसबेला विभिन्न सभ्यता संस्कृतिको अध्ययन भएको देखिन्छ । यही अध्ययनहरुले नै अहिले पर्यटनको जग निर्माण गर्न ठुलो सहयोग मिलेको छ ।

पर्यटन व्यवसाय अहिले विश्वमा धुवाँ रहित आय आर्जन प्राकृतिक सम्पदाको संरक्षण र रोजगारीको लागि एउटा उद्योगको रुपमा स्थापित भएको छ । लामो समयदेखि खेती किसानी गाउँ घरमा काम गर्दे आएका मानिसहरु र बेरोजगारीका रुपमा गाउँमा रहेका मानिसहरुलाई यस अध्ययनमा समेटी उनीहरुको होमस्टे सञ्चालनबाट हुने तथा खेती किसान व्यापार व्यवसाय र रोजगारीबाट आएको आम्दानीलाई यस अध्ययनमा समेटीएको छ ।

पर्यापर्यटनसँग सम्बन्धित विभिन्न अध्ययन तथा अनुसन्धान लाई हेर्दा ग्रामीण घरबास सञ्चालनजका ढाँचाहरु अध्ययन गर्ने र ग्रामीण घरबास सेवा र यसका सामाजिक आर्थिक आयामहरु र समस्याहरुको अवस्थालाई हेरिएको छ । तसर्थ यस ठाउँमा सञ्चालन गर्दे आइरहेको होमस्टे व्यवसाय सञ्चालन गर्ने व्यक्तिहरु खुसी छ की छैन आम्दानीको अवस्था कस्तो छ, होमस्टे सञ्चालनबाट आएको रकमलाई कसरी प्रयोग गरिएको छ भन्ने विषयलाई केन्द्र बनाई अध्ययन गर्न लागिएको छ । यस अध्ययनले यस व्यवसायमा लागेका

व्यक्तिहरुले कसरी बचत गरिएको छ भन्ने अवस्थालाई अध्ययन गरेको छ । अध्ययन क्षेत्र पोखरा महानगरपालिका वडा नं २३ र अन्नपुर्ण गाउँपालिका वडा नं ४ भदौरे रहेको छ ।

मुख्य रुपमा समस्याको कथन अन्तर्गत केही प्रश्नहरुलाई लिएको छ । ग्रामीण घरबास सेवा सञ्चालनको अवस्था कस्तो छ, आम्दानीको अवस्था कस्तो छ, कस्ता खालका पर्यटकहरु बढी आउने गर्दछन्, होमस्टे सञ्चालन गर्दा कस्ता कस्ता समस्याहरु आए, समस्याको समाधान कसरी गर्नुहुन्छ, यस व्यवसायले दैनिक जिवनमा परिवर्तन आयो कि आएन, यो व्यवसाय प्रति आम मानिसको दृष्टिकोण कस्तो रहेको छ, यसलाई बिस्तार र अझ प्रभावकारी बनाउन के गर्न सकिन्छ,जस्ता प्रश्नहरु समस्याको रुपमा रहेका छन् ।

## १.३ अध्ययनको उद्देश्य

नेपालविविधजातजातीभाषाभाषीधार्मिक साँस्कृतिकप्राकृतिक सामाजिकविशेषताले सु सम्पन्न एक स्वतन्त्र राष्ट्र हो । यहाँ आफ्नै किसीमको रितीरिवाज रहनसहन सामाजिकमुल्यमान्यताहरुका साथै प्राकृतिक साँस्कृतिक सम्पदाहरु प्रशस्त रहेका छन । नेपालमा पर्यटन व्यवसायको महत्वपुर्ण योगदान रहेकाले यसको बारेमा अध्ययन गर्न जरुरी छ ।

यस अध्ययनको सामान्य उद्देश्यमाकास्कीजिल्लापोखरा महानगरपालिका वडा नं. २३ र अन्नपुर्ण गाउपालिका वडा नं. ४ मा अवस्थितपञ्चासे क्षेत्र वरिपरीकागाउँमाग्रामीण घरबास सेवा सञ्चालन गर्ने व्यवसायीहरुको बारेमा अध्ययन गर्नु हो भने यसको विशिष्ट उद्देश्य र सामान्य उद्देश्य निम्न रहेका छन् ।

### १.विशिष्ट उद्देश्य

ग्रामीण घरबास सञ्चालनका ढाँचाहरु अध्ययन गर्ने ।

### २. सामान्यउद्देश्य

ग्रामीण घरबास सेवाका सामाजिक आर्थिक आयामहरु र समस्याहरु अध्ययन गर्ने ।

## १.४ अध्ययनको सिमा

प्रत्येकअध्ययन अनुसन्धाननिश्चितअवधिमानिश्चित उद्देश्य प्राप्त गर्नका लागि गरिने भएकाले यहीसिमाको आधारमा यस अध्ययन गरिएको छ । यस कार्य ग्रामीण भेगकाग्रामीण घरबास सेवा व्यवसायमा संलग्नव्यवसायिकहरुका सम्बन्धमा गरिएकाले यसबाट प्राप्त परिणामपनि सोहीअनुसारको छ । यसबाट प्राप्तजानकारी यस्तै अन्य स्थानको लागिलागु नहुनपनि सक्दछ । तसर्थ यस अध्ययन क्षेत्रबाट प्राप्त सुचनालाई सबै स्थानको लागि सामान्यीकरण गर्न सकिदैन ।

## १.५ अध्ययनको महत्व

नेपालविश्वमाआर्थिक रुपमा पछाडी रहेको छ । नेपालमाप्राकृतिक साँस्कृतिकधार्मिक सम्पदाहरु प्रशस्त रहेका छन् । यसको प्रचार प्रसार गर्न सके पर्यटन व्यवसायले यहाँको मानिसहरुको जीवनस्तर उकास्न र देशको चौतर्फी विकासको लागि एक बलियो आधार बन्न सक्दछ । यसकारण वर्तमान समयमा पर्यटन व्यवसायप्रतिमानिसहरुको आकर्षण धेरै मात्रामा बढेको पनि छ । यस व्यवसायमा ग्रामीण स्तरका जनसमुदायहरुको सहभागिता कस्तो छ र घरबास पर्यटन व्यवसायले पर्यटन विकासमामहिलाहरुको आर्थिक बचतलाई कस्तो मदत पुऱ्याएको छ भन्ने विषयमा यस अध्ययन सार्थक हुनेछ । ग्रामीण घरबास सेवा व्यवसायमा आबद्ध महिला सहभागिता कस्तो छ भन्ने विस्तृत अध्ययन गर्न महत्वपुर्ण सहयोग मिल्छ यस किसीमको अध्ययन यस वडामा यस अघि नभएकाले यो अध्ययन गरिएको छ । यस अध्ययनले ग्रामीण घरबास सेवासँग आबद्ध सरकारी तथा गैर सरकारी संघसंस्था यस क्षेत्रमाकाम गर्ने व्यक्तिहरुलाई धेरै नै सहयोगीभुमिका खेल्ने छ ।

## १.६ संगठनात्मक ढाँचा

यस शोध पत्रलाई जम्मा ६ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय अन्तर्गत अध्ययनको पृष्ठ भुमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, यसको महत्व, सिमाहरु र अनुसन्धानका आधारभूत मान्यताहरुलाई समावेश गरिएको छ ।

दोस्रो अध्यायमा यस सोध पत्रको सौद्धान्तिक समिक्षा तथा पुर्व साहित्यको पुनवरालोकन अन्तर्गत सौद्धान्तिक समिक्षा नेपालमा पर्यटनको विकास ग्रामीण र शहरी क्षेत्रमा यसले पारेको प्रभाव पर्यटन विकासमा रणनितीहरु ग्रामीण पर्यटन उद्योगमा

जनसमुदायको सहभागिता त्यस सम्बन्धि तालिम र त्यसले ल्याएको परिवर्तन पूर्व अध्ययनको समिक्षा र अवधारणात्मक ढाँचालाई समावेश गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान क्षेत्र छनौटको औचित्य अनुसन्धानको ढाँचा तथ्याङ्क स्रोत एवम् प्रकृति तथ्याङ संकलन विधी पूर्व परक्षण प्राथमिक र विश्वसनियता कार्य क्षेत्रका कठिनाई र तथ्याङक विश्लेषण एवम् प्रस्तुतीकरणलाई समावेश गरिएको छ । यस ग्रामीण पर्यटन व्यवसायमा संलग्न मानिसहरुको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन भौगोलिक अवस्थित हावापानी जलवायु जातजाती धर्म संस्कृति घर धुरी सर्वेक्षण उमेर समुह धर्म परिवारको प्रकार वैवाहिक स्थिती बनोटको आधारमा घरको प्रकार घरबारी खेतबारी पाखो खोरिया धानबाली मकै कोदो भट्मास आलु खाना पुग्ने समय प्रमुख आम्दानीको प्रमुख स्रोतहरु सन्तुष्टि असनतुष्टि आदि समावेश गरिएको छ ।

चौथो अध्यायमा घरबास पर्यटनका सामाजिक तथा आर्थिक संरचनाहरु ग्रामीण घरबास सेवापर्यटनका सामाजिक तथा आर्थिक संरचनाहरु पञ्चासे वरपरका होमस्टे पर्यटन क्षेत्रको सामाजिक इतिहास घरबास पर्यटनका लागि छनौट हुनका आधारहरु उत्तरदाताको भु-स्वामित्वको वर्गीकरण कृषि उत्पादन र ग्रामीण घरबास सेवा सम्बन्ध ग्रामीण पर्यटनका आम्दानीका ढाँचाहरु घरबास पर्यटनको सामाजिक बजारीकरणका अभ्यास र यसले पर्यटनले ल्याएको प्रभाव आदि समेटिएको छ ।

पाँचौं अध्यायमा घरबास पर्यटनमा देखिएका प्रभाव र समस्याहरु पर्यटन व्यवसायमा रहेकासमस्याघरबासपाहुँनाबाटहुनेसमस्या भाषागत समस्या भाषासमस्याका समाधानका उपायहरु र उत्तरदाताको भाषागत समस्या समाधानका उपायहरु र घरबास पर्यटनले ल्याएका प्रभावहरु समेटिएको छ ।

छैटौं अध्यायमा अध्ययनको सारांश मुख्य प्राप्ति निष्कर्ष र सुझाव र भौगोलिक अवस्थितीलाई समेटिएको छ ।

# अध्यायदुई

# सन्दर्भ साहित्यको पुनवरालोकन

नेपालमापर्यापर्यटन ग्रामीण घरबास सेवा ग्रामीण पर्यटन पर्यावरण सँग सम्बन्धितविभिन्न लेखहरु कृतिहरु प्रकाशितभएका छन् । नेपाल सरकारसँग मिलेर यस क्षेत्रमा पर्यटनको बिकासर बिस्तारको काम गर्न विभिन्नसंघसंस्थामिलेर काम गरिरहेको छ । पर्यटनलाई विश्वबजारमा एउटा उद्योगको रुपमालिइएको छ । यहीउद्योगलाई सञ्चालन गर्नकालागि सरकारले विभिन्ननितीतथा नियमहरु कार्यविधीहरु बनाएको छ । यससँग सम्बन्धितविभिन्न विज्ञहरुको लेखहरु अनुभवहरु प्रकाशित कृतिहरु यससँग सम्बन्धितअध्ययन अनुसन्धानबाट प्राप्तनिष्कर्ष तथ्याङ्क र तथ्यका आधारमा प्रकाशित कृतिले महत्वपुर्ण भुमिकाभएकाले ती सामग्रीहरुलाई पुर्व साहित्यअध्ययनको रुपमालिइएको छ ।

## २.१ पर्यटनको विकास

मानिसहरुको यात्रा गर्ने कम आज आएर तुरुन्तै भएको होइन यो त नियमित प्रक्रिया नै हो । विभिन्न समयमा मानिसहरुले फरक फरक उद्देश्यका साथ यात्रा गरेको पाइन्छ । तर सबै यात्राहरु पर्यटन सँग सम्बन्धित हुदैनन् । आजभोली हामीले परिभाषित गरेको आधुनिक पर्यटनको स्वरुप पनि तुरुन्तै बिकास भएको पनि होइन यसका लागि पर्यटन उद्योगमा लामो इतिहास भएको पाइन्छ । पर्यटन उद्योगले यसको विकासकममा धेरै खुडकिलोहरु पार गरेर यो अवस्थामा आइपुगेको छ । हिजो प्रविधी यातायात तथा सञ्चारको बिकास नभएको अवस्थामा पर्यटनको विश्वव्यापीकरण समेत सम्भव नभएको देखिन्छ । पर्यटन उद्योगलाई अध्ययन गर्न विश्वव्यापीकरण रुपमा पर्यटन उद्योगको बिकासलाई ३ चरणमा विभाजन गरिएको छ ।

### पहिलो चरण

औद्योगिक कान्ति भन्दा अगाडि यात्राको उद्देश्य मनोरञ्जन आराम आनन्द वा रमाइलो गर्ने भन्ने सन्दर्भसँग कमै सम्बन्धित थियो । यस समयको यात्रा व्यापार व्यवसाय र धार्मिक क्रियाकलाप सँग सम्बन्धित थियो । यस समयमा व्यापारिक उद्देश्यका साथ पैदल

यात्रामा निस्कने गर्दथे । यसको अलवा केही समाजको उपल्लो वर्गका व्यक्तिहरु धार्मिक यात्राको लागि निस्कने गर्दथे । कतिपय विद्धानहरु नयाँनयाँ ज्ञान प्राप्त गर्नका लागि विभिन्न नयाँ नयाँ ठाउँमा निस्कने गरेको पाइन्छ ।

**दोस्रो चरण**

औद्योगिक कान्तिको सुरुवात सँगसँगै पर्यटन बिकासको दोस्रो चरणको पनि सुरुवात भएको पाइन्छ । यसले पर्यटन क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको पाइन्छ । औद्योगिकरणले तत्कालिन सामाजिक संरचनामा परिवर्तन ल्याएको पाइन्छ । हिजो सम्भ्रान्त परिवारका सदस्यहरु मात्रा यात्रामा संलग्न भएको देखिन्छ भने यस पश्चात नयाँ मध्यम वर्गीय परिवारको समेत जन्म भयो र अधिकांश मानिसहरुको आम्दानीमा समेत वृद्धि भयो जुन पर्यटन उद्योगको एउटा कोशेढुङगाको रुपमा स्थापित भयो । यो समय नै पहिलोपल्ट आनन्दको लागि यात्राको अवधारण विकास भयो । यसपछि मानिसहरु ठुलो संख्यामा भ्रमणमा निस्कन थाले । तसर्थ युरोपका विभिन्न ठाउँहरुमा रिर्सोट पार्क तथा रमाइलो गर्ने क्षेत्रहरुको निर्माण भएको पाइन्छ । जहाँ व्यस्त जिवनबाट मुक्त पाउनको लागि भिड लाग्ने गरेको पाइन्छ । जसले पर्यटन उद्योगमा व्यवसायीकरणको अवधारणको आधारशिला निर्माण गरेको पाइन्छ ।

**तेस्रो चरण**

आधुनिक पर्यटनका सबै पक्षहरुको बिकास भएको अवस्था हो । पर्यटन उद्योगमा नयाँ नयाँ अवधारण र स्वरुपहरुको बिकास अहिले पनि भइरहेको पाइन्छ । आजभोली मानिसहरुको यात्राप्रतिको मनोवृत्तिमा फरक आएको पाइन्छ । अहिले यात्रालाई एउटा अनुभव र शिक्षाको प्राप्तिसँग जोडेर हेर्ने प्रवृतिको बिकास भएको पाइन्छ । तुलनात्मक रुपमा मानिसहरु बढी व्यस्त र तनावपुर्ण बन्दै गइरहेकोले यात्रा प्रतिको चासो बढेर गएको छ । आजको सुचना तथा प्रविधीको र यातयातको कारणले पनि गन्तव्य स्थलहरुको बारेमा जानकारी लिन र पुग्न सरल र सहज भएको छ । खाना र बस्नको लागि सुविधा सम्पन्न होटल तथा रेष्टुरेन्टहरु प्रशस्त मात्रामा छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था तथा संगठनहरु जस्तै WTO, NTB, TAN, HAN, HOSSANजस्ता संगठनको बिकासले गर्दा पनि सहयोग पुगेका छ । (खरेल,२०७०)

## २.२ नेपालमा पर्यटनको बिकास

नेपालमा पर्यटनको बिकास सन् १९५० पछि मात्र भएको पाइन्छ । पर्यटन र पर्यटनको इतिहास पुरानो नभए पनि यात्रा र भ्रमणको इतिहास भने मानव इतिहासको प्रारम्भ देखि नै भएको पाइन्छ । जहाँ मानिसहरु शिकार खोज्ने उद्देश्य लगायत विस्तारै धार्मिक र व्यापारिक उद्देश्यका लागि पनि भ्रमण गरेको पाइन्छ । (क्षेत्री र रायमाझी, २०५७)

पर्यटन विकासको इतिहास नेपालमा त्यत्ति पुरानो छैन । विश्मा नै पर्यटन बिकास मुख्यगरी दोस्रो विश्वयुद्ध पछि मात्र द्रुत गतिमा भएको पाइन्छ । नेपालमा पर्यटनको इतिहासलाई खोतल्दै जाने हो भने मञ्जुश्रीले काठमाण्डौ उपत्यकाको पानी चोभारको डाडाँ उनको खडगले काटी बाहिर जाने प्रबन्ध मिलाएर काठमाण्डौं उपत्यकालाई तलाउको स्वरुपबाट मानव बस्ती बस्न सक्ने अवस्थामा ल्याइदिए तब नै काठमाण्डौं उपत्यकाबाट पर्यटनको इतिहास सुरु भएको पाइन्छ । मञ्जुश्रीले काठमाण्डौं उपत्यकालाई मानव बस्तीको रुपमा बिकास गराएपछि केही तिब्बतीयन चिनीयाँ र भारतीयहरु नेपाल आएको पौराणिक ग्रान्थहरुमा उल्लेख छ ।

सन् १९५५ मा नेपालले संयुक्त राष्ट्रसंघ UN को सदस्यता प्राप्त गरे पश्चात नेपाललाई विश्व स्तरमा चिनाउन सहज बन्न थाल्यो । जसले आधुनिक पर्यटनलाई अगाडी बढाउन सहज बनायो । यसैगरी सन् १९५३ मा एड्मन हिलारी र तेन्जिङ नोर्गे शोर्पाले विश्वको शिखर सागरमाथा आरोहण गर्यो । त्यस पश्चात नेपालतर्फ पर्वतारोहीहरु आकर्षित हुन थाल्यो र नेपाली पर्यटन उद्योगे फड्को मार्न सफल भयो ।

सन् १९५५ मा रुसी नागरिक Boris Lissanevitchले रोयल होटलको स्थापना गरे पश्चात नेपालमा होटलहरुको विस्तार भएको पाइन्छ । सन् १९५६ पछि सरकारले तथा अन्य साझेदारीहरुले समेत पर्यटनलाई महत्व दिन थालेको पाइन्छ । सन् १९७७ मा पर्यटन उद्योगको महत्वलाई आत्म साथ गर्दै पर्यटनमन्त्रालयको स्थापना भयो । यस मन्त्रालयले पर्यटन सम्बन्धि निती योजना निर्माण गर्ने कार्यान्वयन गर्ने तथा पर्यटन सँग सम्बन्धित विभिन्न निकायहरुको बीचमा समन्वय गर्ने तथा पर्यटनसँग सम्बन्धित निती नियमहरु बनाउने ऐन कानुनहरु बनाउने र स संग सम्बन्धित क्रियाकलापहरु गरेको पाइन्छ ।

पर्यटन उद्योगको विकासको शिलशिलामा सन् १९६२ मा  त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल पोखरा विमानस्थल तथा नगरकोट ककनी दामन भैरहवा आदि ठाउँहरुमा पर्यटन सुचना केन्द्रहरु खुलेका छन् । यसले गर्दा अन्तराष्ट्रिय जगतमा नेपालको पहिचान बढेर गयो । नयाँ पर्यटकीय गन्तव्य स्थलहरुको बिकास भयो । निजी क्षेत्रहरुको पर्यटन उद्योगमा संलगनता बढेर गयो । यातयातको साधनहरु सडक यातयात हवाई यातयातको बिकास भयो । होटल रेष्टुरेन्टहरुको बिकास र विस्तारले निरन्तरता पायो ।

विभिन्न राष्ट्रिय निकुञ्जहरु संरक्षित क्षेत्र आयोजनाहरु राष्ट्रिय वनहरुले पनि पर्यटकीय आकर्षण बढ्यो । आनन्दको लागि यात्रा भनेर आन्तरिक पर्यटकहरु पनि निस्कन थाले । पर्यटनसँग सम्बन्धित विविध संघ संस्थाहरु WTO, PATA, SATA,को नेपालले सदस्यता प्राप्त गर्यो ।

नेपालको पर्यटन उद्योगको विकासमा विभिन्न अन्तराष्ट्रिय निकायहरुको पनि महत्वपुर्ण योगदान रहेको देखिन्छ । जसमा विशेष गरी एशियन बिकास बैङ्कADBतथा विश्व बैङ्क World Bankको सहयोग सरहानीय छ ।

नेपालको पर्यटन उद्योगको बिकासका लागि सन् १९९० मा ADBले २० बर्षे पर्यटन बिकास योजना अन्तर्गत यातयात क्षेत्रको बिकास र प्राकृतिक साँस्कृतिक सम्पदा र पर्यटकीय क्षेत्रमा होटल रिर्सोट तथा अन्य सुविधाको बिस्तार गर्न साथै पर्यटन नितीको घोषण गरेको पाइन्छ । यसै समयको अर्को महत्वपुर्ण कार्य भनेको सन् १९९९ मा पर्यटन बोर्डको स्थापना हो । जसले सार्वजनिक निजी साझेदारीमा पर्यटन उद्योगलाई अगाडि बढाउन महत्वपुर्ण भुमिका निर्वाह गरेको पाइन्छ । व्यापक मात्रामा निजी क्षेत्रको परिचालनले गर्दा नयाँ नयाँ अवधारणा र गन्तव्यस्थलहरुको विकास भएको पाइन्छ । जसले गर्दा ग्रामीण पर्यटनको रुपमा हेमस्टेको अवधारणले पनि पर्यटकहरुको मन जित्न थालेको छ । (खरेल,२०७०)

## २.३ नेपालमा पर्यटकीय गतिविधी

नेपालको साँस्कृतिक र प्राकृतिक सम्पदाको आधारमा नेपाल विश्व पर्यटन बजारको महत्वपुर्ण सम्भाव्यता स्थलमा लिन सकिन्छ । तर यसको विकासमा राष्ट्रिय स्तरमा सरकार पर्यटन व्यवसायी र स्थानीय व्यवस्थापन अत्यन्त जरुरी छ । हाल भइरहेको गतिविधिका आधारमानेपालमामाउन्टेन क्लाइमिङ, ट्रेकिङ, बर्ड बाचिङ, माउन्टेन फ्लाइट, रक क्लाइमिङ,

र्‍याफ्टिङ, क्यानोनिङ, हट एयर बलुन, बन्जी जम्प, प्याराग्लाइडिङ, माउन्टेन बाइकिङ, अल्ट्रा लाइट, जंगल सफारी जस्ता कार्यहरुले व्यापकता पाइरहेको छ ।

विशेषगरी विदेशी पर्यटकहरुलाई नेपाल प्रवेश गरेपछि मुख्य पर्यटकीय स्थल भनी काठमाण्डौं, भक्तपुर, पाटन, पोखरा, लुम्बिनी, चितवन, धुलिखेल, मुक्तिनाथ, जोमसोम, गोर्खा लगायतका स्थानमा व्यवस्थित भ्रमण गराउने गरिन्छ । हाल नेपालमा साँस्कृतिक सम्पदा अन्तर्गत स्वयम्भू, बौद्धनाथ, चाँगुनारायण, भक्तपुर, पाटन, काठमाण्डौं, दरबार स्क्वायर, पशुपतिनाथ, लुम्बिनी, प्राकृतिक सम्पदामा सगरमाथा, नेश्नल पार्क, चितवन राष्ट्रिय निकुञ्ज, विश्व सम्पदा सुचिमा रहेका पर्यटकीय स्थलहरु हुन् । यस्तै पदयात्राको लागि सागरमाथा क्षेत्र, अन्नपुर्ण पदयात्रा मार्ग, अन्नपूर्ण र पोखरा मार्ग , हेलम्बु गोसाइकुण्ड, लाङटाङ क्षेत्र, रारालेक क्षेत्र, डोल्पा क्षेत्र र कञ्जनजंघा क्षेत्रहरु रहेका छन् ।

## २.४ नेपालमाग्रामीण घरबास सेवा पर्यटनको अवधारण

नेपालको आर्थिक बिकास र सामाजिक उन्नतिका लागि एकमात्र विकल्परहित पर्यटन उद्योग र त्यससँग सम्बन्धित ग्रामीण घरबास सेवा पर्यटन अहिले नेपालको ग्रामीण विकास र समुन्नत समाज निर्माणका लागि पनि राष्ट्रिय प्राथमिकतायुक्त कार्यक्रम हो । ग्रामीण घरबास सेवा नेपालको हिमाली क्षेत्र पहाडी क्षेत्र र तराईका गाउँ गाउँ सम्म क्षेत्रीय र समानुपातिक विकासका लागि समेत व्यवस्थापन गर्न सकिने अधिक जनसहभागितामुलक उपयोगी र प्रभावकारी एवम् तत्काल प्रतिफल दिन सक्ने व्यवसाय हो ।

कम राष्ट्रिय लगानीमा राष्ट्रिय अर्थतन्त्रमा समेत दरिलो र निरन्तर सहयोग पुयाउन ग्रामीण घरबास सेवालाई नेपालमा नियमित र व्यवस्थित गर्ने गराउने कार्य अहिले नेपाल सरकारको अहम् चाहाना भए पनि यसलाई दिगो, गुणस्तरीय, लक्ष्य निर्धारित पर्यटनको रुपमा दीर्घकालीन प्रतिफलयुक्त बनाउने दायित्व भने सम्बन्धित समुदाय पर्यटन व्यवसायी र पर्यटनसँग सम्बन्धित प्रतिनिधीमुलक संस्थाहरुको हुनुपर्दछ । सरकार त्यसका लागि मार्ग निर्देशक र सहयोगी मात्रा हो ।

ग्रामीण घरबास सेवा लाई कार्यमुलक बनाउनुभन्दा अगाडी यसको बिश्लेषण हुनुपर्दछ अनि त्यसको आधारमा नेपालको भौगोलिक अवस्था, पुर्वाधारको विद्यमान स्वरुप, धर्म सँस्कृति, स्थानीय सामाजिक संरचना, चेतनाको स्तरलगायतका विषयहरुलाई मापन गरी व्यवस्थापनका सवालहरु फरक फरक रुपमा बन्नुपर्दछ । जसले यसलाई नियमित र

व्यवस्थित गर्न सकोस् । ग्रामीण घरबास सेवा वास्तवमा कुनै पर्यटकको आफ्नो रुचि र इच्छाअनुसारको विषयमा स्थलगत रुपमा आफैं साक्षात्कार हुने निश्चित दिन वा अवधिको यात्रा हो । आनन्द, मनोरञ्जनका साथै ज्ञानका लागि यो नितान्त आर्थिक करोबारमा हुने सेवामुलक र धुवाँ रहित उद्योग व्यवसाय हो ।

## २.५ नेपालमा होमस्टे पर्यटन

नेपालको सम्बन्धमा होमस्टे नयाँ शब्द भएपनि परम्परा पुरानै हो मुल व्यवस्थापन भनेको व्यवसायीकरण हो । हामी पाहुनालाई खर्च गरेर खुसी बनाउने गर्दथ्यौं भने अब होमस्टेमा हामीले निर्धारण गरेको सुविधामा उनीहरुले खर्च गरेको आधारमा सेवा उपलब्ध गराएर उनीहरुलाई पल्काउने कोसिस गर्दछौं । नेपालको कानुनले यसलाई विधिवत् सुरुवात नगरे पनि झन्डै १३/१४ वर्ष अगाडी देखि नेपालका गाउँहरुमा समुदायको सक्रियतामा यस्तै कार्यक्रमहरु सञ्चालित छन् । केही सहर र धार्मिक स्थलहरुमा व्यक्ति विशेषले पनि यसलाई सञ्चालन गरी फाइदा उठाइरहेकै छन् ।

नेपालको प्राकृतिक सम्पदा, साँस्कृतिक सम्पदा र भौगोलिक अवस्थाले निर्माण गराएको प्रत्यक्ष परम्परा, संस्कार र सामाजिक स्वरुप, लोकपरम्परा, विविध कृषि प्रणलीजस्ता कुराहरु पर्यटकका लागि अतुलनिय, रोमान्चक र मनोरञ्जनपूर्ण छन् । नेपालमा यस्ता विषयगत कुराहरुको खोजी, पहिचान, अध्ययन र त्यसको होमस्टेसँगको नाता गाँस्न सके गाउँ र शहर दुवैमा होमस्टे पर्यटनको प्रचुर सम्भावना छ । पर्यटकीय उत्पादन योजना र बिकास बजार व्यवस्थापन वितरण र प्रबर्द्धन यसका आधारशिलाहरु हुन् । यसको व्यवस्थापन नीति नियमका आधारमा राष्ट्रिय स्वार्थभन्दा विपरीत हुनुहुँदैन । वास्तवमै यो नेपालको ग्रामीण क्षेत्रको विकास एवम् परिवर्तन र त्यहाँ उपलब्ध प्राकृतिक र साँस्कृतिक सम्पदाको राम्रो बजार हो ।

नेपालको सन्दर्भमा होमस्टे पर्यटन नमुनागत र प्रस्तावित दुई रुपमा सामुदायिक पहलमा सञ्चालन गर्दै जानु उपयुक्त हुन्छ । अहिले यसले कानुनी मान्यता नपाइसकेको अवस्था भए पनि होमस्टे पर्यटनको जग बसिसकेका केही स्थानहरु बाहेकका क्षेत्रहरुमा यसलाई बाह्रैमास सञ्चालन गर्नु पनि हुदैन । विशेषत साँस्कृतिक पर्यटनको हिसामा समेटिने होमस्टे पर्यटनका लागि सम्बन्धित समुदायको क्यालेन्डरलाई फोकस बिन्दु मानिनुपर्दछ । साँस्कृतिक विषयमात्र होइन नेपालको कृषि प्रणाली र प्राकृतिक मौसम एवम् वातावरण पनि

यसमा समावेश गर्न सकिन्छ । जसले यसलाई सम्बन्धित समाजमा थप नगदेबालीको रुपमा उनीहरुको आर्थिक गतिविधीमा स्थापित गराउन सकोस् ।

नेपालको शैक्षिक स्तर व्यवसायिक विकास धार्मिक साँस्कृतिक र सामाजिक परम्परा र चेतना तथा नेपालमा भएको आन्तरिक पर्यटन र नेपाल प्रवेश गर्ने विश्व पर्यटकका स्तर चाहाना र लगानीका अर्थमा होमस्टे पर्यटन सामुदायिक रुपमा अधिक प्रभावकारी राम्रो हुन्छ र त्यही सम्भावना देखिन्छ । नेपालमा होमस्टे संचालनका लागि राज्यको मुल नियमको आधारमा सम्बन्धित क्षेत्र वा समुदायको बेग्लाबेग्लै नियम र कार्य प्रणली बन्नुपर्दछ । समाजमा आर्थिक उपयोगिताको लागि व्यक्तिगत र समुदायको लगानी, आम्दानी र कर प्रणालीजस्ता विषयहरु पारदर्शी हुनुपर्दछ । यसले सम्बन्धित समुदायलाई जिम्मेवारी र दायित्वको बोध पनि गराउन सक्दछ । यस्ता विषयहरुमा समूयामुलक समाधानका लागि कानुनी प्रक्रिया भिन्दा भिन्दै रुपमा पनि संसोधन वा परिमार्जत हुदै जानुपर्दछ । होमस्टे पर्यटन नेपालमा बढ्दै गएको असमान बिकास र विविधताले गर्दा नेपालको आन्तरिक पर्यटनको पनि सहज र ठुलो हिस्सा बन्न सक्छ भने विश्व पर्यटनको त सदाबहार बजार बनिरहन जान्छ ।

## २.६ नेपालमा होमस्टे पर्यटनको सञ्चालन

नेपालमा होमस्टे पर्यटन भौगोलिक आधारमा अनि धर्म संस्कृति परम्परा जातजाती कृषि एवम् आर्थिक गतिविधी प्राकृतिक सुन्दरता जीवजन्तु तथा पछी बोटविरुवा तथा जडीबुटी हिमाल ताल नदीका हिसाबले विश्वभरका सबैखाले र सबै उमेरका लागि गन्तव्य स्थल हो । नेपालको होमस्टे पर्यटनले उनीहरुको रुचीलाई स्थलगत रुपमा नै साक्षत्कार गराउने भएकोले यो अध्ययन र अनुसन्धानको सजिलो माध्यम पनि हो । बिदा मनाउन वा मनोरञ्जन पर्यटन वा त्यससँग सम्बन्धित पर्यटक मात्रा नभएर धर्म सँस्कृति अनुसन्धानकर्ता वैज्ञानिक विद्यार्थी प्राध्यापकको समेत होमस्टे पर्यटनमा सहभागिता बढेको छ । विश्व संस्कृतिक पर्यटनको वृद्धिका लागि त महत्वपुर्ण अंग हो ।

विश्वमा देखिएको होमस्टे गतिविधीलाई हेर्दा नेपालको सन्दर्भलाई जोड्दा मुख्य रुपमा जुन गाउँघर वा समुदायमा यसलाई सञ्चालन गर्ने हो त्यहाँ राज्यको पर्यटनसँग सम्बन्धित निकाय स्थानीय प्रशासन र प्रहरी समुदायको सम्बन्धित संस्था होमस्टे सञ्चालन गर्ने घरमुलीको समन्वय र सहयात्राको महत्वपूर्ण भुमिका रहेको हुन्छ । यसले आफ्नो

क्षेत्रमा हुने होमस्टेको परिचय उद्देश्य लक्ष्य आवासीय सेवा तथा सुविधा बजार व्यवस्था खर्च लाभ आदिको योजना दैनिकी र प्याकेट कार्यक्रमको निर्माण स्वीकृत र कार्यान्वयन राष्ट्रिय ऐन नियम तथा नितीका आधारमा ती कुराहरुको बजार व्यवस्थापन गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटनसँग सम्बन्धित वा सो कार्यलाई व्यवसाय बनाउनेहरुको दरिलो बजार व्यवस्थापन हुनुपर्दछ । जसबाट होमस्टे पर्यटकहरु आफ्नो चाहाना रुचिको पहिचान गर्न आफ्नो सुविधा आफ्नो सहभागिता आफुले गर्न हुने र नहुने कार्यको बारेमा सुसूचित हुन पाउँदछन् र होमस्टे सञ्चालक वा तिनका परिवार र पर्यटकबीच सौहार्दपूर्ण सम्बन्ध स्थापित हुनसक्दछ । जसबाट पर्यटक होमस्टे सञ्चालक समुदाय र राष्ट्र सन्तुष्ट उत्साहित र फलदायी बन्न र महसुस गर्न सक्दछ ।

## २.७ नेपालमा होमस्टे पर्यटनको विकास र दिगो व्यवस्थापन

नेपालको वास्तविक धरातल नेपालमा प्रवेश गर्ने अधिकांश पर्यटकहरुको स्थिती भन्दा भिन्न छ । पर्यटन आर्थिक गतिविधी भएकोले विकसित देश र धनी देशका मानिसहरु नै विश्व पर्यटनको ठुलो हिस्सा हुन् । पर्यटनमा रहरले भन्दा पनि क्षमताले भुमिका राख्दछ । हामी विकासोन्मुख देशका नागरिक भएकोले हाम्रो मानसिकता राजनितीक आर्थिक सामाजिक शैक्षिक जस्ता कुराहरुमा परिस्कृत छैनन् । यसको प्रत्यक्ष प्रभाव होमस्टे पर्यटन सञ्चालन प्रसारप्रचार र बजारीकरणमा पनि पर्दछ । ठुलो समस्या न्यूनतम पर्यटकीय ज्ञानसमेत हासिल नगरी व्यवसायमा पस्ने, पर्यटनको सौद्धान्तिक ज्ञान र विश्व पर्यटनको अध्ययन र विश्लेषण बिना नै ऐन नियमको तर्जुमा गर्ने ,पर्यटन र होमस्टे पर्यटनका विविध विषय वा त्यस सँग सम्बन्धित न्युनतम ज्ञान तालिम अनुभव बिना नै कार्यस्थलमा उभिने समुदाय वा व्यक्तिले वा परम्पराले होमस्टे व्यवस्थापनको क्षमता अभिवृद्धि सहजीकरण र प्रबर्द्धन गराउदैन । यसका लागि होमस्टे पर्यटनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाउने बेग्लाबेग्लै समुह वा वर्गहरुको पहिचान गरी शिक्षा सीपमूलक तालिम पुर्व अनुभवको मूल्याङकन र परिमार्जन मुखी कार्यक्रमहरु सोही क्षेत्रका विज्ञ र अनुभवीको सहयोग र सहभागीतामा तय थरी थालिनुपर्दछ ।

होमस्टे सम्बन्धि प्रस्तावित नीति रणनिती होमस्टे पर्यटन सञ्चालनको संस्था निर्माण संस्थागत बिकास समन्वय यसको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरसम्मको सञ्जाल प्रवर्द्धन बजारीकरण जस्ता विषयहरुमा  राज्यको ऐन नियम नीति प्रक्रियाको माथिल्लो निकायबाट

विश्लेषण अध्ययन र रणनिती तर्जुमा भइराख्नुपर्दछ भने पर्यटनसँग सम्बन्धित निकाय र सम्बन्धित संघ संस्थाको सक्रियतामा युवा जनशक्तिलाई पूर्णत सदुपयोग र सहभागिता गराइनुपर्दछ । हाम्रो क्षमता भौगोलिक अवस्था धार्मिक साँस्कृतिक र सामाजिक अवस्थालाई मध्यनजर राख्ने हो भने नेपालमा होमस्टे पर्यटनका लागि छिमेकी देशहरु भारत र चीनका पर्यटकहरु अझ धेरै उपयोगी बन्न सक्दछन् । जसको भौगोलिक अवस्था धर्म सँस्कृति भाषा खानपान जस्ता कुरामा दुवैलाई न्युनतम जानकारी वा ज्ञान छ । त्यसपछिएसियाका अन्य देशहरु र युरोप अमेरिकाका पर्यटकहरु हाम्रा ग्राहक बन्न सक्दछन् ।

## २.८ होमस्टे सञ्चालन कार्यविधी २०६७

हाल नेपालमा होमस्टे पर्यटनलाई वैधानिक रुपमा सञ्चालन गर्न कार्यविधी तयार गरेको छ । तर कार्य अनुभव र अध्ययनका कमीका कारण प्रकाशित कार्यविधी व्यवहारिक र दीर्घकालीन प्रयोजनका लागि भने धेरै समस्यायुक्त रहेको खिन्छ तर पनि नेपालमा होमस्टे सुरुवातलाई भने यसले औपचारिकता दिएको छ । यसलाई नेपाल सरकारबाट २०६७।४।३ मा स्वीकृत गरेको छ ।

ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने ग्रामीण पर्यटनको माध्यमबाट विपन्न महिला मधेशी आदिवासी जनजाती र आलसम्म समेट्न नसकिएका समुहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन निती २०६५ अनुसार नेपालका ग्रामीण भेगका तथा सहरी समेत होमस्टेको माध्यमबाट पर्यटनको विकास प्रबर्द्धन व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधी नारी गर्न आवश्यक भएकाले नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयले देहाय बमोजिमको होमस्टे सञ्चादन कार्यविधी २०६७ बनाई जारी गरेको छ ।

### २.८.१ होमस्टेको वर्गीकरण

१. कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे ।
२. ग्रामीण सहरी क्षेत्रमा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रुपमा वर्गीकरण गरिएको छ ।

### २.८.२ होमस्टे सञ्चालनका मुख्य उद्देश्यहरु

होमस्टे सञ्चालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुयाउने, ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराउने, ग्रामीण समुदायको आयस्रोत वृद्धि गरी जीवनस्तर वृद्धि गर्ने, ग्रामीण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने, ग्रामीण जनजीवन साथै संस्कृतिका बारेमा जानकारी दिने, होमस्टे आवास सुविधा मात्र नभई पर्यटकलाई रीतिरिवाज कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने, सहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।

### २.८.३ होमस्टेका लगि पर्यटकीय क्रियाकलाप

१. होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप परम्परागत खेलमा सहभागी गराउने उपलब्ध हुने क्षेत्रमा जंग ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ ।

२. सामान्यतया होमस्टेले देहायबमोजिमका कार्यक्रमको आयोजना गर्नु पर्नेछ ।

- स्थानीय सांस्कृतिक नाचगान तथा फूलमालाका साथ पर्यटकको स्वागत गर्ने,
- पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा साँस्कृतिमा आधारित साँस्कृतिक कार्यक्रमहरुको प्रस्तुति मेला जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने,
- साँस्कृतिक सम्पदा संग्रहालय घरेलु तथा हस्तकला सामग्री उत्पादन केन्द्र स्थल दृश्यावलोकन जंगल वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,
- स्थानीय कृषि घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनताबीच जीवनशैली कला साँस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको अदान प्रदान गराउने,
- पर्यटकको बिदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनोसहित फुलमाला पहिराउने ।

**२.८.४ होमस्टे व्यवस्थापन तथा सञ्चालन**

१. सामुदायिक होमस्टे सञ्चालन गर्न चाहाने सञ्चालकहरुले साधारण भेला गरी देहायबमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिती गठन गनुपर्नेछ ।

| | |
|---|---|
| क. समुदायका सदस्यहरुबाट एकजना | अध्यक्ष |
| ख.समुदायका सदस्यहरुबाट एकजना | उप अध्यक्ष |
| ग. समुदायका सदस्यहरुबाट एकजना | कोष अध्यक्ष |
| घ. समुदायका सदस्यहरुबाट एकजना | सदस्य |
| ङ समुदायका सदस्यहरुबाट एकजना | सदस्य सचिव |

२. होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

३. होमस्टे व्यवस्थापन समितीको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

- पर्यटकीय क्रियाकलापहरु र पर्यटकहरुले पालना गनुपर्ने आचारसहिताको बारेमा जानकारी गराउने,
- आगन्तुक पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,
- पर्यटकको दर्ता व्यवस्था गर्ने,
- आयव्ययायको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,
- प्रत्येक होमस्टेको नियमित अनुगमन गनुपर्ने,
- स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,
- स्थानीय वातावरण परम्परा शैली तथा संस्कृतिको संरक्षण गर्ने,
- साँस्कृतिक कार्यक्रमहरुको प्रदर्शन व्यवस्थापन गर्ने,
- पर्यटकहरुको स्वास्थ्य उपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने,
- होमस्टेको साइनेज तथा लोकेशन म्याप तयार गर्ने,
- पर्यटन आवासगृहमा उपलब्ध हुने सुविधा तथा मेनु मुल्य निर्धारणमा एकरुपता कायम गर्ने,

- प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र पर्यटक संख्या प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन महाशाखा र कार्यालयमा पठाउने,
- होमस्टेको विकस प्रवर्द्धन तथा व्यवस्थापनको लागि अन्य आवश्यक कार्याहरु गर्ने,
- जिल्ला स्थित होमस्टे समन्वय समिती र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने,
- पर्यटकहरुले देख्ने स्थानमा सुचना राख्ने,
- होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

४. जिल्ला होमस्टे समन्वय समितीको काम कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ ।

- जिल्ला स्थित होमस्टे व्यवस्थापन समितीहरुबीच समन्वय र सहजीकरण गर्ने,
- पूर्वाधार बिकास र क्षमता अभिवृद्धि सम्बन्धि कार्य गर्ने,
- पर्यटकलाई स्वास्थ्य सम्बन्धि जनचेतना जगाउने,
- आकस्मिक स्वास्थ्य सम्बन्धि सहयोग र समन्वय गर्ने,
- सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,
- बाटो पदयात्रामार्ग भ्युटावर खानेपानी स्वास्थ्य चौकी जस्ता साना पुर्वाधारहरु बनाउने वन बनाउन सम्बन्धित स्थानिय निकायलाई सहयोग गर्ने ।

### २.८.५ होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

प्रत्येक सामुदायिक घरबास पर्यटनका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर हुनु पर्नेछ । एक आपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको घरहरु मौलिक संस्कृति झल्कने र हावाहुरी जङगली जनावर आदीबाट सुरक्षित हुनु पर्नेछ । घरबासमा पाहुनाको लागि कम्तीमा एउटा अलगै कोठा अथवा एक कोठामा बढिमा २ वटा ओछ्यान मात्रा हुनु पर्नेछ । त्यसमा एउटा डोरम्याट कार्पेट वा गुन्द्री र सफा नरम खालको तन्ना र ओढ्नेको व्यवस्था हुनु पर्नेछ । कोठामा बिजुली बत्ति लालटिन पानस वा मैनबत्तीको व्यवस्थाको साथसाथ एक कपडा राख्नको लागि ह्यागर पनि आवश्यक पर्दछ । सुत्ने कोठामा धुवाँ आउन हुदैन, कोठामा स्थानीय संस्कृति झल्कने तस्विरहरु भए राम्रो हुन्छ र फोहोर फाल्ने एक टोकरी एक टेबल र एक जोडा चप्पलको व्यवस्था हुनु पर्नेछ । शौचालय सफा हुनु पर्नेछ र नुहाउनको लागि एक बाथरुमको पनि व्यवस्था हुनु पर्नेछ । त्यहाँ एक बाल्टी मग र टाबेलहुनुपर्दछ ।

होमस्टे व्यवसाय सञ्चालन गरी बसेका व्यवसायीहरुको भान्छाकोठा सपा हुनु जरुरी छ । उक्त भान्छाकोठा नजिक गाई भैंसीको गोठ हुनु हुदैन । भान्छामा सुधारिएको चुलो भए उपयुक्त हुन्छ । पिउने पानी सफा फिल्टर गरेर वा उमालेर राखेको हुनुपर्दछ । सानाहरु सफा हुनुपर्दछ । खाना खाजाको मेनु भए राम्रो हुन्छ । सुत्ने कोठामा राम्रो सरसफाई भएको हुनुपर्दछ । लामखुट्टे उडुस आदीबाट सुरक्षित हुनुपर्दछ । ठाउँठाउँमा सार्वजनिक शौचालयहरु पनि हुनुपर्दछ ।

# अध्यायतीन

# अनुसन्धान पद्धती

यस अनुसन्धानविधिमा अनुसन्धानको क्रममाप्रयोग गरिएका पद्धतिहरुको बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा संख्यात्मक र गुणात्मक तथ्याङ्क तथा सुचना संकलन गर्न विभिन्नविधीहरु अपनाइएका छन । यो अध्यायमा सोध पत्रको लागिअध्ययनको क्षेत्र छनौटको औचित्यतथ्याङकप्रकृति र स्रोतहरु तथ्याङक संकलनविधी तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययनको क्षेत्र र छनौटको औचित्य

साविक भदौरेतामागी गा.वि.स. र चापाकोट गा.वि.स. हाल पोखरा महानगरपालिका वडा नं. २३ र अन्नपुर्ण गाउँपालिका वडा नं ४भदौरे गाउँमा रहेको १५५५ घरधुरी मध्ये करिब ६५ घरधुरीमा सञ्चालन गरिएको होमस्टेकोअध्ययन गरिएको छ । यसभित्रदर्ता गरिएका ६ वटा सामुदायिकहोमस्टेहरु रहेका छन् । जुन समुहहरुमाकम्तीमा ५ घरधुरी देखी १५ घरधुरी सम्मको समुह रहेको छ । होमस्टेमा आबद्ध घरधुरी होमस्टे सञ्चालकको भनाई र अवलोकन गरी बढी भन्दा बढी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । (पञ्चासे संरक्षित वन कार्यक्रम, २०७५)

होमस्टे अहिले एउटा कमखर्चिलो र सजिलो उद्योग बनेको छ । जसमाथोरै लगानी स्थानीय उत्पादनबाट विश्वबजारसँग जोडिएको छ । होमस्टे र पर्यटन एक सिक्काकादुई पाटा हुन् । अहिले सबैभन्दा बढी दक्षजनशक्ति र राज्यको लगानी पर्यटन क्षेत्रमा रहेको छ । नेपालभुपरिवेष्ठित राष्ट्र हो । हिमालीक्षेत्र पहाडी क्षेत्र भएकोले बिकास निर्माणका (भौतिक विकास निमार्णका) कामहरु समयमा सम्पन्न हुन सकिरहेको छैन । जसको कारण देशमा रोजगारीको अवसरहरु ज्यादै न्युन रहेको छ । युवाहरु बेरोजगार छन यस्तो अवस्थामाहामीले थोरै लगानीमा आफ्नो ठाउँबाट विदेशीहरुलाई आकर्षण गर्न सकिन्छ । जस्तै स्थानीय हस्तकला चित्रकलाधार्मिक क्षेत्रहरुको प्रचार प्रसार, प्राकृतिक वस्तुहरुको प्रसार प्रचार, साँस्कृति जैविकविविधता, पुराना रितीरिवाजहरुलाई आधुनिकतरिकाले संरक्षण सम्बर्द्धन र प्रसार प्रचार गर्ने जसले गर्दा आन्तरिक तथाबाह्य पर्यटकहरु आउने गर्छन् । यसरी आउने पर्यटकहरुका लागिखाना र बस्नको व्यवस्था गरिएको छ ।

गण्डकी प्रदेशकास्कीजिल्लापोखरा महानगरपालिकाआफैमा एउटा सुन्दर शहर हो । जहाँ पर्यापर्याटनको अनेकौ सम्भावना रहेको छ । मुख्य गरी पोखराको गहना फेवाताल रहेको छ । फेवाताल देखि ३५ कि.मी. पश्चिम फेवासँगै जोडिएको पंचासे क्षेत्र रहेको छ । जुनअहिलेको पर्यटन गन्तव्यहरु मध्ये गण्डकी प्रदेशको एक मुख्य गन्तव्य रहेको छ । फेवादेखि पंचासे सम्मकास्थानियहरुको जिविकोपार्जन नै यसैसँग जोडिएको छ । कतिपयको होटल व्यवसाय रेष्टुरेन्ट चियापसल तरकारी फलफुललगायतमत्स्यपालनप्याराग्लाइडिङ विभिन्न पेशाव्यवसायहरुमाआश्रित छन र माथिल्लो तटको मुख्य पेसा कृषिहो र यसपछिको पर्यापर्यटन अतिथी सत्कार खाना बस्न होमस्टे व्यवस्थापनलगायतहोमस्टे यस ठाउँको अर्को पेशाहो । यस ठाउँको मुख्यआकर्षण फेवातालको मुहानलोकलअसला माछा, अर्गानिकखानाका परिकारहरु, एकै ठाउँबाट धेरै हिमश्रृङखलाहरु देख्न सकिने,जैविक विविधता, प्रसिद्ध धार्मिक स्थल पञ्चासे, अन्नपुर्ण पदमार्गसँग जोडिएको क्षेत्र भएकाले त्यस ठाँउको जनजिवन पर्यटन र पर्यटन पेशामा आबद्ध रहेको हुनाले आन्तरिक र बाह्य पर्यटकहरु आवातजावात गर्ने हुनाले यस ठाउँमा विभिन्न संघसंस्थाहरुले कामपनि गरेको हुनाले यहाँको जनजीवन जीवनस्तरमा परिवर्तन भएको हुँदा यस व्यवसायको अध्ययन गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अनुसन्धानमाव्याख्यात्मक र विश्लेषणात्मक दुवै किसिमले सोध अनुसन्धान गरिएको छ । यस अनुसन्धानमाप्रत्यक्ष रुपमा होमस्टे सञ्चालकहरुसँग घर घरमा गई भेटघाट गरी अन्तरर्वाता गरी जानकारी लिइएको छ । समुहमा बसेर सामुहिकजानकारी बिस्तृत रुपमा लिइएको छ । यस अध्ययनको क्रममा संकलन गरीएको विवरण सुचना, तथ्याङकहरुलाई वर्णनात्मक र विश्लेषणत्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्क स्रोत प्रकृति

अध्ययनप्राथमिकतथा द्वितीय दुवैखालको विवरण तथ्याङकतथा सुचनाहरु विभिन्न पद्धतिबाट संकलन गरिएको छ । भरपर्दोयथार्थ आवश्यकतथ्याङक संकलनकालागि सोध अनुसन्धानकर्ता स्वयम् कार्य स्थलमै गई तलकाविधिहरुको प्रयोग गरीप्राथमिक तथा द्वितीय तथ्याङ्क संकलन गरिएकोछ ।

### ३.३.१ नमुना छनौट

यस अध्ययनमा प्राथमिक अवलोकन अनुसार साविक भदौरे तामागी गा.वि.स. र चापाकोट गा.वि.स. हाल पोखरा महानगरपालिका वडा नं २३ र अन्नपूर्ण गाउँपालिका वडा नं ४ मा १५५५ घरधुरी संख्या रहेको छ । जसमध्ये ६५ वटा घरधुरीमा होमस्टेव्यवसाय सञ्चालन गरेको हुँदा यस अध्ययनमा होमस्टे सञ्चालन घरधुरीलाई जनगणना विधीद्धारा अध्ययन गरिएको छ ।

### ३.३.२ प्राथमिक स्रोत

प्राथमिकतथ्याङ्क संकलनकालागिअध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमागई होमस्टे सञ्चालन गरिरहेको सञ्चालकहरुसँग प्रत्यक्ष रुपमा भेटवार्ता गरी अवलोकन गरी अन्तरर्वाता अनुसुची भरी प्राथमिकतथ्याङ्कहरु संकलन गरिएको छ । पोखरा २३ र अन्नपुर्ण ४ मा होमस्टे सञ्चालन गरी बसेकाहरुसँगप्रत्यक्ष भेटघाट र स्थलगतअवलोकन गरी प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधी

पोखरा महानगरपालिका वडा नं २३ र अन्नपुर्ण गा.पा ४ मा रहेका ६५ वटा घरधुरीमा सञ्चालन रहेको होमस्टेहरुमा अध्ययन गर्नको लागि निम्न विधीहरुको प्रयोग गरिएको छ ।

### ३.४.१ अन्तरर्वाता अनुसुची

यस विधीमार्फत तथ्याङ्कक संकलनगर्दा होमस्टे सञ्चालकको घरमा गई सञ्चालकसँगअन्तरवार्ता गरियो । संकलनगर्दा अन्तरर्वाता सुचिमाउत्तरदाताको सामान्य परिचयपारिवारिक संरचना पेशाशौक्षिक योग्यता साँस्कृतिक र सामाजिकअवस्थाआर्थिक अवस्थाआर्थिक बजेट यससँग सम्बन्धित ज्ञान सिपअवसरहरु बुझ्ने किसीमकाखुलातथाबन्ददुवै खालको प्रश्नहरु क्रमगत रुपमामिलाएर राखिएको थियो र यहीअनुरुपप्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको थियो ।

### ३.४.२ अवलोकन

अनुसन्धानगर्दा प्रमुख स्रोतका रुपमाअवलोकनलाई पनि लिइन्छ । यस अध्ययन अनुसन्धानकर्ता स्वयम्ले कार्यक्षेत्रको अध्ययन गरिएको थियो । अनुसन्धानकर्ताले तथ्याङ्क संकलनगर्दा उत्तरदाताको घर परिवार भान्छाकोठा सुत्ने कोठा ट्वाईलेटबाथरुम घर

वरिपरीको सरसफाई घरको सजावट विभिन्न सुचनाहरु परिवारको व्यवहार उत्तरदाताको व्यवहार उत्तर दिने शैलीआदीअवलोकन गरी सुचनाएवम् तथ्याङकहरु संकलन गरिएको थियो ।

### ३.४.३ मुख्य सुचनादाताहरुसँग छलफल

व्यक्तिगत सामाजिकपारिवारिक आर्थिक स्थिती अध्ययनकाक्रममा सम्बन्धितविषय बस्तुको लागिबिशेष ज्ञान भएको र यस विषयको लागी आवश्यक सुचनादिन सक्ने होमस्टे सञ्चालन गरेको मुख्यव्यक्तिलाई स्रोत व्यक्तिको रुपमालिइएको छ । यस अध्ययनलाई अझप्रभावकारी बनाउन यस ठाउँलाई होमस्टे प्रवर्द्धन गर्न सञ्चालन गर्न सहयोग गर्ने आमा समुह टोल संयोजकयुवाक्लब स्थानीयशिक्षकलगायत सहयोग गर्ने अन्य संघ संस्थाहरुसँग छलफल गरिएको थियो ।

### ३.४.४ द्धितीय स्रोत

द्धितीय स्रोत तथ्याङकको संकलनको रुपमा नेपाल पर्यटन बोर्ड होमस्टे एसोसियसन नेपाल गण्डकी प्रदेश वडा कार्यलय र अन्य संघ संस्थाहरुमाकाम गर्ने जानकार साथै पर्यटन व्यवसायसँगअन्तर सम्बन्धितव्यवसायिक क्षेत्रमाकार्य गरेका सरकारी तथागैर सरकारी संघ संस्थाहरुमाप्राप्तजानकारी सुचनालेख रचनाहरु व्यवसायिकपत्रपत्रिकाअनलाइनखबर प्रकाशित पुस्तकहरु आदिबाट लिइएको छ ।

### ३.४.५ तथ्याङ्कको विश्वसनियताएवम् प्रमाणिकता

प्राथमिकएवम् विश्वसनिय तथ्याङ्कबाट मात्रशोध कार्य राम्रो हुने गर्दछ । यहाँशोधकर्ता आफैले अनुसन्धानसँगआवश्यकव्यक्ति र सम्बन्धित विज्ञसँग अन्तरक्रियातथाअन्तरवार्ता लिई यस शोध निर्देशनलाई विश्वसनीय भरपर्दो यथार्थपरक बनाइएको छ । अनुसन्धानको उद्देश्य तथ्याङ्कलाई वास्तविकबनाउनविभिन्न ठाउँहरु र स्रोतहरुबाट जम्मा गरिएकातथ्याङकहरुलाई तुलना गरेर कमजोरी तथाअनावश्यकलाई निराकाष्ठ गरिएको छ । यसर्थ आफनो उद्देश्य अनुरुप सचेतनापुर्वक खोज तथ्याङक संकलनएवम् विभिन्न स्रोतहरुबाट प्राप्ततथ्याङकहरु यस कार्य क्षेत्रमाप्रयोग गरिएकाले यस शोध कार्य बढी भन्दा बढी भरपर्दो र विश्वसनियमानिएको छ ।

### ३.४.६ तथ्याङ्कविश्लेषण एवम् प्रस्तुतिकरण

कुनै पनि अनुसन्धानकार्यको प्रमुखअंशभनेको तथ्याङ्क संकलनतिनीहरुको विश्लेषण एवम् सामान्यिकरण हो । सामान्यिकरण आधारमा निष्कर्षमा पुगिन्छ तर त्यस कार्यको लागि सम्बन्धितविषयमाविश्वसनिय र प्रमाणिक तथ्याङकहरु संकलनगर्नुपर्दछ । अध्ययनएवम् अनुसन्धान गरिने विषयमाजति धेरै तथ्यहरु संकलन गर्न सकिन्छ । व्यक्ति नै अध्ययन र अनुसन्धानको निष्कर्ष बनाउन सकिन्छ । यसरी संकलनगर्दा गुणात्मक वर्णनात्मक र संख्यात्मक सबै प्रकारले तथ्यहरु प्राप्तहुने गर्दछन् । सामान्यतातथ्याङ्कको स्रोतलाई प्राथमिक स्रोतर द्धितीय स्रोतमावर्गीकरण गर्न सकिन्छ ।अध्ययन अनुसन्धानको सफलताभनेको अनुसन्धानगर्दा संकलन गरिएको तथ्याङकहरुको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणहरुमा निर्भर रहने गर्दछ । तथ्याङ्क संकलन गर्ने क्रममा संकलन गरिएकाप्राथमिकतथा द्धितीय स्रोतको तथ्याङक समावेशीआधारमा वर्गीकरण गरी यस्ता वर्गीकरण गरिएको तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ । प्राकृतिक सुचनाहरुलाई आवश्यकअनुसार व्याख्या र बिस्तार गरिएको छ । गुणात्मक र संख्यात्मक रुपमा तथ्याङहरुलाई तालिकामा प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# होमस्टे सञ्चालकहरुको सामाजिक र जनसांख्यिक विवरण

## ४.१ पोखरा २३ र अन्नपूर्ण ४ पञ्चासे क्षेत्रको होमस्टेको सामाजिकइतिहास

नेपालको गण्डकी प्रदेशमा पर्ने ११ वटा जिल्लाहरु मध्ये पश्चिमी भेगमाअवस्थिती ऐतिहासिकप्राकृतिक साँस्कृतिकतथापौराणिक किम्बदन्तिहरुले धनि पर्यटकीय दृष्टिकोणले रमणीय कास्कीजिल्लापोखरा देखि करिब १४ कि.मी. दक्षिणमा अवस्थितपोखरा महानगरपालिका वडा नं.२३ पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण स्थल हो । नेपालको महत्वपुर्ण गन्तव्यहरु मध्ये पर्ने पञ्चासे क्षेत्र पर्दछ । कास्की स्याङजा र पर्वत ३ जिल्लाको संगम स्थलपञ्चासे पर्यटकीय हिसाबले महत्वपुर्ण ठाउँ हो । अध्ययनतथा अनुसन्धानको लागि प्रसिद्ध ठाउँ हो ।

यस क्षेत्रको उत्तरी सिमानामा साविक ढिकुरपोखरी गा.वि.स. पर्दछ । दक्षिण सिमानामा स्याङ्जाजिल्लासँग जोडिएको छ । पुर्वमा कास्कीकोट र पश्चिममापर्वत जिल्लासँग जोडिएको छ । यस गाउँमा गुरुङजातीहरुको मुख्यबसोबास रहेको छ । यसैगरी ब्राहमण क्षेत्रीकामी सार्की मगर भुजेल लगायतकाजातीहरुको बसोबास रहेको छ । यस वडा कास्कीजिल्लाको ४ न. निर्वाचन क्षेत्रमा पर्दछ ।

यस ठाउँलाई पोखरा वडा नं. ६ बैदामबाट ग्रामीण सडकले जोडेको छ । पोखरा देखि नजिकभएपनिकच्ची बाटो भएकाले वर्षातको समयमा यातयातको दृष्टिले दुर्गम मानिएको छ ।

### ४.१.१ जनसंख्या

पोखरा महानगरपालिका वडा नं २३ र अन्नपुर्ण गाउँपालिका वडा नं ४ भदौरे भौगोलिकहिसाबले डाडाँ काँडा देखि समथर भु-भाग रहेको छ । यस ठाउँमा १० भन्दा बढी जातीय समुहहरुको बसोबास रहेको छ । यस क्षेत्रमामुख्य रुपमा गुरुङ, ब्राहमण, क्षेत्रीकामी र सार्कीहरुको बसोबास रहेका छन् । वनजंगल, खोलानाला, झरना हिमश्रृङखला र कृषि प्रणाली रितीरिवाज, संस्कृति र रहनसहनले यस ठाउँको शोभा बढाइरहेको छ । २०६८ को जनगणना अनुसार यस ठाउँमा १५५५ घरधुरी रहेको छ । यहाँ बसोबास गर्ने महिलाको संख्या ३२७५ र पुरुषको संख्या २६१९ गरी जम्मा ५८९४ रहेको छ ।

### ४.१.२ धर्म संस्कृति र जातजातीयता

यस वडामा धर्म तथा संस्कृति जनजिवन तथा रहनसहनको विशेष महत्व रहेको छ । विभिन्न धर्मवालम्वीहरुमा गुरुङ, ब्राहमण, क्षेत्री मगर लगायतका जातहरुको आफ्नै किसिमको संस्कारहरु प्रचलनमा छन् । जातीय विविधताले गर्दा यहाँको जनजीवन आ-आफ्नै किसिमको भएको पाइन्छ ।

यहाँ बौद्ध, हिन्दु, वोनधर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । विभिन्नजाततथाधर्ममा आस्था राख्ने भएतापनि सबै एक आपसमामिलीआफ्नो ठाउँको बिकास गर्न लागि परेका छन् । जसमध्ये अध्ययनक्षेत्रभित्रकासंख्याको उत्तरदाताको जातीयविवरणलाई तलतालिकामा देखाइएको छ ।

**तालिका ४.१ : उत्तरदाताहरुको जातीयविवरण**

| क.सं | जातजाती | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | गुरुङ | ५३ | १७० |
| २ | ब्राहमण | १२ | ५२ |
| ३ | मगर | ५ | २६ |
| | जम्मा | ६५ | २४८ |

*स्रोत : स्थलगत अध्ययन*

माथि उल्लेखिततालिकाअनुसार उत्तरदाताहरुको संख्यामा गुरुङको बाहुल्यता रहेको पाइयो । ६५ घरधुरी मध्ये गुरुङको घरधुरी संख्या ५३ रहेको छ यस घरधुरीहरुमा १६० जना सदस्यहरु रहेको छ । यसैगरी  ब्राहमणको घरधुरी संख्या १२ रहेको छ यस घरधुरीमा ५२ जना सदस्यहरु आबद्ध रहेको छ । यसैगरी मगरको घरधुरी संख्या ५ रहेको छ यस घरधुरीमा आबद्ध २६ जना सदस्यहरु गरी जम्म ६५ घरधुरीमा २४८ जना आबद्ध भई होमस्टे सञ्चालन गरी आफ्नो जिवीकोपार्जन तथाव्यवसाय गरी आयआर्जन गरेकोपाइयो । जसमध्ये होमस्टे सञ्चालन गर्ने सबैभन्दाथोरै मगर जातीको रहेको पाइयो ।

**तालिका ४.२ : उत्तरदाताहरुको धर्मको विवरण**

| क.सं | धर्मको संख्या | धर्म मान्नेहरुको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ३२ | ४९.२३% |
| २ | बौद्ध | २२ | ३३.८४% |
| ३ | वोन | ११ | १६.९२% |
| | जम्मा | ६५ | १००% |

*स्रोत : स्थलगत अध्ययन*

माथिको तालिकाअनुसार उत्तरदाताहरु मध्ये ३२ जनाअर्थात ४९.२३ प्रतिशतहिन्दु धर्म मान्ने, २२ जनाअर्थात ३३.८४ प्रतिशतबौद्ध धर्म मान्ने, ११ जनाअर्थात १६.९२प्रतिशतवोन धर्म मान्ने रहेको पाइयो ।

### ४.१.३ घरका प्रकार

यस गाउँमा गुरुङ समुदायको बाहुल्यता रहेको छ । यहाँका घरहरु प्राय सबै ढुङ्गाको छानोद्धारा बनाइएका छन् । केही घरहरुमा टिनको छानो राखिएको छ । गाउँभित्र र वरपरका बाटोहरु पनि ढुङगाले छापिएका छन् ।एकै ठाउँमा बाक्लो बस्ती रहेको छ । घरहरु पुरानो शैलीमाबनाइएकाकलात्मकझ्यालतथा ढोकाहरु रहेका छन् । होमस्टे सञ्चालन गर्न र पर्यापर्यटन वृद्धि गर्नका लागिउपर्युक्त स्थान रहेको छ । सुन्दर सफा हरियालीवातावरणवनजंगलखोलाझरना बाटो बस्ती चौतारा ठाउँठाउँमा फोहोर राख्ने डस्वीन गाउँको बिचमा पर्ने गरी माध्यमिकविद्यालय स्वास्थ्य चौकीपनि रहेको छ । यी संरचना र सुविधाहरुले पनि यस ठाउँको शोभा बढाएको छ ।

## ४.२ घरबास पर्यटनकोलागि छनौट हुनमाआधारहरु

घरबास पर्यटनका लागि मन लोभ्याउने खालकाप्राकृतिक दृश्य रमणिय र शान्तवातावरण स्वच्छ हावापानीविविधता पुर्ण धार्मिक तथा संस्कृतिझल्कने झाँकीहरु र अतिथी स्वागत सत्कार आवश्यकपक्षहरु हुन् ।

नेपालमा पर्यटकीय सम्भावनानभएका डाडाँपाखा र गाउँकमै छन् । प्रायगाउँहरुमाअहिले होमस्टे सुविधाहरु रहेका छन् । होमस्टे सञ्चालनमात्र गरेर पाहुनाहरु आउने हैन यसमाआवश्यक पर्ने सबै पुर्वाधारहरु हुनुपर्दछ । साथै न्यानो आतिथ्या महत्वपर्ण

हुन्छ । जुन यस ठाउँमा पाइन्छ ।उनीहरु आफ्नो होमस्टेमा आएकापाहुनाहरुलाई कतिपनिनिरास हुनदिदैनन् । घरको पारिवारिक वातावरणमा रमाउने सरल र सहजव्यवहार मिठो बोलीचाली शिष्ट भाषाशैलीनरम व्यवहार र मुस्कान सहितको सेवा यस होमस्टेमा पर्यटनले पाउन सकिन्छ ।

नेपाल ऐतिहासिकधार्मिक प्राकृतिकएवम् साँस्कृतिकसम्पदाले भरिपुर्ण विविधतायुक्त देश हो । यहाँ रहेकाश्रृङगारयुक्तहिमश्रृङखलाकञ्चनपानीकाअविरल प्रवाहितझरना नदीनालातालतलैया रङगीनफुलहरु र हरिया पाखापखेराले रङगीएका स्थानहरु स्वच्छ हावापानी सरल समन्वयकारी ग्रामीण बासिन्दा र प्राय संसारका सबै देशकानागरिकहरुलाई मिल्ने जलवायु जस्ता पक्षले विदेशी पर्यटकहरुलाई देशभित्रआउन र गाउँगाउँ सम्म घुम्ने वातावरण बनेको छ । जसले गर्दा ग्रामीण भेगमा घरबार पर्यटन अहिलेको समयमा एक लोकप्रिय पर्यटनको रुपमा विकास भएको छ ।

कास्कीजिल्लाको पर्यटकीय नगरी पोखरा क्षेत्रबाट २८ कि.मी.दक्षिणमा रहेको पर्यटकीय गन्तव्यमध्ये पञ्चासे एक परिचित ठाउँ हो । यहाँबाट सबैभन्दा धेरै हिमालयश्रृङखलाहरु देखिन्छ । जहाँपोखरी खोलानाला छहरा डाडाँकाँडा मन्दिर भिउ टावर पर्यटकीय पदमार्ग जैविकविविधताचितवन अन्नपुर्ण भुपरिधी जैविकमार्ग कास्की, स्याङजा, पर्वत ३ जिल्लानिस्कने सडक मार्ग पैदल मार्ग स्थानिय रितीरिवाज भेषभुषाभाषा संस्कृति स्थानिय कृषि प्रणाली आधुनिक कृषि प्रणाली मौरी पालनपानीको मुलमुहान संरक्षण चिया खेतीकफि खेती केरा खेती स्थानीयम्युजियम देबल मन्दिर मोने मन्दिर गुम्बापौडी खेल्ने स्थानहरु स्थानीयलोकल माछाको स्वादअर्गानिकखानालोकलकुखुरा दुधदही मह जस्ता विविधपक्षहरु आमा समुहयुवाक्लबहरुको सहयोग खेती योग्य खेतीतथाबारीहरु यस ठाउँका आकर्षण पक्षहरु हुन् । स्थानीय स्तरमा यीविविधपक्षहरु रहेतापनि स्थानियले होमस्टे व्यवसाय सञ्चालन गरी मनग्यआम्दानी गर्न सकेको छैन । वैदेशिक रोजगारीले गाउँकामानिसहरु धेरै जसो गाउँबाट विस्थापितभएको छ । पछिल्लो समयमाअहिले होमस्टे व्यवसाय सञ्चालनले गर्दा कहीयुवाहरु स्थानीयहरु आकषर्ण भई होमस्टे व्यवसाय सञ्चालनगरेको छ । जसले गर्दा गाउँमा रोजगारीको अवसरहरु वृद्धि भएको छ । युवाहरु यस व्यवसायमाविस्तारै अग्रसर हुदै छन् । तर पर्यटन बजारसम्म उनीहरुको पहुँचबिस्तार हुन सकेको छैन पर्यटकहरु माझगाउँको प्रचार पनि सोचे अनुरुप गर्न सकेका छैन्न । जसले गर्दा बजारीकरणको समस्या रहेको छ । पर्यटनसँग सम्बन्धितभएर कार्य गर्ने संघ

संस्थाहरुले पनि त्यति पर्यटकहरु गाउँमा पठाउन र प्रचारप्रसारमा सहयोग पुऱ्याएको देखिएन र यस ठाउँको बारेमा यस भन्दापहिले कुनै अध्ययन अनुसन्धानपनिनभएको हुनाले यस अध्ययन गरिएको हो ।

### ४.२.१ परिवारको प्रकार

परिवार समाजविकासको प्रक्रियासँगै सामाजिक रुपमाविकसितहुँदै आएको समाजको आधार संस्थाहो । परिवारको सम्वृद्धि र विकाससँग त्यस समुदाय समाजतथा राष्ट्रको बिकास जोडिएको हुन्छ । मानिसहरुको सामाजिक साँस्कृतिक संरचनाको पहिलो आधार परिवार भएकोले यसको महत्वपुर्ण समाजमा रहेको हुन्छ । पुस्ताहस्तान्तरण संस्कार संस्कृतिआदीको बिस्तार गर्नको लागिपनि परिवारको ठुलो भुमिका रहेको हुन्छ । दुई वादुई भन्दा बढी संख्यामामानिसहरु बसेर आफ्नो आर्थिक तथा दैनिकक्रियाकलाप संचालनगर्दछन् भने हामीयसलाई परिवार भन्दछौ । लोग्ने स्वास्नीको अविवाहीत छोराछोरीहरु भई एक आपसमा बसेको परिवार एकल परिवार र अविवाहीत छोराछोरी तथातिन पुस्ता सम्मको परिवार एक ठाउँमा मिली सँगै बसी एउटै ठाउँमा आफ्नो आर्थिक क्रियाकलाप संचालन गरी बसेको परिवारलाई संयुक्त परिवार भन्दछौं । यहाँउत्तरदाताहरुको परिवारको प्रकारलाई निम्नअनुसार देखाइएको छ ।

**तालिका ४.३ : पारिवारिक विवरण**

| क.सं | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ४० | ६१.५३ % |
| २ | संयुक्त परिवार | २५ | ३८.४६ % |
| | जम्मा | ६५ | १०० % |

*स्रोत : स्थलगत अध्ययन*

## ४.३ उत्तरदाताको भु–स्वामित्व

नेपाल एक कृषिप्रधान देश हो । यहाँ ठुला व्यापारी र ग्रामीण भेगमामुखियाहरुको कब्जामाभुमिको स्वामित्व रहेको पाइन्छ । तर थोरै थोरै मात्रामा सबैभन्दा केहीभुमि रहेको हामी पाउँदछौं । भुमिको असमानवितरण, नेपालमा गरिबीनिवारण तथा कृषिविकासमा अड्चन पैदा गर्ने एउटा कारक तत्वहो । नेपालमा ६६% जनताको मुख्य पेशा

कृषिमाआधारित छ र यस क्षेत्रको कुलग्रहस्थउत्पादन ३३% योगदानकृषि क्षेत्रबाट नै हुने गर्दछ। तर हाम्रो देशमा केहीसिमीतमानिसहरुको नाउँमा भुस्वामित्वको हक रहेको छ। सबै जग्गाहरु उनीहरुले दर्ता गरी बसेका छन् । जसको कारण देशको बिकास सोचे अनुरुप हुन सकिरहेको छैन तर धेरै थोरै मात्रामा सबैको नाउँमा केही न केही जग्गाको स्वामित्वहामी पाउँछौ। यसको उपभोग गरी मानिसहरुले आफ्नो समस्याव्यवहार गर्ने गरेका छन। उत्तरदाताहरुको स्वामित्व सम्बन्धिविवरण तल देखाइएको छ।

### ४.३.१ उत्तरदाताको घरबारी खेतबारी पाखो र खोरियाको विवरण

पहाडी क्षेत्रमा खेती गरिने प्रायजग्गाहरु भिरालो प्रकृतिको हुन्छन् । खेतीयोग्यजमिनभन्दापाखो खोरिया जमिनहरु धेरै छन् । यस्तै गरी तलउल्लेख गरिएको तालिकामाउत्तरदाताहरुको स्वामित्वमा रहेको घरबारी खेतबारी पाखो खोरिया एकमुष्ठ रुपमा रोपनीमा देखाइएको छ। यहाँप्रायधान मकै गहु कोदो तोरी आलु जस्ता कृषिउपजहरुको उत्पादनहुने गर्दछ। यही उत्पादनबाट यहाँको कृषकहरुले आफ्नो जीविकाचलाइरहेका छन्। यीजग्गाक्रमश एक पुस्ताबाट अर्को पुस्तामा सर्दै र हस्तान्तरण हुदै आएको पाइन्छ।

**तालिका ४.४: उत्तरदाताको खेतबारी पाखो खोरियालाई रोपनीमा**

| क.सं | खेतबारी पाखो खोरियालाई रोपनीमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ | ५ | ७.६९ |
| २ | ४ | १० | १५.३८ |
| ३ | ५ | ५ | ७.६९ |
| ४ | ५.५ | ७ | १०.७६ |
| ५ | ६ | ८ | १२.३० |
| ६ | १० | ५ | ७.६९ |
| ७ | १२ | ५ | ७.६९ |
| ८ | १५ | १० | १५.३८ |
| ९ | २० | ६ | ९.२३ |
| १० | २५ | ३ | ४.६१ |
| ११ | ३० | १ | १.३५ |
|  | **जम्मा** | **६५** | **१००%** |

*स्रोत : स्थलगत अध्ययन*

माथिउल्लेखित ६५ जनाउत्तरदाताहरुमा २ रोपनीजग्गाभएको ५जनाअर्थात ७.६९ प्रतिशत यसैगरी ४ रोपनीभएको १० जनाअर्थात १५.३८ प्रतिशत यसैगरी ५ रोपनीभएको ५जनाअर्थात ७.६९ प्रतिशत यसैगरी ५.५ रोपनीजग्गाभएको ७जनाअर्थात १०.७६ प्रतिशत यसैगरी १० रोपनीभएको ५ जनाअर्थात ७.६९ प्रतिशत यसैगरी १२ रोपनीभएको ५ जनाअर्थात ७.६९ प्रतिशत यसैगरी १५ रोपनी १० जनाअर्थात ९.२३ प्रतिशत यसैगरी २५ रोपनीभएको ३ जनाअर्थात ४.६१ प्रतिशत यसैगरी ३० रोपनीभएको १ जनाअर्थात १.३५ प्रतिशत रहेको छ ।

## ४.४ कृषिउत्पादन र घरबास पर्यटनको सम्बन्ध

नेपाल कृषिप्रधान देश हो । हाम्रो देशमा धेरैजसो घरपरिवारको आर्थिक आयआर्जनको प्रमुखस्रोत हो । कृषि क्षेत्रमाकुलजनसंख्याको ६० प्रतिशतजनशक्ति खटिएको छ । देशको कुलग्रहस्थउत्पादन कृषिमार्फत हुन्छ । यसकारण पनि कृषि हाम्रो देशको प्रमुख पेशा र देशको मुख्यजीवनशैलीहो । यहाँधान मकै गहुँ कोदो आलु तोरी भटमास आदीबालीहरुको उत्पादनहुने गर्दछ । यस ठाउँमा अहिले यस व्यवसायमालागे र अन्यमानिसहरु कृषि पेशामापनिलागेका छन् । चिसो ठाउँ भएको कारण तरकारी बाली राम्रो छन् । अहिले यहाँआलु, काउली, बन्दा, काँक्रो, गोलभेडा लगायत अन्य तरकारी बालीहरु लगाइएको पाइयो र उत्पादित तरकारी आफ्नै पर्यटन व्यवसायमाखपतहुने गरेको छ । जसले गर्दा यस व्यवसायबाट कृषि पेशमालागेका मानिसहरुलाई पनि सहयोग पुगेको देखिन्छ ।

## ४.५ उत्तरदाताको कृषि उत्पादनबाट खान पुग्ने समय

कृषिउत्पादनले नेपाली जनजीवनमा महत्वपुर्ण प्रभावपारेको हुन्छ । पहाडी क्षेत्रहरुमा भिरालो जमिनहरु रहेको हुन्छ । यसैले उत्पादनमा तराईको भन्दाकम हुन्छ । बालीहरु पनिकमउत्पादन हुन्छन् । भिरालो जमिनभएको हुनाले माटो पनिबग्ने जस्तासमस्याहरु पनि रहेको हुन्छ । यस ठाउँमा उत्पादनहुने कृषिबालीको उत्पादनलाई हेर्दा त्यहाँकाउत्पादनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५: उत्तरदाताको खानापुग्ने समय**

| क.सं | खानापुग्ने समय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३– ६ | २० | ३०.७६ |
| २ | ६–९ | २० | ३०.७६ |
| ३ | ९–१२ | २५ | ३८.४६ |
| | जम्मा | ६५ | १००% |

*स्रोत : स्थलगत अध्ययन*

माथिदिइएका ६५ वटा घर मध्ये ३–६ महिना सम्मखानपुग्ने २० अर्थात ३०.७६ प्रतिशत ६ महिना देखि ९ महिना सम्म खान पुग्ने समय २० अर्थात ३०.७६ प्रतिशत र ९ महिना देखि १२ महिना सम्म खान पुग्ने २५ अर्थात ३८.४६ प्रतिशत रहेको पाइयो । मानिसले आफनो जीवनकालमानाना, छाना र खानाको लागिविभिन्नकिसिमका संघर्षहरु गर्नुपर्दछ । यस ठाउँको मानिसहरु खेतीकिसान गर्ने वैदेशिक रोजगारीमाजाने ज्यालामजदुरी गर्ने लगायतअहिले पछिल्लो समयमाआएर होमस्टे घरबास सेवा संचालन गर्दै आउनु भएको छ । यिनै आम्दानीको स्रोतहरुबाट आफनै दैनिकजीवननिर्वाह गुजारा चलाइरहेको छ । यस ठाउँमा उत्पादन गरेको अन्नबालीहरु प्रायजसो आफनो लागि खान पुग्ने हुन्छ । अरु तरकारी बालीहरु फलफूलहरु कच्ची सडक बजारको पहुँच टाढा भएको हुनाले बजार व्यवस्थापन गर्न गाहो भएको थियो । उत्पादनभएको वस्तुहरु पनियहीकुहिएर जाने गर्दथेतर अहिले पछिल्लो समय घरबास सेवाकार्यक्रम संचालन भएपछि स्थानियउपजहरुको बिक्रीतथाव्यवस्थापन गर्न सहजभएको छ । नेपालको १०० पर्यटकीय गन्तव्यहरु मध्ये पंचासे पनि एक भएको हुनाले यस ठाउँमा पर्यटक आन्तरिक तथाबाह्य गरी धेरै आउने गर्दछन । आउने पर्यटकहरुका लागि स्थानीयफलफुल तरकारीहरु कतिपयगाउँमै खपतहुने कतिपयपसलेको रुपमापाहुनाहरुले किनेर लाने पनि गरको छ । गाउँमा स्वदेशी तथाविदेशीविभिन्न संघसंस्थाहरुकामानिसहरुका आगमनले स्थानीय रितीरिवाज, कला संस्कृतिको जगेर्ना गरेको छ । एक ठाउँको अर्को ठाउँमा आदानप्रदान गरेर एकले अर्कालाई बुझ्ने मौका पनिपाएका छन् । गाँउमाबस्ने बुबाआमाहरु समुदायकाव्यक्तिहरु पनि धेरै मानिसहरुको भेटघाट छलफल चिरपरिचितले गर्दा विभिन्न संघसंस्थामाआबद्ध भएकोले गर्दा सिकाइको स्तर र सहकार्य पनि बढेको छ । बुझाइको स्तर उच्चभएको छ ।

# अध्याय पाँच

# ग्रामीण घरबास सञ्चालनका ढाँचाहरु र समस्याहरु

## ५.१ होमस्टे सञ्चालन विधी

हाल नेपालमा होमस्टे पर्यापर्यटनलाई वैधानिक रुपमा सञ्चालन गर्न कार्यविधी तयार गरेको छ तर कार्य अनुभव र अध्ययनका कमीका कारण प्रकाशित कार्यविधी व्यवहारिक र दीर्घकालीन प्रयोजनका लागि भने धेरै समस्यायुक्त रहेको देखिन्छ । तर पनि नेपालमा होमस्टे सुरुवातलाई भने यसले औपचारिकता दिएको छ । यसलाई नेपाल सरकारबाट २०६७/४/३ मा स्वीकृत गरेको छ ।

नेपाल सरकारको होमस्टे घरबास सञ्चालन कार्यविधी २०६७ लाई आधार मानी नेपालको धार्मिक साँस्कृतिक प्राकृतिक एवम् ऐतिहासिक सम्पदाहरुको संरक्षण एवम् उजागरण सम्बर्द्धन गर्दे ग्रामीण एवम् शहरीया पर्यटन प्रबर्द्धन एवम् बजारीकरण गर्ने उद्देश्यले होमस्टे एसोसियसन नेपालको विधान २०७० संस्था पनि दर्ता भएको छ ।नेपालभरी होमस्टे एसोसियसन नेपालमा आबद्ध भएका जम्मा २६७ वटा होमस्टेहरु दर्ता भई सञ्चालनमा रहेको छ । होमस्टे २ किसीमको हुन्छ ।

### १ निजी होमस्टे

ग्रामीण वा सहरी क्षेत्रमा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टे भनिन्छ ।

### २. सामुदायीक होमस्टे

कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टेलाई सामुदायिक भनिन्छ ।

मेरो अध्ययन क्षेत्रमा ६ वटा सामुदायिक होमस्टेहरु रहेको छ । यस होमस्टेहरुमा कम्तीमा ५ देखि १५ घरधुरी सम्म आवद्ध रहेको छ । यस होमस्टेहरुमा पाहुना आउँदा पहिले सामुदायिक भवनमा वा होमस्टे समुहको अध्यक्षको घरमा स्वागत कार्यक्रम गर्ने गर्दछ । यसपछि समुहको नियमानुसार पाहुना पालो अनुसारको घर नम्बरमा पठाइन्छ वा लगिन्छ ।

यसरी पाहुना राख्ने क्रममा धेरै पाहुना भयो भने सबैको बाँडेर राखिन्छ भने थोरै हुने बेलामा समुहमा पालो अनुसार राखिन्छ । होमस्टेमा पाहुनालाई स्वागत सत्कार गरी पालो अनुसारको घर नम्बरमा पठाइन्छ । र उपलब्ध भए अनुसारको पाहुनाको इच्छाएको खाना उपलब्ध गराइन्छ । जसमा चिया खाजा बेलुकीको खाना दाल भात ढिडो रोटी लगायतको उपलब्ध भए अनुसारको खाना खुवाइन्छ । बेलुका ८ बजेपछि १० बजे सम्म नाचगान गरी रमाइलो गर्ने गरिन्छ । यसपछि आ-आफ्नो घरमा गएर सुतिन्छ । यसैगरी बिहान घरमा उपलब्ध भएको चिया खाजा खाएर त्यहाँ वरपर भएको हेर्न लायक दृश्यहरु जस्तै मन्दिर गुम्बा खोला झरना सामुदायिक कृषि गरेको सङग्राहलय लगायतका गाउँ वरपर भएका अन्य दृश्यहरु अवलोकन गर्ने र यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थल प्राकृतिक तथा जैविक विविधताले धरिएको क्षेत्र पञ्चासे घुम्न जान इच्छुक व्यक्तिहरुलाई गाइडको व्यवस्था पनि गरिन्छ । पञ्चासे घुम्न चाहाने व्यक्तिहरुलाई खाना खाएपछि गएर दिनभरी घुमेर बेलुका होमस्टे मै ल्याइदिने गाइडको व्यवस्था छ गाइलाई सहुलियत मूल्यमा समितीले तोके अनुसारको रकम उपलब्ध गराइनुपदर्छ । गाउँ सम्म मात्र आउनेहरुको लागि विहानको खाना पछि फूलमाला गरेर विदाई गरिन्छ ।

होमस्टेमा आउने पाहुनाहरुको लागि समुहले बनाएको नियममानुसार रकम लिने जसमा प्याकेज बेलुकीको खाना बिहानको खाजा र खाना सहितको १००० रहेको छ । अरु खानाको अर्डर अनुसार तिर्नु पर्दछ । होमस्टे सञ्चालकहरुको मासिक बैठक महिनाको १ गते बस्ने गर्दछ र आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्ने गर्दछ । होमस्टे सञ्चालक घरधुरीले होमस्टेमा आउने पाहुनाहरुको संख्याको आधारमा एक व्यक्ति बराबर ५० रुपैया समुहमा जम्म गर्ने गर्दछ । जम्मा भएको रकम आवश्यकता अनुसार खर्च गर्ने गर्दछ । जस्तै पाहुनाहको स्वागत सत्कारको लागि आवश्यक पर्ने सामग्रीहरु खरिद गर्न माइनुट होमस्टे पुन दर्ता गर्न लगायतको काममा प्रयोग गर्ने गर्दछ । हरेक घरमा पाहुनाहरुको विवरण संख्या टिप्ने र होमस्टेको बसाई र अनुभव लेख्नको लागि माइनुट रहेको छ ।

## ५.२ होमस्टे पर्यटनका आम्दानीका ढाँचाहरु

होमस्टे संचालन गर्ने परिवारका आम्दानीका स्रोतहरु होमस्टे मात्रानभई अन्य स्रोतहरुबाट आम्दानी गरेका छन् । जहाँहोमस्टे संचालनको अलवा कृषि वैदेशिक रोजगारी

नोकरी गरेर पनिआर्जन गरेका छन् । ती सबै स्रोतहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका५.१ : उत्तरदाताको प्रमुख आम्दानीको श्रोतहरु**

| क.सं. | प्रमुखआम्दानी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २० | ३०.६७% |
| २ | वैदेशिक रोजगार | २५ | ३८.४६ % |
| ३ | नोकरी / पेन्सन | १५ | २३.०७ % |
| ४ | व्यवसाय | ५ | ७.६९ % |
| | | ६५ | १००% |

*स्रोत : स्थलगत अध्ययन*

माथि ६५ जना उत्तरदाताहरु मध्ये कृषि नै प्रमुख आम्दानीको स्रोत हो भन्नेमा २० जना अर्थात ३०.६७ प्रतिशत, वैदेशिक रोजगारीमा २५ जना अर्थात ३८.४६ प्रतिशत, नोकरी पेन्सनमा १५ जना अर्थात २३.०७ प्रतिशत र व्यवसायमा ५ जना अर्थात ७.६९ प्रतिशत रहेको पाइयो । यस क्षेत्रमा आम्दानीको स्रोतहरु सिमित मात्रामा रहेका छन् । बजारबाट टाढा र सडक यातयातको असुविधाको कारण व्यापार व्यवसाय अन्य ठाउँमा फष्टाउन सकेको छैन । यहाँ उत्पादन गरिएको कृषि सामग्रीहरुको पनि राम्रो बजार नहुँदा किसानहरु सन्तुष्टिदेखिदैन । यस क्षेत्रमाप्राय जनजातीहरुको बसोबासरहेको हुँदा बैदेशिक रोजगारमा जानेहरुको संख्या बढी छ ।

यस ठाउँको मानिसहरुको मुख्य आम्दानीको स्रोत वैदेशिक रोजगार नै रहेछ । प्राय गाउँका युवाहरु रोजगारीको लागि विदेश तर्फ गएको र गाउँमा युवाहरुको संख्या कम भएको पाइयो । गाउँमा भएका मानिसहरुले सञ्चालन गर्दै आएको घरबास पर्यटन व्यवसाय मार्फत गाउँमा रोजगारको अवसरहरुको पनि वृद्धि र गाउँमा उत्पादित कृषि सामाग्रीहरुको खपतले गर्दा यस व्यवसाय प्रति युवायुवीहरुको पनि बिस्तारै संलग्नता भएको छ । केही युवाहरु अहिले विदेशबाट फर्की यस व्यवसाय सञ्चालन गरी बसी रहेका छन् । यस ठाउँमा जागिर गर्ने मानिसहरुको संख्या ज्यादै न्यून रहेको छ । दैनिक ज्यालादारीको रुपमा कार्य गरी आफ्नो गुजारा चलाउदा रहेछन् ।

### ५.२.१ पर्यटनबाट हुने मासिकआम्दानी

पर्यटन पेशाआयआर्जनको हिसाबले एकदमै राम्रो मानिन्छ । आम्दानी र पेशा एकआपसमाअन्तर सम्बन्धित हुन्छन् । खेतीकिसानमजदुरीबाट आयआर्जन तथाउत्पादन गर्नु भन्दा यस पेशा सजिलो र राम्रो पनि हुन्छ । व्यवसायीहरुको के कतिकमाई हुन्छ भन्ने पक्षलाई तल तालिकामा देखाइएको छ ।

**तालिका५.२.: उत्तरदाताको पर्यटनबाट हुने मासिक आम्दानी**

| क स | मसिकआम्दानी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० –५००० | ५ | ७.६९ |
| २ | ५०००–१०००० | ९ | १३.८४ |
| ३ | १००००–१५००० | १३ | २० |
| ४ | १५०००–२०००० | २५ | ३८.४६ |
| ५ | २००००–२५००० | ८ | १२.३० |
| ६ | २५०००– भन्दामाथि | ५ | ७.६९ |
| | जम्मा | ६५ | १००% |

*स्रोत : स्थलगत अध्ययन*

यहाँजम्मा ६५ जनामध्ये १०००–५००० मासिकआम्दानी गर्नेमा ५ जनाअर्थात ७.६९ प्रतिशत ५०००–१०००० आम्दानी गर्नेमा ९ जनाअर्थात १३.८४ प्रतिशत १००००–१५००० मासिकआम्दानी गर्नेमा १३ जनाअर्थात २०प्रतिशत १५०००–२०००० मासिक आम्दानी गर्नेमा २५ जना अर्थात ३८.४६ प्रतिशत २००००–२५००० मासिक आम्दानी गर्नेमा ८ जना अर्थात ७.६९ प्रतिशत२५०००– भन्दामाथिआम्दानी गर्नेमा ५ जनाअर्थात ७.६९ प्रतिशत रहेको छ । होमस्टे व्यवसाय सञ्चालन सँगसँगै आम्दानीको स्रोतहरु पनि बढदै गएको छ । यस व्यवसायमाअन्य पेशातथाव्यवसाय गर्नेहरुले पनिअप्रत्यक्ष रुपमाफाइदाहरु लिएका छन् । पञ्चासे क्षेत्र सुनाखरीको राजधानीजैविकविविधताको खानी यस ठाउँमा अध्ययन अनुसन्धानको गर्नका लागिविभिन्न ठाउँहरु विभिन्न क्षेत्रकामानिसहरु आउने गर्दछन् । यसले प्रत्यक्षअप्रत्क्षय रुपमा समाजलाई फाइदाभएको छ ।

### मासिक खर्च

होमस्टेमा आउने पाहुनाहरुको लागि सकेसम्म आफ्नो घरमा उत्पादन भएको खाना खुवाउने यस होमस्टे उद्देश्य रहेको छ । धान मकै कोदो गहु तोरी आलु लगायत तरकारी खेतीहरु घरमा नै उत्पादन नहुने र नपुग्ने केही सामानहरु खरिद गनुपर्ने हुन्छ । यसरी खरिद गर्ने र अन्य खर्चहरुलाई तल तालिकामा दिएको छ ।

**तालिका ५.३ : उत्तरदाताको मासिक खर्च**

| क.सं | मासिक खर्च | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०००–५००० | २० | ३०.७६ |
| २ | ५०००–१०००० | २५ | ३८.४६ |
| ३ | १००००–१५००० | १५ | २३.०७ |
| ४ | १५०००–२०००० | ५ | ७.६९ |
| | जम्मा | ६५ | १०० |

*स्रोत : स्थलगत अध्ययन*

माथिको तालिका अनसुार यस व्यवसाय सञ्चालन गर्ने ६५ जना व्यवसायिहरु मध्ये मासिक १००० देखि ५००० सम्म खर्च गर्ने २० जना अर्थात ३०.७६ प्रतिशत, ५००० देखि १०००० सम्म खर्च गर्ने २५ जना अर्थात ३८.४६ प्रतिशत, १०००० देखि १५००० सम्म खर्च गर्ने १५ जना अर्थात २३.०७ प्रतिशत, १५००० देखि २०००० सम्म खर्च गर्ने ५ जना अर्थात ७.६९ प्रतिशत रहेको छ ।

यस व्यवसाय सञ्चालन गर्न सुरुको अवस्था देखि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धेरै नै खर्च भएको छ । पहिले घर व्यवस्थापन लगायत हावश्यक सामाग्रीहरुको व्यवस्थापनमा खर्च भएको थियो । अहिले  संरचनाहरु पनि बनि सकेको छ । घरमा आउने पाहुनाको लागि खाना बस्नका लागि मात्रा खर्च हुने गर्दछ । खाना बस्नको लागि घरमा पुग्ने खाद्यान्न लगायका वस्तुहरु धेरैजसो आफ्नो मै पुग्ने गर्छ नपुगेको अवस्थामा खरिद गर्ने र आवश्यक सामाग्रीहरु खरिद गर्नका लागि खर्च हुने गर्दछ ।

### ५.२.२ व्यवसायिकतालिम

कुनै पनिव्यवसाय फस्टाउनको लागिउचिततालिम र त्यस व्यवसायप्रति ज्ञानको आवश्यकता पर्दछ । सहि समयमा सही तालिम र सही ज्ञानले व्यवसायीलाई यस व्यवसायमा सफलबनाउन सहयोग पु्याउँदछ । ग्रामीण पर्यटनको सन्दर्भमा पनिहोमस्टेसँग सम्बन्धिततालिमको महत्वपुर्ण भुमिका रहेको हुन्छ । उत्तरदातालाई तालिमलिएको र नलिएको भन्ने प्रश्नगर्दा प्राप्तजानकारीहरुलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५.४ : उत्तरदाताको व्यवसायिक तालिम**

| तालिमको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| तालिमलिएको | ४५ | ६९.२३% |
| तालिमनलिएको | २० | ३०.७६% |
| जम्मा | ६५ | १००% |

*स्रोत : स्थलगत अध्ययन*

यस गाउँमाप्राय धेरैजसोले तालिमलिएको र व्यवसाय सञ्चालन गरिएको पाइयो । जस्तै कुक वेटर ट्रेकिङ गाइड होमस्टे सम्बन्धी अभिमुखिकरण तालिमलिएको र केहीहोमस्टे सञ्चालकहरुले तालिमनलिएको पनिपाइयो । तालिमनलिइएकोहरुमा कसैले थाहानपाएर, फुर्सद नभएर,ज्ञानको कमीले तालिमनलिएको बताउँछन् । यस व्यवसायमा संलग्नउत्तरदाताहरुलाई व्यवसायिकतालिमलिएको नलिएको भनी सोध्दा ६९.२३% तालिमलिएर सञ्चालन गरिएको र ३०.७६% तालिमनलिई व्यवसाय सञ्चालन गरेको पाइयो ।

### ५.२.३ सन्तुष्टी

यस व्यवसायमा संलग्नव्यवसायिहरुको रुचि सन्तुष्टि आदिलाई स्थलगतअवलोकनबाट हेर्दा कुनै पनि पेशातथाव्यापार व्यवसायमाप्रवेश गर्दा सोचे जस्तो भएआम्दानी राम्रो भए सन्तुष्टि हुने व्यवसायदिगो हुने तर अरुचिभएबिस्तारै कमहुदै गएर व्यवसायदिगो नहुने बताए । यस व्यवसायमा सन्तुष्टि असन्तुष्टि भन्ने कुरा व्यक्तितथा परिवारको स्वभावकाम गर्ने तरिका आदिसँग सम्बन्धितभएर आउने गर्दछ र जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.५ : उत्तरदाताको सन्तुष्टि**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्ट | ४५ | ६९.२३% |
| असन्तुष्ट | ५ | ७.६९% |
| ठीकै | १५ | २३.०७% |
| जम्मा | ६५ | १००% |

*स्रोत : स्थलगत अध्ययन*

पञ्चासे क्षेत्र वरपर रहेको साविकभदौरे तामागीगा.वि.स. हालको पोखरा महानगरपालिका वडा नं २३ मा सर्वे गरिएको ६५ होमस्टे मध्ये ४५ जना ६९.२३% सन्तुष्ट, ५ जना ७.६९% असन्तुष्ट, र १५ जना २३.०७% ठिकै रहेको पाइयो ।

### ५.२.४ असन्तुष्ट

सबै पेशाव्यवसाय एकैनाशको हुदैन । समय परिस्थिती र आवश्यकताअनुसार फरक पर्दछ । पेशाप्रतिव्यक्तिको धैर्यता मेहनत र लगनशिलताको पनिआवश्यक पर्दछ । आफ्नो व्यापार व्यवसायमा स्वतन्त्रतापुर्वक लगानी गर्न नसक्नु राजनैतिक हस्तक्षेप सामाजिकविकृतीविसङगती संस्कार आर्थिक बोझयातयातको असुविधाबजारीकरणको अभाव सेवा सुविधाबाट टाढा आम्दानीनहुनु जस्ता विभिन्न कारणहरुले उनीहरु असन्तुष्टि हुन्छन् । जसलाई तलतालिकामा देखाइएको छ ।

**तालिका५.६: उत्तरदाताको असन्तुष्टि विवरण**

| क.सं | घरबास व्यवसायमाभएको असन्तुष्टि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सिजनमामात्रचल्ने भएर | ४५ | ६९.२३ |
| २ | आम्दानीकमभएर | ५ | ७.६९ |
| ३ | विकृती बढी देखेर | १५ | २३.०७ |
| | जम्मा | ६५ | १०० |

*स्रोत : स्थलगत अध्ययन*

माथि उल्लेखित जम्मा ६५ जना उत्तरदाताहरुमा यस व्यवसायमा असन्तुष्टिका कारणहरुमा व्यवसाय सिजनमा मात्र चल्ने भएरमा ४५ जना अर्थात ६९.२३ प्रतिशत,जसमा

वर्षतको कारणले यातयातको सुविधा राम्रो नहुने आवतजावतमा कठिनाइ हुने भएकोले हिउदको समयमा चल्ने वर्षातको समयमा कम हुने भएकोले । आम्दानी कम भएर ५ जना अर्थात ७.६९ प्रतिशत, जसमा गाउँमा घरमै उत्पादन गरेको खानाहरु हुने बाहिरबाट ल्याएको सामानहरु प्रयोग नगर्ने र पर्यटकहरुले भने अनुसारको नहुदा आम्दानी थोरै हुने गर्दछ । विकृती बढी देखेर १५ जना अर्थात २३.०७ प्रतिशत जसमा पर्यटकहरु घुम्न रमाइलो गर्न आउने हुनाले व्यवसायीहरुले भने अनुसार नहुने जाँड रक्सी खाने होहल्ला गर्ने, लागु पदार्थहरु प्रयोग गर्ने, ठुला ठुला साउन्ड सिस्टमहरु बजाएर रमाइलो गर्न खोज्ने,होमस्टेको आचारसंहितामा नबस्ने रहेको छ ।

## ५.३ घरबास पर्यटनका सामाजिकबजारीकरण अभ्यास

पर्यापर्यटन तथाहोमस्टे पर्यटनले आर्थिक विकासकाप्रशस्त सम्भावनाबोकेको भएतापनि यस व्यवसायको विकास र विस्तारका त्यतिकै मात्रामा समस्याहरु रहेका छन् । जसमाशान्ति सुरक्षा र बाटो प्रमुख छन् । जसको कारण सोचे जस्तो पर्यटकहरु भित्र्याउननसकिएको बताउनु हुन्छ । तर देशमा उद्योगधन्दातथाअन्यव्यवसायिक स्थिती कमजोर रहेको र जीवननिर्वाहको रुपमा रहेको कृषि प्रणाली पनि परम्परागत रुपमाचल्दै आएको कारण यस पर्यटन व्यवसायमार्फत् आयआर्जन गर्न सकिने स्थानीय स्रोत र साधनको सदुपयोग हुने कुरामादुविधा छैन । यस ठाउँमा पर्यटनहरुले सेवा सुविधाराम्रो भएजाने बेलामा केही टिप्सहरु दिने सामानहरु दिने गर्नुहुदो रहेछ । जसले व्यवसायीहरुलाई अझ राम्रो गर्ने र नयाँलाई यस व्यवसायप्रतिआकर्षण गर्ने वातावरणको सृजनाभएको पाइयो र पाहुनाहरुसँग सधै हाँसेर बोल्ने आफ्नो व्यवसायतथा सेवामा केही समस्याभएयसलाई आउँदादिनहरुमा सुधार गर्दे लैजाने बानीको पनिविकास पाइयो । यहाँपर्यटन व्यवसाय सञ्चालन गरी बस्ने व्यवसायीहरुमायस व्यवसायी सुरु गरे पश्चातविभिन्न परिवर्तनहरु देखिएको छ । जुननिम्नचित्रतथाविश्लेषणबाट देखाइएको छ ।

### ५.३.१ घरबास पर्यटन व्यवसायीतालिम

मानिसहरु परिवर्तन हुनकालागिशिक्षा ज्ञान सिपतथाविभिन्नतालिमहरुको आवश्यकता पर्दछ । यस्ता ज्ञान सिपतथाविभिन्नतालिमहरुको आवश्यकता पर्दछ । यस्ता ज्ञान सिप तालिमहरुबाट मानिसहरुले निपुणता पनि बढ्दै जान्छ र उक्तव्यवसायमा सफलहुनपनि सहयोग प्रदान गर्दछ । तसर्थ अहिले पर्यटन व्यवसायीहरुलाई विभिन्नखालको तालिमहरु दिने

गरिएको छ । यस्ता तालिमहरुले व्यवसायीहरुलाई पहिलाभन्दा फरक तरिकाले पेशा सञ्चालन गर्नका लागिसिप सिकाउँदछन् । यस अध्ययनक्षेत्रमापनियहाँकाव्यवसायिहरुले कुक बेटर गाइड के कस्ता तालिमहरु लिएका छन् । यस सम्बन्धमाउनीहरुलाई के कस्तो ज्ञान छ भन्ने कुरा प्रत्यक्ष रुपमाअवलोकन गरिएको छ । जसलाई तल तालिकामा देखाइएको छ ।

**तालिका५.७.: उत्तरदाताको पर्यटन तालिम विवरण**

| क.सं. | तालिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लिएको छु | ५४ | ८३.०७% |
| २ | लिएको छैन | ११ | १६.९२% |
| | जम्मा | ६५ | १०० % |

*स्रोत : स्थलगत अध्ययन*

यस अध्ययन क्षेत्रपोखरा देखि केही टाढा पर्दछ । यातयातको सहजता छैन तैपनिविभिन्न संघ संस्थाहरुले होमस्टे प्रबर्द्धन गर्ने उद्देश्यले गाउँमा र शहरमा विभिन्नखालको तालिमहरु दिने गरेको पाइयो । तालिलमा कुक वेटर हस्पीटालीटी ट्रेकिङ गाइड बोल्ने शैली जस्ता विभिन्न क्षेत्रहरु समेटेर तालिमदिइएको पाइयो । अझै पनिउनीहरु तालिमप्रतिआकर्षण रहेको पाईयो । यहाँ ६५ जनाउत्तरदाताहरु मध्ये होमस्टे सञ्चालन सम्बन्धितालिएको ५४ जनाअर्थात ८३.०७प्रतिशत र तालिमनलिएको ११ जनाअर्थात १६.९ प्रतिशत रहेको पाइयो ।

### ५.३.२ तालिमको विवरण

होमस्टे व्यवसायमा आवद्ध भएकाव्यवसायीहरुलाई अध्ययन गरी उनीहरुलाई व्यवसायमा संलग्नहुनु पुर्व कुनै तालिमहरु लिएको नलिएको लिएको भए के के तालिमलिनु भएको छ भनी सोध्दाउत्तरदाताहरुले दिएको जवाफतल तालिकामादेखाइएको छ ।

**तालिका ५.८.: उत्तरदाताको तालिमको विवरण**

| क.सं | तालिमविवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कुक वेटर | ३५ | ५३.८४% |
| २ | गाइड | २० | ३०.७१% |
| ३ | कुनैपनितालिमनलिएको | १० | १५.३८% |
| | जम्मा | ६५ | १००% |

स्रोत : स्थलगत अध्ययन

यहाँ ६५ जनाउत्तरदातामध्येमा कुक तालिमलिएको ३५ जनाअर्थात ५३.८४% प्रतिशत गाइड तालिमलिएको २० जनाअर्थात्३०.७१% प्रतिशतकुनै पनितालिमनलिइएको १० जना १५.३८% प्रतिशतपाइयो । हामीले कुनै पनिपेशाव्यवसाय सञ्चालन गर्नु पुर्व त्यस व्यवसायलाई कसरी सबल र सफलबनाई सञ्चालन गर्ने भन्ने विषयमाजानकारी हुन जरुरी छ अनिमात्रहामीआफ्नो व्यवसायमा सफलताहासिल गर्न सक्छौं । यस ठाउँमा घरबास पर्यटन व्यवसाय संञ्चालन गरी बसेका व्यवसायीहरुले स्थानीययुवाहरुलाई रोजगारीको अवसरहरु मिलेको छ । ट्रेकिङ गाइड विभिन्नचियापसलहरु सञ्चालन गर्न मद्धत पुगेको छ ।

### ५.३.३ व्यवसाय सुरु गरेको समय (वर्ष)

होमस्टे व्यवसाय सञ्चालन गरेको होमस्टे व्यवसायीहरुको अध्ययनगर्दा उनीहरुको व्यवसाय सुरु गरेकोमा धेरैले गर्वको महसुस गरी यस व्यवसायलाई व्यवस्थित र मर्यादित ढङगले अगाडी बढिरहेको जानकारी गराउनुभयो । केहीवर्ष पहिलालेककागोठहरुमा चिया बेच्ने स्थानीय घरहरुमापाहुनालाई स्वागत सत्कार गर्ने गर्दथ्यो । यहीव्यवसायलाई व्यवस्थित र मर्यादित ढङले अगाडी बढाउन गाउँगाउँमाहोमस्टे सञ्चालन गरिरहेको छ । केहीवर्ष पहिलाविदेशी पर्यटकहरु भरिया गाइड सहित ठुलो समुहमाआएर गाउँमाखाली ठाउँहरुमा स्कुलहरुमा टेण्ड टाँसेर बस्ने गर्दथ्यो । यहाँको युवाक्लबआमा समुहहरुसँगमिलेर नाचगान गर्ने रमाइलो गर्ने गर्दथ्यो । अहिले पछिल्लो समयमा पर्यटकको संख्यापनिकम र समुहमाआउन छाडेको छ । २-४ जनाको समुहमाआउने गर्दछ । यसरी आउँदाहोमस्टेहरुमाबास बस्ने गर्दछ । गण्डकी प्रदेशमा पर्यटन व्यवसायीलाई मजबुतबनाउन गण्डकी प्रदेश सरकारले विभिन्नकिसिमकापर्यापर्यटन प्रबर्द्धन कार्यक्रमहरु सञ्चालनमाल्याएको छ । पर्यटन पदमार्ग होमस्टेको स्तर

उन्नतीगाउँगाउँमा सामुदायिकभवन स्थानीयकला संस्कृतिझल्कने म्युजियमगाउँप्रवेशद्धारा गेटहरु निर्माण गर्दा प्रदेश सरकारले सहयोग गरेको छ । यस व्यवसायमालागेको कतिवर्ष भयो भन्ने तलतालिकामा देखाइएको छ ।

**तालिका ५.९: उत्तरदाताको व्यवसायिक अवधि**

| क.सं | वर्ष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ – ३ | ३० | ४६.१५ |
| २ | ३ –५ | १५ | २३.०७ |
| ३ | ५ भन्दा माथि | २० | ३०.७६ |

*स्रोत : स्थलगत अध्ययन*

माथिउल्लेखित तालिकामा ६५ मध्ये १–३ वर्ष व्यवसाय सञ्चालन गर्ने ३० जनाअर्थात ४६.१५ प्रतिशत ३–५ वर्ष व्यवसाय सञ्चालन गर्ने १५ जनाअर्थात २३.०७ प्रतिशत ५ वर्ष भन्दा बढी व्यवसाय सञ्चालन गर्ने १५ जनाअर्थात २० प्रतिशत ३०.७६ प्रतिशतदेखाइएको छ ।

## ५.४ होमस्टे सञ्चालनमा देखिएकाप्रभाव र समस्याहरु

आर्थिक विकासको मुख्यआधार नेपालमा पर्यटन हो भन्नेमा कसैको विमती छैन । पर्यटनबाट समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वास छ । नेपाल एउटा भुपरिवेष्ठित राष्ट्र हो । यसको विकास गर्नका लागिगाउँगाउँमाहोमस्टेहरु सञ्चालन गर्ने र पर्यापर्यटनमा जोड दिई यस ठाउँको विकास गर्न एकजुट भई अगाडी बढ्न सक्दछौं । पर्यटनको विभिन्न सम्भावनाहरु रहेको यस ठाउँमा होमस्टे सञ्चालन गर्न सके देशको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदानदिन सक्दछ ।

यस ठाउँमा पर्यटनको सुरुवातसँगै यहाँकामानिसहरुको आयआर्जनमा वृद्धि भएको छ । आफनो गाउँमाउत्पादितकृषिउपजलगायतअन्य सामानहको खपतगाउँमै भएको छ । महिलाहरु घर गाउँमाहातले बुन्ने कपडाहरु जस्तै राडी पाखीभाङग्रा टोपी झोलाबाखु गलौचा चकटी जस्ता सामग्रीहरु घरबाटै उचितमुल्यमापाउँदाउनीहरु खुसीभएका छन् । जसको कारणले परिवारमा खुसीआएको छ । कामको विभाजनभएको छ । घर खर्च चलाउनबालबच्चा पढाउन र बाँकी रहेको रकम बचत स्वरुपजम्मा गरेका छन् ।

पर्यटनको आगमन सँगसँगै घर टोल छिमेकी वरपर सरसफाई राख्नुपर्ने सोचमाशिक्षाको स्तरमा वृद्धि गनुपर्ने सोचको विकास भएको रहेछ । अहिले उनीहरु गाउँमाविभिन्न सामाजिककार्यहरु सामुदायिकविकासकाकाममा कृषिमालगायतअन्य सामुहिक कृयाकलापहरुमा सक्रियभएर लागि रहेका छन् । होमस्टे सञ्चालकहरुको आफनो छुटै समुह रहेको छ ।जुन समुहले आम्दानीको ५% रकमजम्मा गरी यस सँग सम्बन्धितकामहरु गर्ने गर्दछन् र आवश्यकताअनुसार अरु क्षेत्रमापनिप्रयोग गर्ने गर्दछन् । यसैगरी अन्य समुहहरु आमा समुहयुवा समुह टोल सुधार समुह गरी रहेका विभिन्न समुहहरुसँग सहकार्य गरी आवश्यकताअनुसार कामहरु गर्ने गर्दछन् ।

### ५.४.१ होमस्टे सञ्चालनमा रहेका समस्याहरु

गाउँगाउँमाभएको हुनाले व्यापकप्रचार प्रसार गर्न नसक्नु यस क्षेत्रको अध्ययन र अनुसन्धान गर्न नसक्नु गरेको खण्डमा पनिआवश्यकप्रकाशन र पत्रपत्रिका रेडियो टेलिभिजनमार्फत प्रसार प्रचार नहुनु पर्यटकहरुलाई उनीहरुको आवश्यकताअनुसारको खानपिनबसोबास सुरक्षा इन्टरनेटको सुविधादिननसक्नु गाउँमाआउने कच्ची बाटो भएकोले आउनजान सहजनहुनु भाषिक समस्याहुनु आदी ।

**तालिका ५.१० : उत्तरदाताको पर्यटन व्यवसायका समस्याहरु**

| क.सं | पेशाका समस्याहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रचार प्रसार नहुनु | २० | ३०.७६ |
| २ | यातयातको समस्या | २० | ३०.७६ |
| ३ | इन्टरनेटको समस्या | १५ | २३.०७ |
| ४ | सुरक्षाको अभाव | १० | १५.३८ |
| | जम्मा | ६५ | १०० |

*स्रोत : स्थलगत अध्ययन*

यस तालिका अनुसार ६५ जना होमस्टे व्यवसाय सञ्चालन देखिएका समस्याहरुमा प्रचार प्रसार नहुनुमा २० जना अर्थात ३०.६७ प्रतिशत, गातगातको समस्यामा २० जना अर्थात ३०.६७ प्रतिशत, इन्टरनेटको समस्यामा १५ जना अर्थात २३.०७ प्रतिशत, र सुरक्षाको अभावमा १० जना अर्थात १५.३८ प्रतिशत देखाइएको छ ।

### ५.४.२ होमस्टे आउने पाहुनाबाट हुने समस्याहरु

पाहुनाहरुबाट हुने समस्याहरु नेपाललगायतहाम्रो देश जस्ता अन्यअल्पविकसित देशहरुमापनिगम्भीर आइरहेका वा उठिइरहेका विषयहरु हुन् ।पर्यटनमा कस्ता खालकाअनुशासनहुनुपर्दछ भन्ने सामान्य कुराहरु पनिकतिपयआन्तरिक तथाबाह्य पर्यटनमा देखिएको पाईदैन । उनीहरु लागु पदार्थ सेवन गर्ने झैझगडा गर्ने खानाखर्च बास खर्चको पैसा तिर्न नमान्ने र एकमुष्ठ रुपमा हेर्दा नेपाली पर्यटकहरुले भन्दापनिकमखर्च गर्ने गर्दछन् । यसैले सरकारले होमस्टे भएको ठाउँहरुमा जानु पूर्व नै त्यस ठाउँको आचार संहिताको राम्रोसँगप्रचार प्रसार गर्नुपर्दछ ।सरकारले राम्रो देशको पर्यटकहरुलाई ल्याउननसक्दाउनीहरुको खर्चको स्तर नेपालीपाहुनाहरुले गर्ने खर्च भन्दापनितल्लो स्तरको हुने देखिन्छ ।

**तालिका ५.११ : उत्तरदाताको होमस्टेमा आउने पाहुनाबाट हुने समस्याहरु**

| समस्याहरु | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक | ४० | ६१.५३ |
| साँस्कृतिक | २० | ३०.७६ |
| आर्थिक | ५ | ७.६९ |

*स्रोत : स्थलगत अध्ययन*

यस अध्ययनमा पर्यटनकहरु फरक फरक देशका फरक फरक स्वभाव र व्यवहार भएका मानिसहरु आउने गर्दछ । उनीहरुलाई सबै किसीमको अनुकुल वातावरण हुदैन । पर्यटकहरु छुटी मनाउन आएको रमाइलो गर्नुपर्दछ भनी खाई पिई रमाइलो गर्ने हो हल्ला गर्ने समितीले तोके भन्दा धेरै समय सम्म नाचगान गर्ने, गर्न खोज्ने, साउण्ड सिसटमहरु बजाएर अरुलाई डिस्टब गर्ने हो हल्ला गर्ने ठूलो समूहहरु आउदा झै झगडा जस्ता समस्याहरु ल्याउनेमा ४० जना अर्थात ६१.५३ प्रतिशत, गुरुङ समुदायको बाहुल्यता रहेको क्षेत्रमा बिस्तारै आफ्नो रितीरिवाज रहनसहन परम्पराहरु हराउँदै पश्चिमा सँस्कृतिको प्रभाव पर्दे गएकोमा २० जना अर्थात ३०.७६ प्रतिशत, र होमस्टेमा आएर बास बसी यहाँको सेवा सुविधाहरु लिएर जाने बेलामा हामी सँग पैसा कम छ विद्यार्थी अध्ययनको लागि आएको हो सहुलियत गरिदिनु पर्यो भन्ने जस्ता आर्थिक समूया देखाउनेमा ५ प्रतिशत अर्थात ७.६९ प्रतिशत रहेको पाइयो ।

### ५.४.३ भाषागत समस्या

भाषा सञ्चारको महत्वपुर्ण माध्यम हो । जसबाट आफ्नो कुरा अरुलाई बुझाउन सकिन्छ र अरुको कुरा बुझ्न र सुन्न सकिन्छ भाषाबिनाहामीकेही गर्न सक्दैनौ । पर्यटन व्यवसायमा होमस्टे सञ्चालनमा व्यापार व्यवसायको लागि त झनै महत्वपूर्ण हुन्छ । होमस्टे सञ्चालनमापनिआउने पर्यटनहरुको लागि सभ्यभाषाकोआवश्यकता हुन्छ तैपनिहाम्रो शैक्षिक स्तर जात र समुदाय फरक फरक भाषाहरु बोल्ने गर्दछ । यसले गर्दा होमस्टेमा आउने पाहुनाहरुको लागिभाषागत समस्याहरु बढी हुने गर्दछ ।

हाम्रो गाउँ समुदायमा पनि पर्यटकहरुको चाप स्वदेशीभन्दाविदेशी नै रहेको हुन्छ । विदेशी पर्यटकहरुसँग हाम्रो पहिलो समस्याभनेको भाषगत समस्या नै हो । भाषगत समस्याका कारण एक अर्कामा भएको बुझाई वा कुरालाई बुझ्न गाह्रो हुन्छ । पर्यटनको भित्री कुरा सार भाषामा रहेको हुन्छ जसका कारण आजमुख्य-मुख्यदेशहरुको भाषासिक्ने पढ्ने गरेको पाइन्छ । हामीलाई अरुको भाषा बुझ्न मात्र होइन सामान्य लेखपढ गर्न पनिगाह्रो हुने गर्दछ । यस क्षेत्रकाव्यवसायिकहरुलाई भाषाको के कस्तो कठिनाई रहेको छ वा छैन भन्ने पक्षलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.१२ : उत्तरदाताको भाषिक समस्या**

| भाषिक समस्या | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| छ | ५० | ७६.९२ |
| छैन | १५ | २३.०७ |

*स्रोत : स्थलगत अध्ययन*

ग्रामीण क्षेत्रमा बसोबास गर्ने प्राय धेरैजसो शैक्षिक अवस्थाको क्षेत्रमा शहरी क्षेत्रको भन्दा न्यून हुन्छ । होमस्टे सञ्चालन गर्ने व्यक्तिहरु पनि त्यही अवस्थाको रहेको छ । उनीहरुलाई भाषिक समस्या छ भन्नेमा ५० जना अर्थात ७६.९२प्रतिशत, र भाषगत समस्या त्यति छैन भन्नोमा १५ जना अर्थात २३.०७ प्रतिशत रहेको छ ।

#### ५.४.३.१ उत्तरदाताहरुको भाषागत समस्या समाधानहरु

यस अन्तर्गत क्षेत्र ग्रामीण क्षेत्रमा पर्ने र यहाँप्राय बुढाबुढी अशिक्षितमानिसहरुको बसोबास रहेको हुँदाउनीहरुमाविदेशी पर्यटकहरु आउँदा केहीभाषागत समस्या रहेको पाइयो । उनीहरुले यस खालको भाषागत समस्याहुँदाअन्यव्यवसायिवाअरुको सहयोग लिई वाहातको इसारा गरी यस समस्याको समाधान गर्ने गरेका रहेछन् । जसको विस्तृत विवरण तलउल्लेख गरिएको छ ।

**तालिका ५.१३ : उत्तरदाताको भाषागत समस्या समाधानहरु**

| क.सं | भाषाको समस्या र समाधान | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हातको इशारा गरेर | ४० | ६१.५३ |
| २ | अरुको सहयोग लिएर | २० | ३०.७६ |
| ३ | अन्य | ५ | ७.६९ |
| | जम्मा | ६५ | १०० |

*स्रोत : स्थलगत अध्ययन*

माथिको तालिकामा अध्ययन गर्दा अध्ययन क्षेत्रका ६५ जना उत्तरदाताहरुलाई गरिएको अनुसन्धान र उहाँहरुले पर्यटनहरुसँग भाषागत समस्या हुँदा कसरी समाधान गर्नुहुन्छ भन्ने प्रश्नमा ४० जना अर्थात ६१.५३ प्रतिशतले हातको इशारा गरेर, २० जना अर्थात ३०.७६ प्रतिशतले अरुको सहयोग लिएर, र ५ जना अर्थात ७.६९ प्रतिशतले अन्य तरिकाले भाषागत समस्याको समाधान गरेको बताउनुभयो ।

### ५.४.४ घरबास पर्यटनले ल्याएकाप्रभावहरु

अहिलेको समयमा नेपालमाआर्थिक विकासको आधार पर्यटन भएकोमा कसैको विमती छैन किनकीअहिले हाम्रो देशमाउद्योग धन्दातथाअन्यव्यवसायको स्थिती सन्तोषजनक छैन र जीवननिर्वाहको रुपमा रहेको कृषि प्रणाली पनि परम्परागत रुपमा सञ्चालित छ । वैकल्पिक रोजगारीकाअभावका कारण रोजगारीको निम्तीअन्यविदेशीभुमिमा युवावर्गहरु दिनप्रतिदिनपलायनभएका डाटाहरु हामीविभिन्न समाचार लेखहरुबाट प्राप्त गर्न सक्छौ । तर अहिले देशमा आएको राजनितीक परिवर्तनसँगै नेपालको ग्रामीण क्षेत्रमाभएको होमस्टे पर्यटन प्रबर्द्धन मार्फत धेरै मानिसहरुको आफ्नो आयआर्जनमा वृद्धि ल्याएको हामी पाउँदछौं । नेपालमा पर्यटकीय सम्भावनानभएका डाँडापाखा र गाउँकमै छन् जहाँ स्थानीय परिकारहरुको स्वादलिदै उनीहरुको संस्कृति संस्कार र जीवनशैलीको बारेमा नजिकबाट

नियालेर पारिवारिक वातावरणमा स्थानियलोक संस्कृतिमा रमाउनपाइने हुँदा धेरैलाई होमस्टे सेवाले आकर्षण गरिरहेको छ ।

होमस्टे सञ्चालनगर्दा समाजमा सकरात्मक र सुधारात्मकदुवै खालको प्रभावहरु परेको हुन्छ । तर यसको सुधारात्मकप्रभावहरुको न्युनिकरण गर्ने सकरात्मकप्रभावपर्ने खालकापक्षहरुलाई अगाडी बढाई व्यवसाय सञ्चालनगर्नुपर्दछ । समाजमा सकरात्मक सोचको बिकास गर्न विकासका पुर्वाधारहरुको निमार्ण गर्न आफ्नो पुराना धर्म सँस्कृतिहरुको जर्गेना गर्न गाउँमा एक अर्को प्रति सहयोगी भावनाको विकास गर्न खानपिन बोलीचाली र सरसफाई आदी क्षेत्रमा यसले सकरात्मक प्रभाव पारेको देखिन्छ ।

यस ठाउँमा होमस्टे सेवा सुरुवात सँगै व्यवसायीहरुको आम्दानीको स्तरमा वृद्धि आएको छ । जसले गर्दा उनीहरु आर्थिक रुपमा सबल बन्दै गएका छन् । व्यवसायबाट प्राप्तआम्दानी केही बचत गर्ने गरेको पनिबताए । यस्तै स्थानीय स्तरमा उत्पादित कृषिउपजत्यहीखपतभएको छ । जसले गर्दा अन्यमानिसहरुको आयआर्जनमापनि वृद्धि भएको छ । यस्तै गाउँमा संस्कृतिझल्कने चोयाको टोकरी भाङग्र झोला राडी पाखीचकटी जस्ता सामानहरु पाहुनाहरु फकिएर जाँदालिएर जादाँ रहेछन् । यसै गरी गाउँमाउत्पादन गरेको मह ध्यु गुन्द्रुक कर्कलो लप्सीको अचार जस्ता वस्तुहरु खरिद गरी सम्झना स्वरुपलिएर जाने गरेको पाइयो । यसरी कतिपयले आफ्नो आम्दानी गरिरहेको घर खर्च चलाईरहेको र बाँकी रकम बचत स्वरुप सहकारीमाजम्मा गरेको पाइयो ।

स्थानीय स्तरमा उत्पादित वस्तुहरुबाट आफ्नो घरमा आउने पर्यटनहरुका लागिभिन्नभिन्नप्रकारका खानाहरु खुवाउने र राम्रो आम्दानीभइरहेको हुनाले होमस्टे सञ्चालकहरु खुसी छन् । त्यती मात्र नभएर स्थानीय स्तरमा उत्पादनहुने सामग्रीहरुले राम्रे बजार भाउअर्थात राम्रे मुल्यमाबिक्रीभएको हुनाले पनि स्थानीयहरु सुखीछन् । यसैगरी होमस्टे सञ्चालक मात्र नभई कृषि क्षेत्रमाकाम गर्ने कृषकहरु पनिआफ्नो घर आँगन खेतबारीबाट नै बस्तुको मुल्य राम्रे पाएको हुनाले खुसी छन् । गाउँमा रहेको विभिन्न पाटी पौवाधारा पधेरा बाटो घर आँगन छेउछाउ सरसफाई भएकाले गाउँलेको जीवन स्तर नै परिवर्तन भएको देखिन्छ । पर्यटनहरुको लागि स्थानीयआमा समुहयुवाक्लबहरु एकजुट भई स्वागत सत्कार तथाआफ्नो साँस्कृतिककार्यक्रमहरुमा सहभागीहुने गरेको छ ।

# अध्याय छ

# सारांश,मुख्यप्राप्ती र निष्कर्ष

## ६.१ साराशं

प्राकृतिकधार्मिक साँस्कृतिकजैविकविविधताले भरिएको देश विश्वसामु एक पर्यटकीय गन्तव्यको रुपमा परिचितविश्वको नक्सामाएसियामहादेशको मध्यभागमाअवस्थित नेपालप्राकृतिकमनोरम दृष्यद्धारा सुसज्जित एक बहुभाषिक बहुजातिय गणतान्त्रिक स्वतन्त्र देश हो ।नेपालको सामाजिकआर्थिक रुपान्तरणमा पर्यटनको अत्यन्तठुलो भुमिका रहेको छ । यसको मुख्य क्षेत्र नै त्यहाँको प्राकृतिक सौन्दर्य हिमाल पहाड तराई र विभिन्नतालतलैया झर्ना उकालीओरालीहरु हुन् । विभिन्नजातजातीको बसोबासी चाडपर्व रितीरिवाजधर्म संस्कृतिएवम् यहाँको धार्मिक विश्वास मठ मन्दिर देबलहरु गुम्बाहरु हुन् । यसैगरी अग्लाअग्लाहिमश्रृङखलाहरुले गर्दा पनि यस ठाउँमा पर्यटनहरु आउने गर्दछ । पहाड पर्वतहरुमाअध्ययनको लागिआउने गर्दछ । यस ठाउँको भाषाशैली भेषभुषा रितीरिवाज सँस्कृतिखानपानवातावरणमा कसरी घुलमिल हुनेभाषाशैली कसरी बुझ्ने खानपानको अवस्था कस्तो छ ती सबै विषयहरु होमस्टे आउने पाहुनाहरु जान्न र बुझ्न इच्छुक गर्दछ । नैपाल सरकारले पनिअहिले होमस्टे व्यवसायलाई धेरै लगानी गरेको छ । केन्द्रिय बजेट प्रदेश स्तरका बजेटहरु पर्यापर्यटनकोलागिखर्च गर्नै गरेका छन् । जसमा पर्यटकीय पदमार्ग विभिन्न पर्यटकीय विभिन्न पर्यटकीय गन्तव्यहरु छनौट गरेर यसको स्तर उन्नती र प्रचारप्रसार गर्ने विभिन्नअभियानहरु सञ्चालन गर्ने गरेको छ । यसको लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलेस्थानीय संघ संस्थाआमा समुहविद्यालययुवा समुह स्थानीय निकायहरुसँगसहकार्य गरेर अझ अगाडी बढाउनु पर्नै राम्रो गनुपर्ने देखिन्छ ।

होमस्टेमा आउने पाहुनाहरु एक ठाउँबाट अर्को ठाउँमा जाने घुम्ने मात्र सोचले आएकाहुदैनन् । कतिपय घुम्ने उद्देश्यले आएका हुन्छन् भने कतिपय स्वदेशितथाविदेशीविद्यार्थीहरु अध्ययनको शिलशिलामात्यहाँका रितीरिवाज रहजसहन भाषाशैली भु-वनोट प्राकृतिकवातावरण जैविकविविधतामुल्यमान्यताधार्मिक आस्था जस्ता विषयहरुमाअध्ययन गर्न आएका हुन्छन् । कतिपयविभिन्नसरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुमा आबद्ध भएकाव्यक्तिहरु कामकालागिआउने गर्दछन् । यसरी

आउने क्रममाउनीहरुले यस ठाउँको भाषा संस्कृतिरहनसहन रितीरिवाजमुल्यमान्यता जीवनशैलीको बारेमा बुझ्ने र नजिकबाट नियाल्ने गरेका हुन्छन् । यस अध्ययनको मुख्यखोजीपनियही ठाउँको होमस्टे सञ्चालन गर्ने महिलाहरुको अवस्था कस्तो छ उनीहरुमा सम्पत्तीकौ पहुँच छ की छैन आर्थिक अवस्था कस्तो छ । होमस्टे सञ्चालन गरी आएको रकमलाई पेवाबचतको रुपमा कसरी प्रयोग गरेका छन् र यसले परिवारमा कस्तो प्रभावपारेको छ भन्ने विषयलाई विश्लेषण गर्नु हो । यस अध्ययनमाहोमस्टे सञ्चालकहरुले कसरी सञ्चालन गरेको छन् र यसल यसरी समुदायमाआउने पर्यटकहरुले खाने बस्ने लगायतकाव्यवस्थापनमा गरिने खर्च र आम्दानीको बारेमा विश्लेषणात्मक अध्ययन गर्ने र आम्दानीबाट खर्च भएको रकम कट्टा गरी आम्दानी स्वरुपजम्माभएको रकमलाई कसरी पेवाबचतको रुपमाप्रयोग गरिएको छ भन्ने विषयलाई विश्लेषणात्मक तरिकाले विश्लेषण गर्नु हो । यस अध्ययनमाहोमस्टेमा मासिककतिआम्दानी हुन्छ । होमस्टेलाई अरु संघ संस्थाले सहयोग गरेको छ की छैन आएकापाहुनाहरुलाई कसरी व्यवस्थापन गर्नुहुन्छ । होमस्टेमा आम्दानी रकमलाई कुनप्रयोजनकालागिप्रयोग गर्नुहुन्छ । समुदायमाहोमस्टेको योगदान के छ, समुदायका अरु मान्छेले यस पेशालाई कसरी लिएका छन् । यसलाई अझ राम्रो बनाउन के गर्न सकिन्छ जस्ता विभिन्नप्रश्नहरु बनाई यस अध्ययन गरिएको छ ।

यस व्यवसाय गर्नु पुर्व गाउँमाआन्तरिक तथाबाह्य पर्यटकहरु आउने गर्दथ्यो । यस समयमाव्यवस्थिततरिकाले होमस्टे सञ्चालनथिएन । पाहुनाहरु आयो भने खानाबस्नको व्यवस्था छ भन्ने तरिकाले आउने बस्ने गर्दथ्यो । खानाबस्नको शुल्ककतिभन्ने पनिथिएनदिने र लिने बिच मात्रासिमीत रहन्थ्यो । होमस्टे पर्यटन भन्ने विषयमा केहीथाहाथिएन । गाउँमाविभिन्न सरकारी तथा गैह्र संघ संस्थाहरुले विभिन्नकिसीमकाकामहरु गर्ने जस्तै वनवातावरण संरक्षण, खाने पानीमुलमुहान संरक्षण, जैविकविविधताप्राकृतिक सम्पदाको संरक्षणको लागिविभिन्न परियोजनाहरु सञ्चालनभयो । त्यसपछी यी कार्यहरु गर्दागर्दै यस ठाउँमा होमस्टे सञ्चालनगर्दा कस्तो होला कसरी गर्न सकिन्छ होलाभन्ने जिज्ञासा आयो यसपछी समुदायसँग छलफल भयो । छलफलमा समुदायको मानिसहरुले कतिपय ठिकै छ गनुपर्छ भन्ने प्रस्तावआयो कतिपयले किनगनुपर्यो भनीहोमस्टे दर्ता गराउने बेलामा समुदायकामानिसहरु दर्ता गर्न नमान्ने पाहुनाहरु आए केहीसिमीतव्यक्तिको घरमा बस्छन् । हाम्रो घरहरुमा बस्दैन होला

पाहुनाहरुसँगअंग्रेजीबोल्नुपर्छ अंग्रेजीबोल्न आउँदैन उनीहरुले खाने जस्तो खानापकाएर खुवाउनजान्दैन जस्ता विविधखालका समस्याहरु यसैगरी होमस्टे सञ्चालन गर्नका लागिभौतिक संरचनाहरु घरमा कोठाहरु थप्ने भान्छाकोठा ट्वाइलेट बाथरुम जस्ता संरचनाहरु खर्च गरेर बनाएपछि पाहुनाआउने होकी हैन त्यहीसिमीत घरहरुमा मात्र बस्ने होकीलगानी गरेर बेकार खर्च मात्रहुने होकीभन्ने जस्ता चिन्ताहोमस्टे सञ्चालकहरुको थियो । कतिपयसमुदायकामानिसहरुले कतिपय ठिकै छ गनुपर्छ भन्ने प्रस्तावआयो कतिपयले किनगनुपर्यो भन्ने जस्ता विचारहरु पनिआयो । यसपछि माछापुच्छे विकास संघको सहयोगमाहोमस्टेको सुरुवात गनुपर्छ भनेर सुरुवात भयो । यसपछि सानो सानो गाउँभएको हुनाले ५ देखि १० जना १५ जनाको समुहबनाई सामुदायिकहोमस्टे स्थापना र सञ्चालन गरेको पाइयो । अहिले मेरो अध्ययनको क्षेत्रभित्र ६५ घरमा होमस्टे सञ्चादन गरिएको छ । होमस्टे व्यवसाय सञ्चालनपश्चात् गाउँमा धेरै परिवर्तनहरु भएको पाइयो । घरभित्रचुलोमा मात्रसिमितआमाहरु अरु व्यवसाय गरेर आम्दानी गर्न थालेका छन् ।होमस्टे सञ्चालन गरेपछि महिलाहरुको आम्दानीको श्रोत बनेको छ । गाउँमाउत्पादनहुने फलफुल तरकारी लगायतकाकृषिउत्पादनहरु गाउँमै खपतहुने गरेको छ । व्यवसायिक रुपमाकुखुरा पालन गरेर पनिआम्दानीगरेको छ । घरमा उत्पादनहुने तरकारी अन्नबाली, फलफुल राडी पाखी लगायतका सामग्रीहरु बिक्रि गरेर पनि राम्रो आम्दानी गरेको छ । साथै सरकारी तथा गैह्र सरकारी संस्थाहरु मार्फत्को सहयोगले भौतिक संरचनाहरुको निर्माण साथै प्रचार प्रसार व्यापकभएको छ । जसले गर्दा होमस्टेको अझै प्रचार भएको छ र पाहुनाहरु आउने क्रम जारी रहेको छ ।

पर्यटन व्यवसायलाई होमस्टे व्यवसायलाई स्तरीय र गुणस्तरीय बनाउनकालागिगाउँमा रहेका विभिन्न समुहहरुको कामको विभाजनआमा समुह स्वागत सत्कार गर्ने बाटोघाटो सरसफाई गर्ने स्थानीय परिकारहरु बनाएर खुवाउने साँस्कृतिककार्यक्रमहरु प्रस्तुत गर्ने बाटोघाटो सामुदायिकभवनहरु निर्माण गर्ने जस्ता विभिन्नकामहरु गरेको पाइयो । गाउँमाविभिन्नजातजातीहरु कामी, दमाई, सार्की, गुरुङ, मगर, तामाङ, राई जस्ता जातजातीहरु रहेपनिमिलेर बसेको पाइयो । विद्यालय स्वास्थ्य क्षेत्रको अवस्थापनि राम्रो रहेको पाइयो । खानपिनबसाई र आतिथ्यता राम्रो रहेको पाइयो । होमस्टे सञ्चालन गरेका व्यक्तिहरु खुसी छन् र अरु समुदायका घरहरु

पनिहोमस्टे सञ्चालन गर्न इच्छुक रहेको पाइयो । होमस्टे सञ्चालकले पाहुनाहरुलाई खाना बस्न स्वागतआतित्यथा गेर आम्दानी गरेको छ भने समुदायका अरु व्यक्तिहरुले स्थानीयखानपान कृषिपशुपालन तरकारी राडी पाखीलगायतकाविभिन्नउत्पादनहरु गरेर आम्दानी गरेर आफ्नो उत्पादनजिवीकोपार्जनरआम्दानीगरेका छन् । होमस्टेमा पाहुनाहरुको आगमनले गर्दा आर्थिक सामाजिक सांस्कृतिक परिवर्तन आएको छ । आम्दानीको स्रोतहरु बढेको छ । गाउँघर, घरआँगन सफासुगर भएको छ । बाटोघाटो बिग्रने बित्तिकै मर्मत संभार गर्ने भएको छ । गाउँमाराम्रो सेवा सहितको स्वास्थ्य चौकी रहेको छ । माध्यमिकतह सम्मको शिक्षागाउँमै उपलब्ध रहेको छ । स्थानीयहरु नेतृत्व गर्न सक्ने क्षमतामा परिवर्तन आएको छ । महिलाहरुले पनि समाजको नेतृत्व गर्न सक्ने भएका छन् । होमस्टे व्यवसायप्रति समुदायमा समुदायको सकरात्मकप्रभाव परेको छ । हरेककामहरु गर्दा एकजुट भएर अगाडी बढ्ने धेरै जसो कामहरु गर्दा आमा समुहको प्रतिनिधित्वमा गर्ने गरेको पाइयो ।

होमस्टे सञ्चालनमाहामीले अध्ययन गर्ने क्षेत्रमा कसरी सञ्चालन गरीरहेका छन् । यो व्यवसायबाट सन्तुष्ट छ की छैन, व्यवसाय सञ्चालन पछि आम्दानीको अवस्था कस्तो छ, होमस्टे सञ्चादन गर्नेमा महिलाको संख्या र पुरुषको संख्यामा कतिको अन्तर छ, महिलाहरुले नेतृत्व गरेर सञ्चालन गरेको होमस्टेमा महिलाको नाममात्र छ की सम्पतिको अधिकार पनि रहेको छ । आम्दानी र खर्चको अवस्था कस्तो छ, आम्दानी गरेको रकमबाट खर्च गरी रहेको बाँकी रकमलाई कसरी बचतको रुपमा संकलन गरिएको छ । अध्ययनगर्ने क्षेत्रमा कसरी एकताभएर काम गर्न सकिन्छ । समाजमायसले कस्तो भुमिकानिर्वाह गर्दछ । संस्कृतिलाई हाम्रो संस्कारलाई कसरी प्रस्तुत गर्न सकिन्छ । हामी कसरी एक ठाउँमा बसेर विश्वको बारेमा जान्नबुझ्न र अध्ययनगर्न सक्छौ, एक व्यक्ति कसरी विश्व परिक्रमा र अध्ययन गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट हुन्छौं । विश्वका कति ठाउँका मानिसहरुले हाम्रो भाषा संस्कृति रहनसहनको बारेमा अध्ययन गर्न सक्छ भन्ने विषयमाबुझ्न सक्दछौं । घरभित्रसिमित रहेका आमाहरुसँग भएको कला र क्षमताकौ बारेमा बुझ्न सक्दछौं । होमस्टेबाट आयआर्जनका साथ साथै धेरै कुराहरु बुझ्ने सिक्ने मौका आमादिदिबहिनीहरुले पाएका छन् । पोखरा फेवाताल र पञ्चासेसँग जोडिएको क्षेत्र भएकोले विकासकालागिआर्थिक सामाजिक साँस्कृतिकराजनैतिक र शैक्षिक हरेक क्षेत्रमा सम्भावना रहेको क्षेत्र हो । यतिहुँदाहुँदै पनिविभिन्न कारणहरुले गर्दा पछाडी परेको छ ।

ती समस्याहरुलाई समाधान गर्न हरेक घरबाट हरेक महिलाहरुले आवाज उठाउनु जरुरी छ र अगाडी बढ्नु जरुरी यसको लागिहोमस्टे सञ्चालन गर्ने महिलाहरुको महत्वपुर्ण भुमिका रहेको छ । किनकी घर परिवार समाजविकास निर्माणको काम घर व्यवहार आम्दानीखर्च हरेक क्षेत्रमा गृहणी घर सञ्चालनगरिने महिलाहरु प्रत्यक्ष रुपमा सहभागीभएका हुन्छन् ।

## ६.२ मुख्य प्राप्ती

- उत्तरदाताहरु मुख्य गरी कृषि क्षेत्रमा आबद्ध रहेको पाइयो ।
- उत्तरदाताहरु विभिन्न जातीहरु गुरुङ ब्राह्मण मगर रहेको पाइयो ।
- ग्रामीण भेग भएको कारणले पर्यटकहरुलाई आउन जानको लागि सडक यातयातको समस्याका कारण बाह्रैमास सञ्चालन गर्न नसकेकोले व्यसाय प्रति असन्तुष्ट रहेको पाइयो ।
- स्थानीय आमा समुह युवा क्लब टोल संयोजक र होमस्टे व्यवसायस्हरु बिच सुमधुर सम्बन्ध रहेको पाइयो ।
- यस समुदायमा कतिपय अध्ययन तथा अनुसन्धानको लागि विद्यार्थीहरु आउने गरेको पाइयो ।
- कतिपय ठुला ठुला परियोजनामा काम गर्ने कर्मचारीहरु आउने गरेको र उनीहरुले होमस्टेमा प्रशस्त खर्च गरेको पनि पाइयो ।
- होमस्टे सञ्चालक समुहले गाउँको गोरेटो बाटो घर आँगन समाजमा सफा सुगर गर्ने नस्ता कामहरु गरेको पाइयो ।
- होमस्टेमा आउने पाहुनाहरु त्यहाँको सेवाबाट सन्तुष्टि रहेको पाइयो ।
- होमस्टेमा स्थानीय कलाको संरक्षण स्थानीय सामग्रीको प्रयोग गरी उत्पादन तथा बिक्री गरेर आम्दानी गरेको पाइयो । जस्तै भाङग्रा काम्मल टोपी, झोला, चकटी खुपेर्टो, डोको, डालो, नाङलो जस्ता सामागीहरु बुनेर बेचेर आम्दानी गरेको पाईयो ।

- होमस्टे सञ्चालक लगायत अन्य स्थनीय कृषक दिदिबहिनीहरुले पनि होमस्टेमा आउने पाहुनाहरुलाई तरकारी जन्य अन्य कृषि उत्पादनहरु बेचेर आम्दानी गरेर आयआर्जन गरेको पाइयो ।

- होमस्टे सञ्चालन गरेको परिवारले राम्रो आम्दानी गरेर छोराछोरीको शिक्षाको लागि लगानी गरेको पाइयो ।

- होमस्टे सञ्चालन गर्ने महिला आमा दिदिहरुले आम्दानीको केही रकम समुहमा जम्मा गर्ने गर्दछ । यस रकमले होमस्टेमा आवश्यक पर्ने बेला खर्च गर्ने गरी र केही रकम महिला बिकास तथा बचत सहकारीमा जम्मा गर्ने गरेको पाइयो । की हावश्यक पर्ने बेलामा आफू खुसी खर्च गर्न पाइयोस ।

- होमस्टे सञ्चालन मार्फत नै गाउँको प्रचार प्रसार भएकोले होमस्टे प्रति समाजको हेर्ने दृष्टिकोण पनि सकरात्मक रहेको पाइयो ।

- यस व्यवसाय सञ्चालन पछि विभिन्न तालिमहरु लिने अवसरहरु पाएकोले आफ्नो र परिवारको सीप र क्षमतामा परिवर्तन आएको पाइयो ।

- यस व्यवसाय सञ्चालन पश्चात शिक्षा, स्वास्थ्य, खानपान, बोलीचाली, भेषभुषा, बसोबास आदीमा पनि परिवर्तन आएको पाइयो ।

## ६.३ निष्कर्ष

नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण भूपरिवेष्ठित राष्ट्र हो । यहाँका हरेक क्षेत्रहरुले पर्यटनको सम्भावना बोकेको छ । हिमाल पहाड तराई पाखा पहरा डाँडाकाँडा खोलानाला झर्ना आदि ठाउँहरुले यस ठाउँ वरपरको गाउँ बस्तीमा सकरात्मक प्रभाव पारेको छ । यहाँको रितीरिवाज रहनसहन धार्मिक साँकृतिक सम्पदाहरु प्रत्येक ग्रामीण बस्ती सहरहरु सुन्दरताले भरिएका छन् । त्यही आकर्षण र सुन्दरता नै पर्यटकीय केन्द्रको आकर्षणको केन्द्र बनेका छन् । गाउँ गाउँमा रहेका कतिपय सुन्दर ठाउँहरु बस्तीहरु अझै पनि प्रचार प्रसारको कमीले गर्दा पर्यटकहरु भियाउन सकेको छैन । त्यसको प्रचार प्रसार गर्न सक्यो भने यस ठाउँको बिकास हुने थियो । नेपाल सामाजिक धार्मिक साँस्कृतिक ऐतिहासिक प्राकृतिक सम्पदाले भरिपूर्ण विविधता युक्त देश हो । यस क्षेत्रका विभिन्न सुन्दर बस्तीहरु प्रचार प्रसारका कारण ओझेलमा परेका छन् । यस्ता ठाउँहरुको प्रबर्द्धनको लागि

विभिन्न मिडियाहरुको आवश्यकता पर्दछ । नेपालमा पर्यटनहरुको आगमनसँगै यस व्यवसायसँग सम्बन्धित धेरै क्षेत्रमा फस्टाउन थालेका छन् । होटल रेष्टुरेन्ट टुर्स एण्ड ट्राभल्स जस्ता क्षेत्रहरुको माग पनि पर्यटकहरुको आगमन सँगै भएको हो ।

यही व्यवसायहरु सँगसँगै पछिल्लो समय होमस्टे व्यवसाय पनि एक सरल सस्तो कम खर्चिलो व्यवसाय हो । यही व्यवसायलाई बिकास र बिस्तार गर्नको लागि सरल र सहज सबैको पहुँच पुग्ने गरी सञ्चालन गर्नको लागि होमस्टे व्यवसायको अवधारण ल्याइएको हो । होमस्टे व्यवसाय ग्रामीण स्तरमा एक राम्रो व्यवसाय हो । थोरै बजेटमा लगानी गरेर सञ्चालन गरिने यो व्यवसाय ग्रामीण समुदायका महिला दिदिबहिनीहरुको लागि उपर्युक्त रहेको छ । आफ्नै घरमा पारिवारिक वातावरणमा आफ्नो खेत बारीमा उत्पादन गरेका वस्तुहरुको उत्पादन तथा बिक्री सँगसँगै होमस्टे सञ्चालकहरुको विभिन्न संघ संस्थाहरु सरकारी निकायहरुसँगको सम्बन्ध बिस्तार भएको छ । होमस्टेमा पाहुनाहरुलाई गास बास कपासको व्यवस्था विभिन्न उत्पादनहरु बिक्री गरेर आम्दानी गरेका रकमहरु घर व्यवहार चलाउन स्वास्थ्य उपचार गराउन शिक्षाको लागि खर्च गरिरहेको छन् । केही रकम बचत समुहमा जम्मा गरेका छन् । यसरी जम्मा गरेको रकम आवश्यकता अनुसार खर्च गर्ने गरी आफ्नो बचतको रुपमा जम्मा गरेका छन् ।

होमस्टे सञ्चालनमा गरेका समुदायहरुले गाँउ टोल समुदाय आमा समुह युवा क्लब विद्यालय लगायतका समुहहरुसँग राम्रो सम्बन्ध रहेको छ । विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने सबै सँग हातेमालो गरी सहकार्य गरी कामहरु गरिरहेको छ । यस ठाउँमा विभिन्न संघ संस्थाहरुले काम गरिरहेको छ । जस्तै : माछापुच्छ्रे बिकास संघ, पञ्चासे संरक्षित वन, पञ्चासे क्षेत्र बिकास समिती, ई.बि.ए. कार्यक्रम हरियो वन कार्यक्रम लगायतका संघ संस्थाहरुले होमस्टे व्यवसायलाई सहयोग गरी कार्यक्रम सञ्चालन गरिरहेको छ । यसैगरी पर्यटन उद्योग वन तथा वातावरण मन्त्रालय अन्तर्गत डिभिजन वन कार्यालय कास्कीबाट होमस्टे अनुदानका विभिन्न भौतिक संरचनाका कार्याक्रमहरु जस्तै बाटो बनाउने स्वागत गेट बनाउने सामुदायिक भवनहरु बनाउने मर्मत गर्ने लगायतका कार्यक्रमहरु सञ्चालन गरेको छ । यसैगरी सामुदायिक होमस्टेहरुलाई व्यक्तिःगत रुपमा कृषिका कार्यक्रमहरु पनि सञ्चालन गरेको छ । जस्तै तरकारी खेतीमा बीउ बीजन, प्लाष्टिक घर निर्माण, कुखुरा पालनमा सहयोग जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ ।

होमस्टे सञ्चालन गरेर यस ठाउँको महिलाहरुको सामाजिक साँस्कृतिक र आर्थिकस्थितीमा परिवर्तन आएको छ । घर परिवारमा आफ्नो निर्णय गर्न सक्ने क्षमतामा विकास भएको छ, आम्दानीको स्रोत बढेको छ, विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुको सहकार्यमा तीब्रता आएको छ । यस ठाउँको प्रचार प्रसारमा वृद्धि भएको छ । यसले गर्दा होमस्टेमा पाहुनाको संख्या बढेको छ । यसले गर्दा समाजमा सकरात्मक परिवर्तन आएको छ ।

# सन्दर्भ सामाग्रीहरु


आचार्य, गणेश (२०७४), *ग्रामीण घरबास पर्यटन व्यवस्थापनका ढाँचा,* अप्रकाशित एम. ए. शोधपत्र मानविकी सामाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस ।

*आन्तरिक पर्यटन वर्ष*(२०१९), उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय ।

*कँडेल,* पुष्पराज *(२०७५), नेपालमा पर्यटन विकास र समृद्धिको आधार,* केन्द्रिय पर्यटन प्रबर्द्धन विभाग ।

खरेल, सुमन (२०७०), *नेपालमा ग्रामीण पर्यटन,* क्वेस्ट पब्लिकेशन, किर्तीपुर, काठमाण्डौं

गुरुङ्ग, गणेशमान (२०७५), *नेपालमा पर्यटन विकास र समृद्धिको आधार,* केन्द्रिय पर्यटन प्रबर्द्धन विभाग ।

नेपाल राष्ट्र बैङ्क (२०५७), *पोखरामा पर्यटन व्यवसाय समस्या चुनौती र उपलब्धि,* पोखरा ।

प्रसाई, आलोक (२०७५), होमस्टे अभ्यास र नेपालमा सम्भाव्यता,आवृति छापाखाना बागबजार काठमाण्डौं ।

*प्रसिद्ध पञ्चासे ग्रामीण पत्रिका,* (२०७७) माछापुच्छे विकास संघ, कास्की ।

पुरी, उद्धव (२०५६), *पर्यटन र यात्रा* काठमाण्डौं, तलेजु प्रकाशन ।

पुरी, उद्धव (२०७५), *पर्यटन विकास र नेपाल,* तलेजु प्रकाशन ।

*वार्षिक प्रगति तथा सिकाई संगालो* (२०७६) पञ्चासे संरक्षित वन कार्यक्रम कास्की, स्याङ्गजा, पर्वत ।

*भाटिया, ए.के. (१९९१) अन्तराष्ट्रिय पर्यटन मौलिक अधिकार सिद्धान्त र अभ्यास,* न्यू दिल्ली : इष्टरलिङ्ग पब्लिकेशन प्राइभेट लिमिटेड ।

*राष्ट्रिय कार्यशाला गोष्ठी, (२०७३)* काठमाण्डौं, तारा गाउँ विकास समिती ।

लामा, आर. के.(२०७२), होमस्टे घरबास हाते पुस्तिका ।

लामिछाने, गोविन्द (२०७३), *पर्यटनले ग्रामीण होटल व्यवसायीमा पारेको प्रभाव,* अप्रकाशित एम ए शोधपत्र मानविकी सामाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस ।

शर्मा, भुवनेश्वर र खरेल, सुमन (२०६८), *ग्रामीण पर्यटन,* किर्तीपुरः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

सामुदायिक होमस्टे दर्पण (२०७६), प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश

.श्रेष्ठ, घनेन्द्र (२०७५), *पर्यटन पहिलो र दोस्रो महाधिवेशन संयुक्त स्मारिका,* नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन ।

*होमस्टे दर्पण,* (२०७५), होमस्टे एसोसियसन नेपाल ।

*होमस्टे मार्ट,* (२०७३), नेपाल पर्यटन बोर्ड ।

*होमस्टे एसोशियसन नेपालको विद्यान,* (२०७०) ।

*होमस्टे कार्यविधी*(२०७६) ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र, (२०५७), *पर्यटन विकास र व्यवस्थापन,* काठमाण्डौ : एलिसा पब्लिकेशन ।

## वैयक्तिक अध्ययन १

हाल म ५५ वर्षको भए । यस पञ्चासे क्षेत्रमा पारिस्थितीकीय प्रणलीमा आधारित अनुकुलन इ.बि.ए. कार्यक्रम सुरु भएपछि म यो पेशमा आबद्ध छु । इ.बि.ए.कार्यक्रमआउने बेलामा विभिन्न वन वातावरणप्राकृतिक साँस्कृतिक संरक्षणकाकार्यक्रमहरु सँगसँगै होमस्टे पनि पनि एक हो । यो कार्यक्रमले गाउँ गाउँमा होमस्टे स्थापना गरी सञ्चालन गर्ने हो । स्थानीय वस्तुहरुको उत्पादन व्यवस्थापन व्यवस्थित बजार बनाउनुपर्दछ र आयआर्जन गर्नुपर्दछ भन्ने उद्देश्यका साथ गाउँ गाउँमा होमस्टे दर्ता कार्यक्रम अनुसार यस सिधाने सामुदायिक होमस्टे पनि एक हो ।

यस होमस्टे सञ्चालन गर्नुपूर्व म एक कृषक र गृहणी थिए र अहिले पनि छु । मैले होमस्टे सञ्चालन गर्नुपूर्व पनि त्यही काम गर्ने थिए र अहिले पनि त्यही काम गर्छु । त्यही समयमा त्यही कामहरु गर्दा केही मेहेनत गरेबापत मैले आफ्नो एउटा व्यवसाय सञ्चालन गरी आम्दानी गरेको छु । जुन आम्दानीबाट म आफ्नो दैनिकी घर व्यवहार चलाउँछु । आवश्यकता अनुसार स्वास्थ्य उपचारमा खर्च गर्छु र बाँकी रकम बच्यो भने सहकारीमा जम्मा गर्ने गर्छु ।

यस होमस्टे सञ्चालन गर्दा सुरुको अवस्थामा ज्वाई सुत्ने कोठा अर्थात एउटा कोठा भए हुन्छ र ट्वाइलेट व्यवस्थित हुनु पर्दछ भनी सञ्चालन गरेको व्यवसाय अहिले आएर बिस्तारै राम्रो र अझ व्यवस्थित खालको बनेको छ । होमस्टेमा आउने पाहुनाहरुलाई लक्षित गरी मैले २ वटा कोठामा ४ वटा बेड व्यवस्थित गरेको छु । नयाँ ट्वाइलेट बाथरुम बनाएको छु । कोठामा आवश्यक पर्ने आधारभूत सामग्रीहरु जस्तै ऐना म्याट्रेस टेबल चप्पल डस्टबिन लगायतका सामाग्रीहरु राखेर व्यवस्थित गरेको छु र आवश्यकता अनुसार पाहुनाको संख्या धेरै भएपनि व्यवस्थित गर्नको लागि अन्य कोठाहरु पनि रहेको छ ।

होमस्टेमा प्रायजसो संघ संस्थामा काम गर्ने कर्माचारीहरु आउने गर्दछ । यसैगरी पञ्चासे प्रति आस्था राख्ने धार्मिक पर्यटक र घुम्न जाने पर्यटकहरु पनि प्रशस्तै आउने गर्दछ । अध्ययनको लागि विद्यार्थीहरु पनि आउने गर्दछ ।होमस्टेमा आउने पाहुनाहरुको लागि घरमै उत्पादन गरेको खानाहरु खुवाइन्छ । जस्तै दाल भात रोटी लगायतका घरमा उपलब्ध भए सम्म अडर अनुसारको खाना बनाएर खुवाइन्छ ।

२०७० सालमा दर्ता गरी सञ्चालनमा ल्याएको होमस्टेले मेरो परिवारमा राम्रो प्रभाव पारेको छ । यस व्यवसाय सञ्चालन सुरु गरे देखि घरमा गरिनै दैनिक कामकाजमा परिवर्तन आएको । खानपानमा बोल्ने भाषाशैलीमा अरुसँग गरिने व्यवहारमा घर भित्र घरवरिपरिको सरसफाईमा परवर्तन आएको छ ।

यस व्यवसाय सिजनको बेला राम्रो चल्ने गर्दछ । प्राय दिनहु पाहुनाहरु आइरहन्छ । जसले गर्दा व्यापार पनि राम्रो हुने गर्दछ । समितीको निर्णय अनुसार प्रत्येक पाहुना बराबर एक रातको खाना खाजा खाना र बास खर्च गरी रु १०००। लिने गर्दछ र बाँकी खर्च इच्छाअनुसार ब्यहोर्नु पर्दछ । समितीले लिएको रकमबाट प्रतिव्यक्ति रु ५० का दरले समुहमा जम्म गर्नुपर्दछ । यस रकम आवश्यकता अनुसार खर्च गर्ने गर्दछ ।

होमस्टे व्यवसाय सञ्चालन गरेपछि सम्बन्ध पनि बिस्तार भएको छ । विभिन्न सरकारी तथा संघ संस्थाहरुमा कामहरु लिएर जाँदा पनि चिनजान भएकोले कामहरु गनै सजिलो भएको छ ।

यो क्षेत्र पर्यटन प्रबर्द्धनको हिसाबले फेवाताल र  पञ्चासे सँग जोडिएको क्षेत्र हो । यहाँ आउने दैनिकी पर्यटकहरुले यस क्षेत्रको जिवीकोपार्जनमा सहयोग पुगेको छ । यसैले म यो पेशाप्रति सन्तुष्टि छु ।

## वैयक्तिक अध्ययन २

हाल म ३८ वर्षको भए । २०७० सालमा होमस्टे दर्ता गरे पश्चात म यो पेशमा आबद्ध छु । सामान्य कृषक परिवारमा २०४० सालमा साविक भदौरे तामागी गा.वि.स. वडा नं ६ हाल पोखरा महानगरपालिका वडा नं २३ दम्दमेमा मेरो जन्म भएको हो । माध्यमिक तहको अध्ययन गरी २०५७ सालमा गाउँमै विवाह गरी आफ्नो घर गृहस्थी चलाइरहेको छु । मेरो श्रीमान  विदेशमा हुनुहुन्छ । मेरो २  वटा छोराहरु छन् । पेशाले म एक कृषक तथा गृहणी हुँ । साथसाथै सामाजिक व्यक्तित्व पनि हुँ । विगत ८ वर्ष देखि गाउँ टोल सुधार समितीको संयोजक, बैदाम पामे घाँटिछिना, पञ्चासे मोटरबाटोको सदस्य विद्यालय व्यवस्थापन समितीको सदस्य भदौरे स्वास्थ्य चौकीको स्वयम् सेविका र दम्दमे सामुदायिक होमस्टेको सचिवको पदमा रही काम गरिरहेको छु ।

माछापुच्छ्रे विकास संघले पञ्चासे वरपरको हरेक गाउँ गाउँमा होमस्टे दर्ता गरी सञ्चालन गर्नुपर्दछ भनेर २०७० सालमा दर्ता गरेको मेरो होमस्टेमा पाहुना सुत्नको लागि २ वटा कोठा र आवश्यक परेमा अन्य २ वटा कोठा पनि रहेको छ । यसै व्यवसाय सञ्चालन गर्नको लागि ट्वाइलेट बाथरुप पनि नयाँ बनाएको छु ।यस होमस्टेमा आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गर्दछ । यहाँ हाएका पाहुनाहरुलाई अर्गानिक खाना खुवाउने यहीको दाल भात ढिडो मकै भट्ट मह रोटी लगायतका परिकारहरु खुवाइन्छ । यहाँ आउने पर्यटकहरुमा धेरैजसो विभिन्न संघ संस्थामा आबद्ध कर्माचारीहरु आउने गर्दछ । यसै पञ्चासे घुम्न आउने पाहुनाहरु पनि प्रशस्त आउने गर्दछ । यसरी आउने पाहुनाहरुलाई लागि यहाँ रहेको होमस्टे सञ्चालक समुहहरुले आमा समुह सँग समन्वय गरी स्वागत सत्कार गर्ने गर्दछ । होमस्टे सहयोग अनुदान कार्यक्रमहरुबाट मैले तरकारी खेती गर्नको लागि बिउ बिजन प्लाटिक घर लगायत विभिन्न तालिमहरु लिने अवसर पाएको छु । यस व्यवसाय सञ्चालन गरेपछि धेरै मानिसहरु चिनजान भएकोले कामहरु गर्न सरल र सहज भएको छ ।

गाउँमा कच्ची बाटो भएकोले बाह्रैमास यो व्यवसाय चल्दैन तर हियदको बेला वा सिजनको बेलामा राम्रै चल्छ । मासिक १५ देखि २० हजार सम्म आम्दानी हुन्छ । यसरी आएको रकम आवश्यकता अनुसार घर खर्च चलाउछु । छोराहरु पोखरा बस्छ तिनीहरुलाई पनि आवश्यकता अनुसार दिन्छु । गाउँमा महिला बिकास तथा बचत सहकारी छ त्यसमा पनि जम्मा गर्छु ।यसरी हेर्दा सानो खर्चमा आफ्नै घरमा सञ्चालन गरेको होमस्टे व्यवसाय प्रति म सन्तुष्ट छु ।

## वैयक्तिक अध्ययन ३

हाल म ४४ बर्षको भए । २०७५ सालमा होमस्टे दर्ता गरे पश्चात म यो पेशामा आबद्ध छु । २०७५ सालमा होमस्टे दर्ता गरे पनि पहिले देखि साना होटल सञ्चालन गर्दै आइरहेको थिए ।

सामान्य कृषक परिवारमा २०३४ सालमा साविक भदौरे तामागी गा.वि.स. वडा नं २३ हाल अन्नपूर्ण गाउँपालिका वडा नं ४ भदौरे तालिब्रायाङमा मेरो जन्म भएको हो । माध्यमिक तह सम्मको अध्ययन गरे पश्चात २०५५ सालमा गाउँमै बिहे गरेको छु । मेरो श्रीमान विदेशमा हुनुहुन्छ । मेरो एउटा छोरा एउटी छोरी छ । पेशाले म एक कृषक ,गृहणी, विद्‌यालय कर्मचारी साथै सामाजिक व्यक्तित्व पनि हुँ ।

गाउँगाउँमा होमस्टे कार्यक्रमहरु सञ्चालन हुदै गर्दा यस पञ्चासे सामुदायिक होमस्टे २०७५ सालमा दर्ता गरी निरन्तर रुपमा सेवा दिदै आइरहेको छु । होमस्टे सञ्चालन पछि गाउँ टोल समुदाय विभिन्न संघ संस्थाहरुमा आबद्ध भएपछि सम्बन्ध बिस्तार भएको छ । सबै ठाउँहरु विभिन्न कामहरु लिएर जाँदा सरल र सहज भएको छ ।

होमस्टे सञ्चालन गर्नुपूर्व पनि होटल व्यवसाय सञ्चालन गर्दै आएको हुनाले बस्ने कोठाहरु ट्वाइलेट व्यवस्थित रहेको छ । होमस्टे आवश्यक आधारभूत  सामाग्रीहरु रहेको छ । एउटा कोठामा २ वटा बेड ४ वटा कोडामा ८ वटा बेड रहेको छ । ट्वाइलेट बाथरुम म्याट्रेस ऐना टावल डस्वीन चप्पल सबै सामानहरु रहेको छ ।

पाहुनाहरुलाई प्राय सबै घरमै उत्पादन गरेको खानाहरु अडर अनुसार बनाइन्छ । आवश्यक परे भने बाहिरबाट ल्याएर पनि खुवाइन्छ । जस्तै दाल भात तरकारी रोटी ढिडो लगायतका परिकारहरु अडर अनुसार खुवाइन्छ ।

होमस्टे दर्ता गर्नुपूर्व पनि सामान्य होटल सञ्चालन गरिरहेको हुनाले दर्ता गरेपछि त्यस्तो कुनै समस्या भएन घरको दैनिकी कामकाज आफ्नो पेशालाई कुनै पनि खालको असर गरेन काम गर्न सरल र सहज भयो । होमस्टे दर्ता पश्चात विभिन्न संघ संस्थाहरुले सहयोग गर्ने विभिन्न तालिम भ्रमण जस्ता कार्यक्रमहरु सेमिनार गोष्ठीहरुमा सहभागी हुने मौका मिल्यो । यसले गर्दा अझै धेरै सिक्न र बुझ्न पाइयो । यसैले गर्दा घर परिवार समुदायमा सकरात्मक प्रभाव परेको छ । खानपान बोलीचाली रहनसहनमा दैनिकी कामकाजमा परिवर्तन आएको छ ।

## वैयक्तिक अध्ययन ४

हाल म ५० वर्षको भए। विगत लामो समयदेखी गाउँको आमा समुहको अध्यक्षको पदमा बसेर गाउँ टोलको लागि कामहरु गरिरहेको छु।

मेरो गाउँ नेपालको प्रसिद्ध पर्यटकीय क्षेत्रहरु मध्ये एक पञ्चासे क्षेत्रमा पर्दछ। कास्की स्याङजा र पर्वत ३ जिल्लाको संगम स्थल पञ्चासे प्राकृतिक साँस्कृतिक ऐतिहासिक जैविक विविधताले भरिएको प्रसिद्ध पर्यटकीय क्षेत्र हो। यस ठाउँमा विभिन्न संघ संस्थाहरुले कार्यक्रमहरु लिएर आउने गर्दछ। सामाजिक, साँस्कृतिक, शौक्षिक, कृषि,, वन वातावरण संरक्षण जस्ता विविध कार्यक्रमहरु लिएर आउने गर्दछ। यसरी आउँदा पाहुनाहरुलाई स्वागत सत्कार गर्ने खाने बस्ने सुविधाको लागि राम्रो होटल तथा रेष्टुरेन्टहरु नभएको हुनाले गाँउ गाउँमा होमस्टे दर्ता गर्न थालियो गरियो। मेरो नेतृत्वमा २०७० सालमा ५ वटा घर मिलेर सामुदायिक होमस्टे दर्ता गरियो । यसको म अध्यक्ष पदमा रहेर काम गरिरहेको छु।

सुरुको अवस्थामा घरको एउटा कोठामा २ वटा बेडबाट सुरु गरेको होमस्टेमा अहिले आएर २वटा नयाँ कोठाको घर बनाएको छु। नयाँ ट्वाइलेट बाथरुम बनाएको छु। होमस्टेमा आउने पाहुनाहरुको लागि चाहिने आधारभूत सामानग्रीहरु राखेको छु।होमस्टे सञ्चालन गरेपछि आत्मियता बढेको छ। संघ संस्थाका कर्मचारीहरु विद्‌यार्थीहरु धार्मिक पर्यटकहरु  घुम्न आउने स्वदेशी तथा विदेशी पाहुनाहरु सिजन अनुसार आउने गर्दछ। एक पटक आएको पाहुनाहरु फोन गरी पुन आउने गरेको गर्दछ। यहाँको आति्यथा रमणीय ठाउँ अर्गानिक खानामा रमाउने गर्दछ।

होमस्टेमा आउने पाहुनाहरुले यहाँ उत्पादन भएको तरकारी, घिउ मह लगायतका वस्तुहरु किनेर पनि लाने गर्दछ। यसले पनि आम्दानीमा सहयोग पुगेको छ। होमस्टे सेवालाई अझ प्रभावकारी बनाउन संघ संस्था र सरोकारवाला निकायहरुले कृषि सामग्री वितरण विभिन्न तालिमहरु सामुदायिक भवनहरु बनाउन सहयोग खानेपानी गोरेटो बाटो बनाउन सहयोग जस्ता कृयाकलापहरु गरेको छ। यसले पनि पाहुनाको आकर्षण बढेको छ। वर्षातको समयमा भन्दा हिउँदको समयमा पाहुनाहरु बढी आउने गर्दछ। सिजनको बेलामा मासिक २५ देखि ३० हजार सम्म आम्दानी हुन्छ। यसरी आएको रकम आवश्यकता अनुसार खर्च गर्ने गर्दछु। बाँकी रकम सहकारी जम्मा गर्छु। यसरी हेर्दा आफुले सञ्चालन गरेको पेशप्रति म सन्तुष्टि छु।

# अनुसूची १

## अन्तरवार्ता

ग्रामीण पर्यटन र घरबास सेवा  सञ्चालकहरु सँग पोखरा महानगरपालिका वडा नं २३ र अन्नपूर्ण गाउँपालिका वडा नं ४ मा घरबास सञ्चालन र यसका सामाजिक आर्थिक आयामहरुको एक समाजशास्त्रीय अध्ययन ।

प्रशनावली नं :

मिती :

उत्तरदाताको नाम :                                      उमेर :

शिक्षाः                                                  पेशा :

धर्म :                                                   जात :

१. उत्तरदाताको पारिवारिक विवरण खुलाउनुहोस् ।

| क.सं | नाम | नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिती | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. तपाईको व्यवसाय गर्ने घर कस्तो प्रकारको छ ?

क. सिमेन्टको पक्की घर ख. ढुङ्गाको पक्की घर

ग.टिनको घर घ. खरको घर

तपाईको पारिवारिक स्वामित्वमा रहेको जग्गाको विवरण दिनुहोस् ।

| क.सं | जग्गाको किसीम | रोपनी | आना | दाम | पैसा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. तपाईको जग्गाबाट वार्षिक कति उत्पादन गर्नुहुन्छ ?

| विवरण | धान | मकै | कोदो | गहु | आलु | तोरी | मास | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| माना | | | | | | | | |
| पाथी | | | | | | | | |
| मुरी | | | | | | | | |
| अन्य | | | | | | | | |

५.तपाईको उत्पादनबाट कति समय खान पुग्छ ?

क. ३ महिना ख.६ महिना

ग. ९ महिना घ. १२ महिना

६. यो व्यवसाय गर्नुपूर्व तपाई के गर्नुहुन्थयो ?

क. कृषक ख व्यापार ग. विद्यार्थी घ. अन्य

७. तपाईले यस व्यवसाय सुरु गरेको कति वर्ष भयो ?

क. १ वर्ष भन्दा कम ख. १ वर्ष देखि २ वर्ष सम्म

ग. २ वर्ष देखि ५ वर्ष घ. ५ वर्ष भन्दा बढी

८. तपाईले यो पेशाबाट कति आम्दानी गर्नुहुन्छ ?

क. रु ५०००। भन्दा कम ख.रु ५०००। देखि १००००।

ग.रु १००००। देखि २५०००। घ. रु २५०००। भन्दा बढी

९.यस व्यवसायबाट प्राप्त भएको रकम के मा खर्च गर्नुहुन्छ ?

क. शिक्षा ख. स्वास्थ्य

ग.घर व्यवहार घ. अचल सम्पत्ति खरिद

१०. यस व्यवसायबाट आम्दानी भएको रकमलाई कसरी बचतको रुपमा कसरी प्रयोग गर्नुभएको छ ?

क. अचल सम्पत्ति खरिद ख.गरगहना खरिद

ग.बैङ्कमा जम्मा घ अन्य

११. तपाई यो व्यवसायबाट सन्तुष्ट हुनुहुन्छ ?

क. सन्तुष्ट छु ख. असन्तुष्ट छु

१२. यदि असन्तुष्ट हुनुहुन्छ भने किन ?

क.सिजनमा मात्र चल्ने भएर ख. आम्दानी कम भएर

ग. विकृती बढी देखेर घ. अन्य

१३.तपाईले यस पेशालाई कसरी हेर्नु भएको छ ?

क. उच्च ख.सामान्य ग.न्यून

१४. तपाईले यस पेशा सम्बन्धि कुनै तालिम लिनु भएको छ ?

क. छ		ख.छैन

१५. यदि लिनुभएको छ भने कुनकुन तालिम लिनुभएको छ ?

क. वेटर	ख.कुकिङ्ग	ग. हाउसकिपीङ्ग	घ. बेकरी	ङ. गाइड

१६. यदि तालिम लिनुभएको छैन भने, किन ?

क. तालिमको बारेमा थाहा नभएर

ख.पैसा नभएर

ग. बढी व्यस्त भएर

१७. यस व्यवसायले तपाईको सिप र क्षमतामा वृद्धि भएको छ ?

क.छ		ख.छैन

१८ यो पेशाले के मा परिवर्तन ल्याएको छ ?

क. दैनिक जिवीका

ख. खानपान

ग.बोलीचाली

घ.आर्थिक बचत

१९. तपाईकोमा कस्ता पर्यटकहरु आउने गर्नुभएको छ ?

क. आन्तरिक

ख. बाह्य

ग. दुवै

२०. तपाईले पाहुनाको रुचिलाई प्राथमिकता दिनुभएको छ ?

क. छ		ख. छैन

२१. तपाई कहाँ आउने पाहुनाहरुबाट तपाईले कुनकुन समस्या झेल्नु परेको छ ?

क.सामाजिक ख. भाषा ग.आर्थिक

२२. तपाई कहाँ आउने पर्यटकको लागि बसोबास खानपान र यातयातको व्यवस्था कसरी मिलाउनु भएको छ ?

२३. होमस्टेमा आउने पाहुनाहरुलाई खानपानको निम्ती आफ्नै उत्पादन यथेष्ट पुग्छ कि बनारबाट खरिद गर्नुपर्छ ?

२४. तपाईलाई पाहुनासँग बोल्दा भाषागत समस्या हुने गरेको छ ? यदि छ भने कसरी समाधान गर्नुभएको छ ?

२५.होमस्टे सम्बन्धि तालिम क्षमता वृद्धिको लागि सहयोगी संघ संस्थाहरु छ की छैन ? यदि छ भने कस्ता कस्ता कृयाकलापहरुमा सहयोग गरिरहेको छ ?

२६. तपाईकोमा आउने पर्यटकहरुले तपाईलाई के सुझाव दिने गरेका छन् ?

२७. तपाईले देखेको बुझेको ग्रामीण पर्यटनको अप्ठ्याराहरु के के हुन् ?

२८.पञ्चासे क्षेत्र वरपर रहेका होमस्टे सञ्चालनले पर्यटन पेशमा कस्तो प्रभाव परेको छ ?

२९. होमस्टे व्यवसायलाई अझै व्यापक गर्नका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको कस्तो भूमिका हुनुपर्दछ ?

३०.तपाईले यस क्षेत्रमा होमस्टेको सम्भावना कस्तो देख्नुहुन्छ ?

३१. होमस्टेलाई अझ राम्रो बनाउन के सुझावहरु दिनु हुन्छ ?

# अनुसुची २

## जानकार व्यक्तिसँग अन्तरवार्ता

नाम :　　　　　　　　　　　　उमेर :

पेशा :　　　　　　　　　　　　शिक्षा :

१. यस पेशामा लाग्ने मानिसहरुको जिवन स्तरमा कस्तो परिवर्तन आएको छ ?

क.राम्रो　　　　　　　　ख. सामान्य

ग. सकरात्मक　　　　　　घ. नकरात्मक

२. समाजमा यस पेशालाई कुन रुपमा हेर्ने गरेका छन् ?

क. सामान्य　　　　　　　ख. उच्च

३. यस व्यवसायमा लाग्ने मानिसहरुको सामाजिक, आर्थिक क्रियाकलापहरुमा कस्तो भूमिका रहेको छ ?

क. सक्रिय　　　　ख. निष्क्रिय　　　　ग. सामान्य

४.गाउँलेहरुको पर्यटन व्यवसायमा सहभागिता कस्तो छ ?

क. सामान्य सहभागिता　　　　ख. उच्च सहभागिता　　　　ग. न्यून सहभागिता

५. यस व्यवसायलाई कस्तो रुपमा लिने गरिएको छ ?

क. राम्रो आम्दानी हुने　　　ख. कम आम्दानी हुने　　　ग.ठिकै आम्दानी हुने

६.तपाई कहाँ कस्ता कस्ता पर्यटकहरु आउने गर्दछन् ?

क. आन्तरिक               ख. बाह्य               ग. दुवै

७. यस पेशा सञ्चालन गर्ने घरहरु कस्तो हुनुपर्दछ ?

......................................................................................................................

८. पाहुनाको रुचिलाई प्राथमिकता दिनुभएको छ ?

क. छ                                        ख. छैन

९.यस  पेशाले के के मा परिवर्तन ल्याएको छ ?

.........................................................................................................................

१०. तपाईको अनुभव र विचारमा यस घरबास पर्यटन व्यवसायमा लागेका व्यवसायीहरुको लागि के के समस्याहरु छन् ?

# अनुसुची ३

(दफा ६(१) सँग सम्बन्धित)

## घरबास दर्ताको लागि दिइने निवेदन

श्री पर्यटन उद्योग महाशाखा र पर्यटन कार्यालय,

मैले/ हामीले जिल्ला ............................................ म.न.पा./ गा.पा................. वडा नं .....................टोल / गाउँ ..............................मा सञ्चालन गर्न लागेको ................... घरबासलाई सञ्चालन कार्यविधी २०६७ बमोजिम सामुदायिक निजी घरबासको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु /गर्दछौ ।

घरबास सञ्चालन कार्यविधी निर्देशिका, २०६७ को अधिनमा रही आफ्नो घरबास सञ्चालन गर्नेछु /गर्नेछौं ।

निवेदक

नाम, थर : ..........................

ठेगाना : ...................................

मिती : ........................................

**संलग्न कागजात**

१. घरबास सञ्चालन गर्ने विनेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

२. घरबास सञ्चालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पत्रको प्रतिलीपी नगरपालिकाको हकमा नक्सा पास भएको प्रमाण

३. प्रत्येक घरधनीले घरबास सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित घरबास व्यवस्थापन समितीको निर्णयको प्रतिलिपी

४. व्यवस्थापन समिती गठन तथा दर्ता गर्ने सम्बन्धि स्थानीय भेलाको निर्णय

५.	निजी घरबासको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिस

६.	आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलीपी

**घरबास यूनिटहरु ( दर्ता हुने व्यक्तिहरुको विवरण )**

| क.सं | सञ्चालकको नाम थर | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

नोट : सामुदायिक घरबासको हकमा घरबास व्यवस्थापन समितीको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितीको सदस्यले निवेदन दिनुपर्नेछ ।

## अनुसुची ४

(दफा ६ (३) सँग सम्बन्धित)

नेपाल सरकार

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पर्यटन उद्योग महाशाखा

प्रमाणपत्र संख्या : होमस्टे सञ्चालन प्रमाणपत्र भृकुटीमण्डप

काठमाण्डौ, नेपाल

मिती :

..............................लाई होमस्टे सञ्चालन कार्यविधी २०६७ मा व्यवस्था भए अनुसार सामुदायिक/ निजी होमस्टेका रुपमा दर्ता/ नविकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| सदस्यको नाम | ठेगाना | मान्य अवधि |
|---|---|---|
| ......................... | ............................... | ......................... |

**शर्तहरु**

- व्यवस्थापन समितीसँग समन्वय गरी पर्यटकहरुलाई बसोबास व्यवस्था गर्नुपर्ने छ ।
- चलन चल्तीको वा निर्धारित मूल्य भन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीय सामाजिक साँस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन । यो प्रमाणपत्र तथा अनुसुची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।
- व्यवस्थापन समितीसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- व्यवस्थापन समितीसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाण पत्र प्रत्येक ५/५ वर्षमा नविकरण गराउनु पर्नेछ ।